



# नेपाल समाचारपत्र

नेपाली मनको नेपाली पत्रिका

NEPAL SAMACHARPATRA

मंगलबार, कात्तिक १४, २०७४ | Tuesday, October 31, 2017 | www.newsofnepal.com | नेसं ११३८ कछलाथ्व: ११ | वर्ष २३, अंक २८५ | पृष्ठ १२ | मूल्य रू. १०/–







विश्व सम्पदा सूचीमा रहेको भक्तपुर दरबार स्क्वायरमा ढुंगामा बुट्टा कुँद्दै गरेका एक वृद्ध । तस्वीर : किरण न्हिसुतु/भक्तपुर

### अझै रोकिएन दुर्घटना

# छुट्टाछुट्टै दुर्घटनामा २० को मृत्यु

अनिल खत्री, गुल्मी
कुशलबाबु बस्नेत, उदयपुर

बुटवलबाट गुल्मी जाँदै गरेको माइक्रो र उदयपुरबाट ओखलढुंगा जाँदै गरेको टाटा सुमो सोमबार दुर्घटना हुँदा २० जनाको मृत्यु भएको छ।

बुटवलबाट गुल्मीको सदरमुकाम तम्घास जाँदै गरेको माइक्रो गुल्मीको वीरवासमा दुर्घटना हुँदा ११ जनाको मृत्यु भएको छ भने उदयपुरको कटारीबाट ओखलढुंगातर्फ जाँदै गरेको टाटा सुमो कटारी नगरपालिका-११ ठाँटी पहिरोमा दुर्घटना हुँदा ९ जनाको मृत्यु भएको छ। यी दुवै दुर्घटनामा परी ८ जना घाइते भएका छन्।

सोमबार बिहान तम्घासका लागि छुटेको बा४ख ५५०१ नम्बरको माइक्रो गुल्मीको दरबार गाउँपालिका-४ मा दुर्घटनामा परेको थियो। दुर्घटनामा ११ जनाको मृत्यु भएको र ६ जना घाइते भएको जिल्ला प्रहरी कार्यालय गुल्मीका प्रहरी उपरीक्षक अनुरागकुमार द्विवदीले जानकारी दिनुभयो। बुटवलबाट १३ जना यात्रु लिएर तम्घास छुटे पनि बीच बाटोमा यात्रु थपेको प्रहरीले जनाएको छ। दुर्घटनामा परी ६ जनाको घटनास्थलमै र ३ जनाको उपचारका क्रममा तथा २ जनाको पाल्पा लैजाने क्रममा मृत्यु भएको प्रहरीले जनाएको छ।

मृत्यु भएका सबैको सनाखत भएको छ। दुर्घटनामा परी मारिनेहरूमा गुल्मी रेसुङ्गा नगरपालिका-१० सिमीचौरका चालक भीमबहादुर घर्ती मगर, मालिका गाउँपालिका-६ का लालबहादुर मुखिया, इस्मा गाउँपालिका-१ हस्तीचौरकी यमुना पन्थी मरासिनी रहेका छन्।

त्यस्तै मुसिकोट नगरपालिका-३ बडागाउँकी मानकुमारी थापा, इस्मा गाउँपालिका-६ का दिलबहादुर कुमाल, इस्मा गाउँपालिका-२ पालुकाकी रुवि नेपाली, गुल्मी रिमुवाकी सुमित्रा दर्लामी, अर्घाखाँची छत्रदेव गाउँपालिका-७ का रामप्रसाद पाण्डे, बुटवलका केशबहादुर गुरुङ, सुमन कार्की, वीरबहादुर मुखिया रहेको प्रहरीले जनाएको छ।

(क्रमशः पृष्ठ ९ मा)



तस्वीर : अनिल खत्री/गुल्मी

# कांग्रेस–राप्रपा सम्बन्ध चिसियो

रामकृष्ण चापागाईं, काठमाडौं

कांग्रेसका प्रभावशाली नेता कृष्णप्रसाद सिटौलाले प्रत्यक्षतर्फ झापा क्षेत्र नम्बर ३ नछोड्ने भएपछि राष्ट्रिय प्रजातन्त्र पार्टीसँगको सम्बन्ध चिसिँदै गएको छ। मंसिर १० र २१ गते हुने प्रतिनिधिसभा र प्रदेशसभा निर्वाचनमा दुई पार्टीबीच चुनावी सहकार्य गर्ने रणनीति तय भएको थियो। चुनावी सहकार्यअन्तर्गत प्रतिनिधिसभातर्फ मकवानपुर-१ मा राप्रपा अध्यक्ष कमल थापा र झापा-३ मा राप्रपा महामन्त्री राजेन्द्र लिङदेनलाई छोड्ने भनिएको थियो।

दोस्रो चरणअन्तर्गत २१ गते हुने निर्वाचनमा उम्मेदवारको मनोनयन गर्न दुई दिन मात्र बाँकी हुँदा कांग्रेसले समानुपातिक सूचीमा रहेको सिटौलाको नाम अघिल्लो दिन फिर्ता गरी सोमबार झापा-३ बाट प्रत्यक्षतर्फ उठाउने बताएपछि राप्रपा झस्किएको छ।

कांग्रेसको यो कार्यलाई राप्रपा नेता लिङदेनले देशभरि नै कांग्रेससँगको चुनावी सहकार्य भाँडिने संकेत गर्नुभएको छ। उहाँले सामाजिक सञ्जाल फेसबुकमा लेख्नुभएको छ- 'भ्रममा नपरौं झापा क्षेत्र नम्बर ३ बाट मेरो उम्मेदवारी कायम रहन्छ, कुरा यत्ति हो एउटै गठबन्धनको २ उम्मेदवार भएपछि कांग्रेससँगको गठबन्धन टुट्यो।'

कांग्रेसले झापा-३ मा सिटौलाका साथै कैलाली क्षेत्र नम्बर ५ मा प्रधानमन्त्री पत्नी आरजु राणा, मकवानपुर-२ मा महालक्ष्मी उपाध्याय 'डिना', काठमाडौं ३ मा अम्बिका बस्नेत, तेह्रथुममा सीता गुरुङ, अर्घाखाँचीमा डा. रामबहादुर बिसी र गुल्मी-१ मा चन्द्र भण्डारीलाई उठाउने तयारी गरेको छ।

दोस्रो चरणअन्तर्गत पर्सि बिहीबार उम्मेदवार दर्ता गर्ने कार्यसूची भए पनि कांग्रेसले अधिकांश क्षेत्रको उम्मेदवार टुंगो लगाउन बाँकी छ। यसअघि दोस्रो चरणको निर्वाचनअन्तर्गत प्रतिनिधिसभातर्फ २२ जना नेताहरूको क्षेत्र टुंग्याएको थियो।

कांग्रेसले तराईका प्रमुख दल संघीय समाजवादी फोरम र राष्ट्रिय जनता पार्टीसँग चुनावी तालमेल गर्ने विषयलाई पनि निष्कर्षमा पुऱ्याउन सकेको छैन। उम्मेदवार छनोट गरिसक्नुपर्ने अन्तिम समय आइसक्दा पनि कांग्रेस अझै ती दलसँग छलफलमै रहेको जनाएको छ।

कांग्रेसभित्र उम्मेदवार छनोटमा पक्षपात भएको असन्तुष्टि जनाउँदै कांग्रेस नेताहरू गोविन्दराज जोशी, हरिबोल भट्टराई, दीनबन्धु अर्याललगायतका नेताहरू नेपाली कांग्रेस (बीपी) पार्टी खोलेर छुट्टै चुनाव चिह्न लिएर चुनावी मैदानमा सहभागी हुने बताइरहेका छन्।

दोस्रो चरणअन्तर्गत मंसिर २१ गते हुने निर्वाचनका लागि कात्तिक १६ गते मनोनयन दर्ताका लागि प्रतिनिधिसभा र प्रदेशसभाको अधिकांश क्षेत्रमा सोमबार अबेरसम्म उम्मेदवार टुंग्याउन नसकेको कांग्रेसले चुनावी घोषणा-पत्र भने तयार पारेको छ।

कांग्रेस केन्द्रीय कार्यालयका मुख्य सचिव कृष्णप्रसाद पौडेलले *नेपाल समाचारपत्र*लाई जानकारी दिएअनुसार आगामी निर्वाचनका लागि कांग्रेसले तयार पारेको घोषणा-पत्र आज मंगलबार दिउँसो पार्टी केन्द्रीय कार्यालय, सानेपामा सार्वजनिक गर्दै छ।

## राप्रपाले ५ नेताको क्षेत्र तोक्यो

काठमाडौं, (नेस)

कांग्रेससँगको चुनावी तालमेलमा किचलो बढेसँगै सोमबार बसेको राष्ट्रिय प्रजातन्त्र पार्टीको केन्द्रीय कार्य सम्पादन समितिको बैठकले आगामी मंसिर २१ गते हुने प्रतिनिधिसभा सदस्य निर्वाचनमा अध्यक्ष कमल थापासहित ५ जना नेताको क्षेत्र निर्धारण गरेको छ।

बैठकले मकवानपुर-१ मा अध्यक्ष थापा, झापा-३ मा राजेन्द्रप्रसाद लिङ्देन, काठमाडौं-७ मा विक्रमबहादुर थापा, बाँके-२ मा ओमप्रकाश आजाद र दैलेख-१ मा दीपककुमार शाहीको उम्मेदवारी टुंगो लगाएको हो। पर्सि १६ गते नै मनोनयन गर्नुपर्ने भएकाले अन्य जिल्लाका उम्मेदवारहरू छिटोभन्दा छिटो टुंगो लगाइने प्रवक्ता सुशीलकुमार श्रेष्ठले बताउनुभएको छ।

(क्रमशः पृष्ठ ९ मा)

# परीक्षा बोर्डको कार्यालय सातै प्रदेशमा

ईश्वरराज ढकाल, काठमाडौं

राष्ट्रिय परीक्षा बोर्डले सातवटै प्रदेशमा प्रदेशिक कार्यालय खोल्ने भएको छ। कक्षा १२ को अन्तिम परीक्षा र कक्षा १० को प्रादेशिक परीक्षा सञ्चालन गर्ने तयारी गरेको बोर्डले प्रदेशसभाको निर्वाचनलगत्तै सबै प्रदेशमा कार्यालय खोल्ने भएको छ।

बोर्डका अध्यक्ष प्राडा चन्द्रमणि पौडेलले हाल सञ्चालनमा रहेका ११ वटा शाखा कार्यालयमध्ये केहीलाई प्रादेशिक बनाउने र प्रदेश नम्बर ६ मा नयाँ प्रादेशिक कार्यालय खोल्ने भएको छ।

हाल विराटनगर, पोखरा, जनकपुर, हेटौंडा, चितवन, लाहान, धनगढी, बुटवल, नेपालगन्ज, दाङ र डडेलधुरामा शाखा कार्यालय सञ्चालित छन्। तीमध्ये हाल ६ नम्बर प्रदेशमा एउटा पनि कार्यालय छैन। 'सुर्खेतमा नयाँ कार्यालय खोल्ने तयारी गरेका छौं।' -अध्यक्ष प्राडा पौडेलले भन्नुभयो।

बोर्डले प्रदेश सरकार गठन भएपछि सोअन्तर्गत बनेका शिक्षा मन्त्रालयसँग समन्वय गरी प्रादेशिक कार्यालयले खोल्ने भएको छ। बोर्डले तत्कालका लागि प्रदेश नम्बर १ को विराटनगर, २ को जनकपुर, ३ को काठमाडौं, ४ को पोखरा, ५ को सुर्खेत र ७ को धनगढीमा प्रादेशिक कार्यालय खोल्ने तयारी गरेको छ। अहिले दुईवटा कार्यालय भएको प्रदेशका कार्यालय समायोजन गरेर एउटालाई मात्रै प्रदेशिक कार्यालय बनाउने योजना रहेको जानकारी गराउँदै अध्यक्ष प्राडा पौडेलले भन्नुभयो- 'अब प्रदेश सरकार बन्नासाथ सबै क्षेत्रमा प्रादेशिक कार्यालय सञ्चालन हुनेछन्।'

(क्रमशः पृष्ठ ९ मा)


हामी नेपालहरुमा जुनसुकै क्षेत्रमा पनि काम गरेर देखाउन सक्ने अवस्था छ र सफल पनि हुन सकिन्छ।
नयाँ प्रविधि र नयाँ क्षेत्रहरुमा हामी जानैपर्छ।
मुख्यतः हामीमा प्रतिबद्धता, लगनशीलता, आँट र साहस् चाहिन्छ।

नेपाल सरकार
सूचना तथा सञ्चार मन्त्रालय
सूचना विभाग


# सर्वोच्चलाई आयोगको लिखित जवाफ

सुनील महर्जन, काठमाडौं

निर्वाचन आयोगले प्रदेशसभा र प्रतिनिधिसभा निर्वाचनका लागि अलग-अलग मतपत्र छपाइ शुरू गरिसकेको लिखित जवाफ सर्वोच्च अदालतमा सोमबार पेस गरेको छ।

प्रमुख निर्वाचन आयुक्त डा. अयोधिप्रसाद यादव स्वयं सर्वोच्चमा पुगेर अदालतको आदेशअनुसार मतपत्र छपाइ शुरु भइसकेको लिखित जवाफ पेस गर्नुभएको हो।

यादवले अदालतको आदेशअनुसार आयोगले कार्य अघि बढाएकाले अदालतको अवहेलनामा कारबाही हुनु नपर्ने जिकिर गर्नुभएको भयो। लिखित जवाफमा प्रतिनिधिसभा र प्रदेशसभाको निर्वाचन एकैपटक एउटै मतपत्रमा गर्ने गरी आयोगले गत भदौ ५ गते स्वीकृत गरी भदौ २८ गते संशोधित निर्णय अदालतको आदेशबमोजिम रद्द गरिसकेको पनि जवाफमा भनिएको छ। 'अदातलको आदेश र भावनाअनुसार निर्वाचन आयोगबाट काम भएको हुँदा अवहेलना मुद्दा खारेज गर्न निवेदन दिएको छु।' -डा. यादवले दिएको लिखित जवाफमा भन्नुभएको छ।

मतपत्र अलग-अलग छाप्नका लागि यसअघि तय भएको तयारी प्रक्रिया पनि संशोधन गर्ने निर्णय गरिसकेको जनाएको छ। मतपत्र अलग छपाइका लागि मतदाता शिक्षा सामग्री, उम्मेदवारी दर्ता तथा तयारीसम्बन्धी सफ्टवेयर, विभिन्न तहको तालिम सामग्रीसमेतमा परिमार्जन गर्नुपर्ने, मतपत्र छपाइ योजनामा संशोधन गर्नुपर्ने, मतपत्र छपाइ कागज, मतपत्रको लागत, सामग्री व्यवस्थापन र ढुवानी एवं निर्वाचनको समग्र बजेट तथा कार्यक्रममा पुनरावलोकन गर्नुपर्ने आयोगमा जवाफमा रहेको छ।

प्रमुख निर्वाचन आयुक्त डा. यादवले अदालतको आदेशलाई उच्च सम्मान र सकारात्मक रूपमा लिँदै जवाफ दिएको बताउनुभयो। उहाँले आयोग आफ्नो कार्यतालिकाअनुसार अघि बढिरहेको उल्लेख गर्दै अदालतबाट मतपत्रका सन्दर्भमा भएको आदेशलाई सम्मान गर्दै जवाफ दिएको पनि बताउनुभयो।

यसअघि राष्ट्रिय जनता पार्टीका सह-महामन्त्री सर्वेन्द्रनाथ शुक्लाले छुट्टाछुट्टै मतपत्र हुनुपर्ने भनी हालेको रिटमा अन्तरिम आदेश दिनुनपर्ने भन्दै कात्तिक १ गते सर्वोच्चले प्रत्यक्षतर्फ भने दुईवटा मतपत्र बनाउने कानुनी व्यवस्थाप्रति आयोगलाई ध्यानाकर्षण गराएको थियो।

अदालतले पहिलो हुने निर्वाचित हुने निर्वाचन प्रणालीतर्फको मतपत्र छपाइ कार्य कात्तिक १० गते प्रारम्भ गर्ने भन्ने आयोगको कार्यतालिकाबाट देखिन आई छपाइ कार्य बाँकी नै देखिँदा प्रतिनिधिसभा र प्रदेशसभाको अलग-अलग ऐन रहेको अवस्थामा दुवै सभाको सदस्यको निर्वाचन एउटै मतपत्रमा गर्ने निर्णय भएकामा प्रतिनिधिसभा र प्रदेशसभाको मतपत्र अलग-अलग छाप्ने सम्बन्धमा निर्वाचन आयोगले गम्भीरतापूर्वक लिई विचार गर्ने भनेको थियो।

सो आदेश पालना नगरी निर्वाचन आयोगले प्रतिनिधिसभा र प्रदेशसभामा एउटै मतपत्र बनाउन लागेको भन्दै नेता शुक्ला पुनः अवहेलना निवेदन लिएर सर्वोच्च पुग्नुभएको थियो। त्यसपछि अदालतले अलग मतपत्र छाप्ने कार्य बाध्यकारी भएको भन्दै प्रगतिको लिखित जवाफ तीन दिनभित्र अदालतमा पठाउन आयोगलाई आदेश दिएको थियो।


गाउँ पस्दै उम्मेदवार पृष्ठ २

प्रदेश नम्बर २ मा वाम गठबन्धनबीच बाँडफाँड मिल्यो पृष्ठ ९

वैदेशिक रोजगार ऐन तत्काल संशोधन नहुने पृष्ठ १०



प्रतिनिधिसभा-प्रदेशसभा

# निर्वाचन विशेष




# गाउँ पस्दै उम्मेदवार




**नानीराम नेपाल**, सिन्धुपाल्चोक

एक-अर्काबीच 'पानी बाराबार' झैं को अवस्थामा पुगेका दलहरूले आगामी मंसिर १० गते हुने प्रतिनिधिसभा र प्रदेशसभा निर्वाचनमा गठबन्धन गरी उम्मेदवारी दिए। प्रमुख दुई वाम शक्ति नेकपा एमाले र माओवादी केन्द्रले तालमेलअनुसार नै सिन्धुपाल्चोकमा उम्मेदवारी दर्ता गरेका हुन्। त्यस्तै नेपाली कांग्रेस र राप्रपा प्रजातन्त्रिकले पनि संयुक्तरूपमा उम्मेदवारी दर्ता गरेका छन्।

उत्साहपूर्ण उमेदवारी दर्ता गरेसँगै दलका उमेदवारहरू गाउँ-गाउँमा पस्न थालेका छन्। गठबन्धनका उमेदवारहरू सँगसँगै चुनावी कार्यक्रम लिएर मतदाता भेटघाटमा व्यस्त हुन थालेका छन्। वाम गठबन्धनले जिल्लाका दुवै प्रतिनिधिसभा क्षेत्रमा संयुक्त भेला तथा प्रशिक्षणका कार्यक्रम गरिरहेको छ भने प्रजातान्त्रिक गठबन्धनले पनि संयुक्त भेला गरिरहेको छ। 'गठबन्धनको सन्देश तल्लो तहसम्म पुर्‍याउन संयुक्त कार्यकर्ता भेला गरिरहेका छौं', माओवादी केन्द्रका जिल्ला नेता माधव सापकोटा (सुबोध) ले भने- 'हामी गठबन्धनबिरुद्धका भ्रम चिर्न गाउँ-गाउँमा जाँदै छौं।'

वर्तमान सञ्चारमन्त्री एवं कांग्रेस केन्द्रीय सदस्य मोहनबहादुर बस्नेत र पूर्वसञ्चारमन्त्री एवं माओवादी केन्द्रका प्रभावशाली नेता अग्निप्रसाद सापकोटा आमने-सामने छन्। प्रतिनिधिसभा क्षेत्र नम्बर १ मा सापकोटा र बस्नेत चुनावी भिडन्तमा छन्। बस्नेतले राप्रपा प्रजातन्त्रिकसँगको समर्थनमा उम्मेदवारी दर्ता गराएका हुन् भने सापकोटाले वामपन्थी गठबन्धनको तर्फबाट उम्मेदवारी दर्ता गराएका हुन्। पूर्वसञ्चारमन्त्री सापकोटा र बस्नेत राजनीतिक जीवनमा पहिलोपटक आमने-सामने भएका हुन्। संविधानसभाको पछिल्लो निर्वाचनमा जिल्लाको क्षेत्र नम्बर १ बाट बस्नेत विजयी भएका थिए भने सापकोटा २ नम्बर क्षेत्रबाट विजयी भएका थिए। दुई संविधानसभा निर्वाचनमा पराजित भएका एमाले नेता अरुण नेपाल यसपटक प्रदेशसभाका लागि चुनावी मैदानमा छन्। एमाले पोलिटब्युरो सदस्य अरुण नेपाल योपटक प्रतिनिधिसभा निर्वाचन क्षेत्र नम्बर १ अन्तर्गत प्रदेशसभा १ मा उमेदवारी दिएका उनलाई टक्कर दिनका लागि उद्योग वाणिज्य संघका पूर्वकेन्द्रीय सदस्य तातोपानी नाकाका व्यापारी विष्णु खत्री चुनावी मैदानमा छन्। त्यस्तै प्रतिनिधिसभा १ नम्बर क्षेत्रको २ नम्बर प्रदेशमा वाम गठबन्धनबाट एमालेका नेता सुरेश नेपाल चुनावी मैदानमा छन्। उनीसँग उद्योग वाणिज्य संघका केन्द्रीय सदस्य राजेन्द्रकुमार श्रेष्ठ कांग्रेसबाट चुनावी मैदानमा छन्।

प्रतिनिधिसभा क्षेत्र नम्बर २ मा राप्रपा प्रजातान्त्रिकका अध्यक्ष पशुपति शमशेर जबराले कांग्रेससँगको गठबन्धनमा उम्मेदवारी दर्ता गराए। वामपन्थी गठबन्धनबाट एमाले केन्द्रीय सदस्य शेरबहादुर तामाङ राणासँग चुनावी मैदानमा छन्। तामाङ र राणा चौथोपटक चुनावी प्रतिस्पर्धामा छन्। तत्कालीन एमाले विभाजन हुँदा मालेबाट उम्मेदवार भएका तामाङ पहिलो र दोस्रो संविधानसभामा लगातार क्षेत्र नम्बर ३ बाट उम्मेदवार भएका थिए। २०७० को संविधानसभा निर्वाचनमा तामाङले राणालाई पराजित गरेका थिए। उनै तामाङसँग योपटक राणाको भिडन्त हुँदै छ। क्षेत्र नम्बर २ को प्रदेश नम्बर १ मा वाम गठबन्धनबाट माओवादीका युवा नेता युवराज दुलाल मैदानमा छन्। उनीसँग प्रजातान्त्रिक गठबन्धनबाट कांग्रेसका विकास तामाङ प्रतिस्पर्धामा छन्। प्रदेश नम्बर २ मा वाम गठवन्धनबाट माओवादी नेता एवं पूर्वसभासद् दावा तामाङ चुनावी मैदानमा रहेका छन् भने प्रजातान्त्रिकबाट कांग्रेसका निमा तामाङ उनीसँग चुनावी प्रतिस्पर्धामा छन्।

### जो चर्चामै सीमित रहे

प्रतिनिधिसभा तथा प्रदेशसभा निर्वाचनमा उम्मेदवारको चर्चामा रहेका प्रभावशाली नेताहरू अन्ततः ब्याक भएका छन्। चुनावी तालमेलले मुख्य गरी एमाले र माओवादीका केही प्रभावशाली नेताको उम्मेदवारीको रहर केवल रहरमै सीमित भएको छ।

नेकपा एमालेका पोलिट ब्युरो सदस्य एवं संविधानसभा निर्वाचनमा दुई पटक नै १ नम्बर क्षेत्रमा झिनो मतले हार व्यहोरेका अरुण नेपाल अन्ततः प्रतिनिधिसभाको उम्मेदवार बन्न पाएनन्। तालमेलका कारण १ नम्बर क्षेत्रमा माओवादी केन्द्रलाई छाड्नुपर्ने अवस्था सिर्जना भएपछि उनलाई ब्याक गराएर प्रतिनिधिसभा १ नम्बर क्षेत्रको प्रदेश (क) को उमेदवार बनाइएको छ। ०६४ को संविधानसभा निर्वाचनमा माओवादीका राजकुमार श्रेष्ठसँग पराजित भएका उनी पछिल्लो संविधानसभा निर्वाचनमा कांग्रेस नेता मोहनबहादुर बस्नेतसँग झिनो मतले पराजित भए। र, अहिले प्रदेशसभाको चुनावी मैदानमा उत्रिएका छन्। प्रतिनिधिसभा उम्मेदवारको चर्चामा रहेका उनी प्रदेशसभाको उम्मेदवार बनेका हुन्।

माओवादी केन्द्रका युवा नेताद्वय माधव सापकोटा र सरल सहयात्री पौडेल पनि यसपटकको चुनावमा उम्मेदवारको चर्चामै सीमित रहे। प्रतिनीधिसभा क्षेत्र नम्बर १ का दुई प्रदेशसभाको उम्मेदवारको चर्चामा रहेका उनीहरूलाई अन्ततः तालमेलले ब्याक गरायो। गठबन्धनमा १ नम्बर क्षेत्रका दुवै प्रदेश एमालेलाई छाड्नुपर्ने अवस्था आएपछि उम्मेदवारको चर्चामा रहेका उनीहरू व्यवहारतः उम्मेदवार बनेनन्। नेकपा एमालेका प्रभावशाली नेता बालकृष्ण देउजा यसपटक पनि उम्मेदवारी पाउनबाट वञ्चित बनें। यसअघि स्थानीय तह निर्वाचनमा मेलम्ची नगरपालिकामा मेयरको उम्मेदवारबाट अन्तिम समयमा ब्याक भएका उनी यसपटक पनि वाम तालमेलका कारण ब्याक हुन पुगे। २ नम्बर क्षेत्रको प्रदेशसभा सदस्यको उम्मेदवारका चर्चामा आएका उनी अन्ततः उम्मेदवार भएनन्। गठबन्धन मिलाउने क्रममा प्रतिनिधिसभा २ नम्बर क्षेत्रको प्रदेश (क) र (ख) नै माओवादीलाई दिनुपर्ने भएपछि देउजाको सम्भावना टरेको थियो।

गठबन्धनका कारण जिल्लामा प्रभावशाली मानिएका कांग्रेस नेताहरूले पनि मैदान खाली गर्नुपरेको छ। राप्रपासँगको गठबन्धनमा प्रतिनिधिसभा क्षेत्र नम्बर २ पशुपतिशमशेर राणालाई अघि सारिएपछि कांग्रेस जिल्ला सभापति विकास लामा अन्ततः ब्याक भए।

### स्थानीय तहमा "हेभिवेट" व्यवस्थापनले एमालेलाई सहज

जिल्लामा प्रभाव जमाएका र पार्टीको उपल्लो कमिटीमा रहेका नेताहरूको स्थानीय तह निर्वाचनमा नै व्यवस्थापन हुँदा एमालेलाई उम्मेदवार छनोटमा सहज देखियो। स्थानीय तह निर्वाचनमा एमालेले हेभिवेट नेताहरूलाई उम्मेदवार बनाई चुनावमा गएपछि एमालेलाई अहिले उम्मेदवार छनोटमा सजिलो भएको एक नेताले बताए। स्थानीय तहमा हेभिवेट नेताको व्यवस्थापन नगरेको भए गठबन्धनमा उम्मेदवार छनोटको किचलो यतिमात्र हुने थिएन। प्रदेशसभामा लड्ने हैसियत बनाएका धेरै नेताहरू स्थानीय तहमै व्यवस्थापन भइसकेका छन्। 'जित्नेहरू स्थानीय तहको नेतृत्वमा हुनुहुन्छ, हार्नेहरूले आकांक्षा राख्नुभएन', एमालेका एक नेता भन्छन्- 'यस कारण पनि गठबन्धन मिलाउन र नेता व्यवस्थापनमा सहजता भयो।'

# 'चुनाव जितेर सबैको प्रिय बनेर काम गर्छु'



**विनोद केसी**
प्रदेशसभा सदस्य उम्मेदवार
म्याग्दी क्षेत्र नं. १ 'क'

प्रदेश र प्रतिनिधिसभा निर्वाचन नजिकिँदै जाँदा म्याग्दीको प्रदेशसभा क्षेत्र नम्बर १ (क) मा भने अर्कै चुनावी रौनक छ। त्यस क्षेत्रमा वाम गठबन्धनको तर्फबाट माओवादी केन्द्रका युवा नेता विनोद केसी विशेष चर्चामा रहेका छन्। किनकि केसी प्रजातान्त्रिक गठबन्धनका राप्रपाका केन्द्रीय सदस्य भीमप्रसाद गौचनलाई हराएर आफ्नो क्षेत्रको विकासमा लाग्ने प्रतिबद्धताका साथ चुनावी मैदानमा उत्रिएका हुन्। केसी ३३ वर्षीय युवा नेता हुन् भने ७६ वर्षीय गौचन पूर्वराज्यमन्त्री भइसकेका छन् ।

विपक्षी सहज नभए पनि चुनावमा सजिलै हराउने हेतुका साथ केसी चुनावमा उत्रिएका हुन्। प्रस्तुत छ, वाम गठबन्धनतर्फको उम्मेदवार केसीसँग नेपाल समाचारपत्रका लागि रोविन पौडेलले गरेको कुराकानी :

**३३ वर्षकै उमेरमा प्रदेशसभाको चुनावी मैदानमा किन उत्रिनुभयो ?**

सर्वप्रथम त म युवाहरूको प्रतिनिधि हुँ। म्याग्दीमा राम्रा र इमान्दार व्यक्तिको खाँचो छ। वर्तमान परिप्रेक्षमा जनताको नजर हरेक दलका सक्षम युवा नेतृत्वमा छ। त्यसैले युवा पिँढीले अब साहस गर्नुपर्छ भन्ने लागेर म अगाडि आएको हुँ। मेरो उम्मेदवारी वाम गठबन्धनको विश्वासबिना सम्भव थिएन।

**युवा नेतृत्वमा नआएरै म्याग्दी पछाडि परेको हो त ?**

म्याग्दी जिल्ला देशकै सुन्दर र प्राकृतिक स्रोत साधानको प्रचुरताले म्याग्दीलाई सुसज्जित बनाए पनि यहाँको स्रोत साधन उपभोग गर्न नसक्दा हामी धेरै पछाडि परेका छौं। परिवर्तनका नामका यहाँ कयौं वाचा गरिए पनि आर्थिक समृद्धिका लागि कदम चाल्न नसक्दा हामी जहाँको त्यही रह्यौं। यहाँको उर्वर भूमिमा मानो रोपेर मन उब्जाउन सकेनौं, हजारौं मेगावाट विद्युत् क्षमता हुँदा पनि त्यसको १ प्रतिशत पनि उत्पादन गर्न सकेनौं। पर्यटन र कृषि क्षेत्र उत्थान गर्न सकेनौं। हो विगतमा हामीले नेतृत्व चुन्यौं, तर परिवर्तनको सम्वाहक चुनेनौं। तसर्थ विकासका नारा नारामै सीमित रहे।

म्याग्दी पछाडि पर्नुमा स्थानीय विकासमा युवा परिचालन गर्न नसकिनु प्रमुख कारण हो। सधैं एउटै मुहार नेतृत्वमा आउँदा म्याग्दीबासीले परिवर्तनको अपेक्षा गर्न छाडिसके। मुलुकमै व्यवस्था परिर्वतन हुनु सँगसँगै म्याग्दीको आर्थिक तथा सामाजिक रूपान्तरण सम्भव बनाउन युवाले ठूलो भूमिका खेल्न सक्छन् भन्ने मेरो बुझाइ छ।

**तपाईंले चुनाव जिते म्याग्दीबासीले के अपेक्षा गर्ने त ?**

म्याग्दीबाट बर्सेनि विदेशिने युवाको संख्या हजारौं छ। यो हरदमका लागि रोक्नुपर्ने मेरो सबैभन्दा महत्त्वपूर्ण प्रतिबद्धता छ। युवाहरूलाई स्थानीय स्रोत साधनको परिचालनमा स्थानीय युवाको सहभागिताका साथ यहाँको आर्थिक, सांस्कृतिक तथा राजनीतिक अवस्था उकास्नेछु।

यदि म प्रदेशसभा सदस्यको रूपमा निर्वाचित भए म्याग्दीलाई पर्यटकीय गन्तव्य बनाउन म लागिपर्नेछु। यसबाट जिल्लामै स्वरोजगारीको अवसर जुटाइने मात्रै नभएर हजारौं म्याग्दीबासीले प्रत्यक्षरूपमा रोजगारी पाउनेछन्। त्यस्तै म्याग्दीबासीलाई आएर कृषि तथा जडीबुटी उत्पादनमा पनि लगानी गर्ने वातावरण बनाउँछु। ती क्षेत्रबाट आम्दानीको पहिचान गरेर म्याग्दीबासीको जनताको जीवनस्तर उकासिने वातावरण सिर्जना गर्ने प्रयास गर्नेछु।

यहाँको अर्को समस्या भने यहाँ विगतका केही ठूला आयोजनाले निरन्तरता पाउन सकेका छैनन्। ती आयोजना समयमै सम्पन्न गराउन राजनीतिक सुदृढताका लागि पहल गर्नेछु। युवाहरूलाई दक्षताअनुसार सीपमूलक तालिम व्यवस्था गर्नेछु, विदेश जानेलाई सीप तथा दक्षता लिएर पठाउने वातवरण बनाउनेछु।

**तपाईंका चुनावी भाषण बोलिमै सीमित हुने त होइनन् ?**

त्यस्तो हुँदैन। चुनाव जितिसकेपछि हाम्रो क्षेत्रमा सञ्चालन हुन नसकेका आयोजना निरन्तरता दिनेछु। त्यसका लागि म्याग्दी आवश्यक राजनीतिक स्थिरता, सुरक्षा, सरकारी निकायको चुस्त समन्वय तथा प्रभावकारी कार्यकुशलताको ढोका खोल्नेछु। त्यस्तै व्यवस्थापन तथा प्रवर्द्धनमा कमजारी न्यूनीकरण गर्नेछु।

म धेरै प्रतिबद्धता गर्दिनँ। हामीसँग जे-जति छ, तिनैको प्रभावकारी उपयोग तथा परिचालनबाट म्यग्दीलाई सम्पन्न जिल्ला बनाउनेछु।

म्याग्दीको मायालाई भुलेर कुनै व्यक्तिगत स्वार्थमा लुकेर म आफ्नो क्षेत्रबासीविरुद्धमा काम गर्ने छैन।

**प्रदेशसभा सदस्य भएपछि तपाईंले के गर्ने भन्ने ठोस योजना छन् ?**

मेरा केही ठोस योजनाअनुसार ४ हजार मेगावाट विद्युत् क्षमता भएको म्याग्दीमा ५ वर्षभित्रै गलम्दी, कालीगण्डकी, रघुगंगाबाट कम्तीमा ५ सय मेगावाट जलविद्युत् उत्पादनको डीपीआर अगाडि बढाउन प्रदेश सरकारका माध्यमबाट केन्द्रीय सरकारमा पहल गर्नेछु।

यति भनिरहँदा जीवनस्तर उकास्न आवश्यकता आधारभूत पूर्वाधार जस्तै शिक्षा, स्वास्थ्य, बिजुली, खानेपानी पनि बिर्सनुभएन। मैले चुनाव जिते यी विषयमा जनताले कुनै सम्झौता गर्नुपर्ने छैन।

**युवाको कुरा गर्दा तपाईंका चुनावी नारामा अन्य समूहमा परेका देखिँदैनन्। के भन्नुहुन्छ ?**

त्यस्तै मैले युवाको कुरा गर्दा युवावर्ग उपेक्षित भएको देखिन्छ। तर, स्थानीयस्तरमा युवाको सक्रियता बढी हुँदा सबै उमेर समूह लाभान्वित हुनेछन्। किनकि स्रोत साधान परिचालनबाट सबै समूहले रोजगारी पाउनेछन्।

त्यस्तै वृद्ध तथा अशक्तलाई थप सामाजिक सुरक्षा भत्ताको व्यवस्था गर्दै उहाँहरूको वित्तीय सुरक्षा ग्यारेन्टी गर्नेछु।

**अन्त्यमा केही भन्न चाहनुहुन्छ ?**

चुनावको मुखमा हामफालेको छु। म एक वृद्ध तथा अनुभवी व्यक्तिसँग चुनावी प्रतिस्पर्धामा उत्रँदै छु। उहाँसँग अनुभव छ समय छैन, मसँग अनुभव छैन समय छ। म चुनाव जितेर नेताजस्तो हैन, सबैको प्रिय छोरो, भतिज, भाइ, दाइ बनेर आफ्नो क्षेत्र विकासका लागि काम गर्नेछु।

देशले कोल्टो फेरिसकेको छ। तसर्थ, देश ७ प्रदेशमा विभाजित भइसक्दा मेरो उम्मेदवारी प्रतिनिधिसभा सदस्य बन्न गर्ने राजनीतिक भाषणका लागि मात्र हैन, म्याग्दीबासीले जिल्लालाई समृद्ध तथा देशैकै नमुना जिल्लाको रूपमा हेर्न चाहेका छन्, त्यसैका लागि हो।

तपाईंहरूकै माया र सद्भावले आज म ३३ वर्षकै उमेरमा यस क्षेत्रको उम्मेदवार बनेको छु। मैले जिते जिल्ला तथा प्रदेशकै नीति निर्माणमा सक्रिय भएर भूमिका खेल्ने प्रण लिन्छु।



# कान्छीको सुटिङ पूरा माघमा रिलिज

नायिका तथा निर्मात्री श्वेता खड्काद्वारा निर्माणाधीन फिल्म *कान्छी*को सम्पूर्ण छायांकन कार्य पूरा भएको छ। राजधानीवरपरसहित मुस्ताङ, अप्पर मुस्ताङ र जोमसोममा ५० दिनमा फिल्मको छायांकन सकिएको फिल्मका निर्देशक आकाश अधिरकारीले जानकारी गराए।

फिल्ममा श्वेता खड्का र अभिनेता दयाहाङ राई मुख्य भूमिकामा छन् भने नायिका अनु शाह, कलाकार प्रज्ज्वल सुजल गिरी र तेस्रोलिङ्गी अभियन्ता भूमिका श्रेष्ठले पनि अभिनय गरेका छन्। 'दादाको सम्बोधनमार्फत आदर गर्ने मेरा स्वर्गीय पति श्रीकृष्ण श्रेष्ठज्यूप्रति हार्दिक श्रद्धाञ्जलीस्वरूप आगामी माघ २६ गते *कान्छी*लाई दर्शकसामु ल्याउँदै छु', नायिका तथा निर्मात्री खड्काले फेसबुकमार्फत जानकारी गराएकी छिन्- 'एउटा कलाकारको पत्नीका नाताले मैले उहाँलाई एउटा राम्रो फिल्म समर्पण गर्ने प्रयास गरेकी छु। मैले आफ्नो गक्ष र दक्षले भ्याएसम्मको मेहनत गरेकी छु। मेरो यो मेहनतमा मेरा सहकर्मी मित्रहरुलगायत *कान्छी* निर्माणका सम्पूर्ण युनिटको पसिना मिसिएको छ। मेरा त्रुटीहरुलाई औंल्याएर आगामी दिनमा झन् परिस्कृत हुने मौकाबाट मलाई वञ्चित नगराउनुहोला।'

शम्भुजित बास्कोटा, अर्जुन पोखरेल र राजनराज शिवाकोटीको संगीत रहेको फिल्ममा पुरुषोत्तम प्रधानको छायांकन रहेको छ। श्वेता *कोहिनुर*पछि कान्छीमार्फत फिल्म निर्माण तथा अभिनयमा फर्किएकी हुन्। फिल्मले ग्रामीण भेगकी कान्छी पात्रको कथा बोल्ने नायिका श्वेता खड्काले जानकारी गराइन्।

# बलिउड अभिनेता टमको निधन



बलिउड फिल्मका चर्चित अभिनेता तथा थिएटर कलाकार टम अल्टरको निधन भएको छ। टाइम्स अफ इन्डियामा छापिएको खबरअनुसार टम स्किन क्यान्सरबाट पीडित थिए। अभिनेता टमको परिवारले आधिकारिकरूपमा उनको मृत्यु भएको जानकारी दिएको हो।

स्क्वामस सेल कार्सिनोमा (एसएससी) रोगबाट थलिएका टमको उपचारको क्रममा मुम्बईस्थित सेफी अस्पतालमा गत शुक्रबार निधन भएको हो। भारतीय कला एवं फिल्मी क्षेत्रमा पुर्‍याएको योगदानका लागि सन् २००८ मा भारत सरकारको तर्फबाट अभिनेता तथा कलाकार टमलाई पद्मश्री पुरस्कारबाट सम्मान गरिएको थियो।

सन् १९७६ मा अर्का बलिउड अभिनेता धर्मेन्द्रको फिल्म *चरस*बाट बलिउडमा पाइला टेकेका टम अल्टरले यसअघि धेरै नाटकमा काम गरिसकेका थिए। उनले पुनेमा रहेको फिल्म एन्ड टेलिभिजन इन्स्टिच्युट अफ इन्डियाबाट डिप्लोमा गर्ने क्रममा सन् १९७४ मा गोल्ड मेडल पनि जितेका थिए। यसका साथै सन् १९८० देखि १९९० सम्म उनले खेलकुद पत्रकारका रूपमा पनि काम गरेका थिए।

# ठाडोभाकामा स्पर्धा

लमजुङ, (नेस)। लमजुङमा ठाडोभाका शिरोमणि दीर्घराज अधिकारी, भेडीखर्केको ४५औं पुण्यतिथि मनाइएको छ। त्यसै सन्दर्भमा आयोजना गरिएको ठाडोभाकाको खुला दोहोरी गीत र नृत्य प्रतियोगितामा २७ टिमले भाग लिएका थिए।

लोकगायक एवं सीबीआई बैंकका प्रमुख कार्यकारी अधिकृत (सीईओ) गोविन्द गुरुङद्वारा शुभारम्भ गरिएको प्रतियोगितामा मध्यनेपाल नपा १० नेटा निवासी यमबहादुर दुराको टोली प्रथम, राष्ट्रिय लोक तथा दोहोरी गीत प्रतिष्ठान तनहुँ द्वितीय र दोर्दी गाउँपालिका पाचोकका श्रीमान् तामाङको टोली तृतीय भए। यसै गरी, राष्ट्रिय लोक तथा दोहोरी गीत प्रतिष्ठान जिल्ला समिति गोरखा सान्त्वना भयो। विजेता टोलीलाई क्रमशः २०, १५, १०, ५ र ३ हजार नगदसहित प्रमाणपत्र तथा पुरस्कार प्रदान गरिएको थियो।



नेपाल पूर्वप्रहरी संगठनका जिल्ला अध्यक्ष कुलबहादुर गुरुङको अध्यक्षतामा भएको कार्यक्रममा समाजसेवी ध्रुवबहादुर कुँवरले स्वागत गरेका थिए। सो अवसरमा विभिन्न सहभागीले भेडीखर्केको योगदानको चर्चा गर्दै उनको भाका बचाउने जिम्मेवारी नयाँ पुस्ताको काँधमा आएको बताएका थिए।

# याङ्सु र विशेस्था उपाधि विजेता




रेडिएन्ट रिडर्स एकेडेमीकी ११ वर्षीया याङ्सु श्रेष्ठले *आठौं चाइल्ड आइकन* २०१७ को जुनियरतर्फको उपाधि जितेकी छिन्। उनले ३९ प्रतिस्पर्धीलाई पछि पार्दै *मिस ट्यालेन्ट* पनि भइन्।

मिडिया ल्यान्डले राजधानीको जमलस्थित राष्ट्रिय नाचघरमा आयोजना गरेको *आठौं चाइल्ड आइकन* २०१७ आकृति फुयाल फस्ट रनर्सअप र सृष्टि श्रेष्ठ *सेकेन्ड रनर्सअप* भए।

त्यसै गरी सिनियरतर्फ आफ्ना ५३ प्रतिस्पर्धीलाई पछि पार्दै जोन डेवे स्कुलकी विशेस्था बुढाथोकी सिनियरतर्फको उपाधि विजेता भइन्। त्यसै गरी विदुषी शर्मा *फस्ट* र सज्जन सिंह थापा *सेकेन्ड रनर्सअप* भए।

प्रतियोगिताको निर्णायकमा प्रहरी उपरीक्षक एवं गीतकार डा. राजुबाबु श्रेष्ठ, डा. वासुदेव शास्त्री, तेक्वान्दो खेलाडी दीपक विष्ट, पत्रकार एवं लेखक डब्बु क्षत्री, नृत्य निर्देशक स्वजन राघुबाशी, गायक सुरेश मानन्धर, गायिका बबिता मानन्धर, सामाजिक अभियान्ता मेनुका थापा, मोडल सागरिका श्रेष्ठ र रेडियोकर्मी निस्मा चौधरी थिए।




# विचार

सफल मान्छेहरू महान् काम गर्दैनन्, तर उनीहरू स-साना कामलाई महान् ढंगले गर्छन्।
- हेनरी

दीनहीन जीवन कायरले मात्र जिउने गर्छ, के तपाईं कायर हो ?
- माइकल फराडे

## सम्पादकीय

नेपाल समाचारपत्र

# सकारात्मक निर्णय

निर्वाचन आयोगले निर्वाचन क्षेत्र पूर्वाधार विकास कार्यक्रम र निर्वाचन क्षेत्र विकास कार्यक्रमका सम्पूर्ण कार्यक्रम रद्ध गर्न निर्देशन दिएको समाचार सार्वजनिक भएको छ। पूर्वसांसदहरूले निर्वाचनकै मुखमा आएर योजना धमाधम वितरण गरेर मतदातालाई आकर्षित गरेको भन्दै टिप्पणी हुन थालेपछि आयोगले ती सबै आयोजना रद्ध गर्न निर्देशन दिएको हो। आयोगले म्याद सकिएका सांसदहरूले संसद् विकास कोषका नाममा योजना वितरण गर्नु आचारसंहिता विपरित हुने भएकाले त्यस्ता योजना रोक्न ७७ जिल्लाका प्रमुख जिल्ला अधिकारीलाई निर्देशन दिएपछि राजनीतिक वृत्तमा अहिले हल्लीखल्ली मच्चिएको छ। सांसदहरूले जनमत आफ्नो पक्षमा पार्न उक्त रकमको दुरूपयोग गर्न सक्ने सम्भावना देखिएकाले पनि उक्त कार्यक्रम स्थगन गर्न निर्देशन दिएको आयोगले जनाएको छ।

सांदहरूले संसद् विकास कोषको नाममा निकासा भएको झन्डै १० अर्ब रुपियाँ विकासको नाममा खर्च गर्न थालेपछि आयोगले गम्भीर कदम चालेको हो। निर्वाचन आयोगले विभिन्न बहानामा रकम खर्च गर्नु पक्कै राम्रो उद्देश्य होइन यो केवल जनतामा आफ्नो प्रभुत्व जमाउने काम भएको भन्दै आयोगले गरेको निर्णयलाई सकारात्मक मान्न सकिन्छ। आयोगले गरेको निर्णयलाई राजनीतिक दलले अन्यथा लिए पनि यो निर्वाचनका बेला विभिन्न टिप्पणी गरे पनि यसले भोट खरिदबिक्रीलाई केही हदसम्म भए पनि नियन्त्रण गर्नेमा कुनै शंका छैन। आयोगले राज्यको तर्फबाट बेलाबेलामा भएका यस्ता आचारसंहिता उल्लंघनका घटनालाई रोक्न सक्नुपर्दछ। आयोगले सबै जिल्ला प्रशासन कार्यालयका प्रमुखलाई दिएको निर्देशन कार्यान्वयन भए नभएको बारेमा समेत आफ्ना जिल्लास्थित कार्यालयबाट अनुगमन गराउने निर्णय गर्नुलाई पनि सकारात्मक रूपमा लिनुपर्दछ। आयोगले शुरूमा आक्रमक रूपमा निर्देशन दिने अनि दलका नेताले एक दुई फोन गर्नेबित्तिकै त्यस्ता घटनाको अनुगमन नगर्ने जस्ता काम भयो भने पक्कै राम्रो मान्न सकिन्न। आयोग ध्यान त्यसतर्फ पनि जान जरुरी छ। मुलुकको दिगो विकासमा भिजनका साथ खटिनुपर्ने नेताहरू जनतालाई केही क्षणको भुलभुलैयामा पारेर निर्वाचन आफ्नो पक्षमा पार्न खोज्ने प्रवृत्ति नै गलत छ। राजनीतिक नेतृत्वले भिजनका साथ काम गरेर जनताको मन जित्नेतर्फ लाग्न सके आयोगले यस्ता प्रकारका निर्णय गर्नुपर्ने थिएन। यसतर्फ ध्यान जान जरुरी छ।

# सडक दुर्घटना र जिम्मेवार पक्षहरू



एच.के. श्रेष्ठ

नदी तर्दा बगाएर, भिरपखेरीमा घाँस काट्दा लडेर, घर तथा वरिपरि चिप्लिएर, साइकलबाट, हवाईजहाज वा यातायात दुर्घटना आदिका जेसुकै कारणले अत्यधिक संख्यामा दिनहुँ मृत्युका घटनाहरू अटुट छन्। विश्वका मृत्यु हुनेमध्ये लगभग ८० प्रतिशत मृत्यु दुर्घटनाबाट हुने गर्दछ। त्यसमा पनि अत्यधिक मात्रामा हुने मृत्यु सडक दुर्घटना नै हो। नेपालमा पनि पूर्व मेचिदेखि पश्चिम महाकाली, पहाडदेखि तराईसम्म प्रत्येकजसो दिनमा सानो-ठूलो सडक दुर्घटना नभएको पाइँदैन। साइकलदेखि १० चक्के लरीसम्मका दुर्घटनाका खबरहरू मुख्य समाचारमा पर्ने गर्दछन्। पछिल्लो तीन वर्षको तथ्यांकअनुसार दैनिक ४० सवारी दुर्घटना पर्ने र पाँच जनाको ज्यान जाने गरेको छ। २०७२ मा सांसद शिवजी यादवको संयोजकत्वमा गठित 'सडक दुर्घटना उपसमिति'को प्रतिवेदनले प्रत्येक वर्ष १८ सय जना सवारी दुर्घटनाबाट मृत्यु हुने बताएको छ। कहिले डढेलधुरा, कहिले जाजरकोट, कहिले सुर्खेत, कहिले धादिङ, कहिले काभ्रे, धनकुटा त कहिले चितवनका विभिन्न खडकखण्डहरूमा दुर्घटनाका बीभत्स घटना भएका हामीले सुनिरहेका छौं। मृत्युलाई दैवको खेलमात्रको रूपमा नलिईकन निम्न कारणहरू औंल्याउन सकिन्छ।

**भौगोलिक विसंगति, कमजोर सडक र भ्रष्टाचार :**

पहाडैपहाडले घेरिएका हुँदा उकालो, ओराले, घुम्ती, भीर, पखेरा, चुचुरा, भन्ज्याङजस्ता भौगोलिक विसंगतिले सवारीसाधनलाई निकै अप्ठ्यारो र जोखिमका साथ हाँक्नुपरेको हुन्छ। थोरै यताउता पर्नासाथ दुर्घटना हुने भइराखेको छ। अर्कोतर्फ सडकहरू विकसित मुलुकहरूमा जस्तो सम्पूर्ण आवश्यक ट्राफिक सर्तसहितको सहज खालका छैनन्। सडकका अवस्था हेर्ने हो भने खल्टाखुल्टी, कालोपत्र उप्किएको, भास्सिएको, जीर्ण अवस्थाको आदि नाजुक अवस्थाको पराकाष्ठामा पुगेको देखिन्छ। त्यस्तो हुँदा पनि मर्मत-सम्भार समयमै भएको हुँदैन। अवस्था त्यसो हुनुमा सडक भ्रष्टाचार उत्तिकै जिम्मेवार छ। घूस, कमिसनखोर र भ्रष्टाचारका कारण टेन्डर प्रक्रियादेखि निर्माण प्रक्रियासम्म प्रभाव परेको हुन्छ। जसका फलस्वरूप सडक निर्माण डुब्लिकेट तथा झाराटारुवा ढंगले हुने गर्दछ। कलबोर्टहरू बनाएर नसकिँदै भत्कन थाल्छ। कामदारदेखि ठेकेदारसम्मले नाफा खाने हुनाले आवश्यक सामान, मसला, समय आदि पूरा गरेको हुँदैन।

**चालक र चेतनाको प्रवाह :**

सडकको सवारीचालक त्यसमा पनि अत्यन्त जटिल भौगोलिक स्वरूप भएको नेपालजस्तो मुलुकमा सवारी चलाउने काम निकै जोखिमसँग संवेदनशील कार्य हो। सेकेन्डको तजबिजमा मान्छेको ज्यान नै जान सक्ने यस्तो पेसामा अत्यन्त होसियार, इमानदार, सहनशील, नैतिकवान् र इन्टेलिजेन्ट तथा परिपक्व मान्छे ड्राइभर हुनुपर्ने जरुरी छ। तर यो देशमा त्यसो होइन, ठीक विपरीत अवस्था छ। समाजमा प्रायः मानसिकता पढ्न धेरै नसकेका केटाहरूको गतिलो पेसा ड्राइभर नै हो भन्ने छ। त्यसमा पनि उमेर, अनुभव र व्यवहारले अपरिपक्व युवाहरू ड्राइभर पेसामा देखिन्छन्। कोही त आक्रोशित स्वभाव र जिद्दी बानीका व्यक्तिहरू ड्राइभर पेसामा छन्, जसका कारण सवारी लाइनमा अरु गाडीहरूले हलका यताउता गर्दा त्यसलाई पेल्न खोजेको हुन्छ। परिणामतः दुर्घटना निम्तिन्छ। उसले नतिजा, प्रभाव या असरको गम्भीर ढंगले लेखाजोखा गर्ने मतलव राख्दैन र त्यसो हुन जान्छ। उमेरले कच्चा हुँदा ट्राफिक दायरा बुझ्न पनि सक्दैन, न त गाडी थाम्न नै।

त्यसो त आधुनिक समाजमा मान्छेको दिमाग अत्याधुनिक मेसिन चलेझैं चेतनाको प्रवाह (स्ट्रीम अफ कन्सस्नेस) ले तीव्र घुमिरहेको हुन्छ। ट्राफिक नियम, बाटोको अवस्था र गाडीको कन्डिसनतर्फ एउटै मात्र ध्यान केन्द्रित भई सवारी चलाउनुपर्ने यो पेसाका मान्छेमा दिमाग विभिन्न काम, परिस्थिति, आसय, स्थान आदिका भीडभाडले ग्रसित हुँदा दुर्घटना पर्दछ। आजकालका ड्राइभरहरू एकातिर गाडी चलाउँदै गर्दा उसको ध्यान हजारतिर तानिएको हुन्छ। जस्तै- तरुनीको विषयमा सोच्नु, घरका समस्याहरूका याद गर्नु, मोबाइल फोनमा बिजी हुनु, बजेका म्युजिकतिर ध्यान जानु, फलानो ठाउँमा कहिले पुगौंला र जाँउ, केटी आदिको रिल्याक्स गरौंला भन्ने सोचहरू दिमागमा प्रवाह भइरहनु। यी कारणहरू सवारी दुर्घटनाका बलिया कारणमा पर्दछन्।

**आर्थिक कारण :**

खासगरी पुँजीवादको खुला प्रतिस्पर्धाको यो युगमा भौतिकवादले ग्रसित मान्छे पैसाको पछाडि दौडिरहेका छन्। धनको अनेक दृश्यले हरेक मान्छेको मानसिकतालाई शासन गरिरहेको हुन्छ। बसवालाहरू यसबाट अछुतो छैनन्। पैसा कमाउने होडबाजीले एउटाले अर्कोलाई उछिन्न लापरबाह किसिमले गाडी दौडाउने गर्दछन्। प्रायः नाइट गाडीहरूमा दुई-तीनवटा ड्राइभर आवश्यक छ, जसले पालैपालो सुत्ने र चलाउने होस् र दुर्घटना नपरोस्। तर कतिपय गाडी साहुले पैसा बचत गर्न जति लामो दूरी भए तापनि एउटै ड्राइभर व्यवस्था गरेका कारण लामो दूरीको नाइट गाडी चलाउदा ऊ थकाइ र निद्राले ग्रसित हुन गई दुर्घटना पारेको पाइन्छ। पैसाको लोभले धेरैजसो गाडीमा क्षमताभन्दा बढी मान्छे र सामान लादेर ओभरलोड गराउनु पनि दुर्घटनाको कारण हुने गर्दछ।

**थोत्रो गाडी र मादक पदार्थ :**

अधिकांश गाडीहरूको पार्टपूर्जा डुब्लिकेट, पुरानो र थोत्रो चलेको पाइन्छ। विदेशतिर निश्चित मापदण्डमा गाडीहरू सञ्चालन भएको हुन्छ। निश्चित वर्षको अवधिसम्म मात्र गाडी चलाउन पाइन्छ। गाडीको अवस्था जीर्ण भएपछि त्यसलाई ब्यान्ड नै गरिन्छ तर हाम्रो देशमा त्यस्तो छैन। जतिसुकै पुरानो गाडी पनि रोडमा चलिरहेको हुन्छ। त्यसमाथि कच्ची बाटोमा थोत्रो गाडी गुड्दा मेसिनरी समस्या झ्याप्पै आउँछ र दुर्घटना निम्त्याउँछ।

थुप्रै ड्राइभरहरूको बानी मादकपदार्थ सेवन गर्ने परेको छ। यात्रा स्वयं रिल्याक्सको अनुभूति गराउने पक्ष हो। त्यसलाई पुरक बनाउने काम रक्सीले गर्दछ। त्यसले अझ जोश चलाउने र उक्साउने हुँदा गाडीको गति कन्ट्रोल र घेरामा रहँदैन अनि दुर्घटना हुने गर्छ।

**सिन्डिकेट प्रणाली :**

गाडी सञ्चालनमा सिन्डिकेट प्रणाली आलोचित भइरहँदा सरकार सञ्चालनमा समेत यो लागू भएको छ। तर सिन्डिकेट प्रणाली कति घातक छ भन्ने कुरा उपत्यका ट्राफिक महाशाखाले दिएको प्रतिवेदनले पुष्टि गरेको छ। देशभर हुने गरेको सवारी दुर्घटनाको ९० प्रतिशत दुर्घटना सिन्डिकेटकै कारण भएको प्रतिवेदनले बताएको छ। यो आलोपालो प्रणालीले गर्दा बल्लतल्ल पाएको पालोमा भएभरका यात्रु र सामान कोचेर राख्ने हुँदा दुर्घटना निम्तिने हुन्छ।

> सिन्डिकेट प्रणाली कति घातक छ भन्ने कुरा उपत्यका ट्राफिक महाशाखाले दिएको प्रतिवेदनले पुष्टि गरेको छ। देशभर हुने गरेको सवारी दुर्घटनाको ९० प्रतिशत दुर्घटना सिन्डिकेटकै कारण भएको प्रतिवेदनले बताएको छ। यो आलोपालो प्रणालीले गर्दा बल्लतल्ल पाएको पालोमा भएभरका यात्रु र सामान कोचेर राख्ने हुँदा दुर्घटना निम्तिने हुन्छ।

**ट्राफिक व्यवस्थापन र जनावरलगायतको अवरोध :**

सेकेन्डको यताउताले दुर्घटना हुन सक्नेजस्तो अति संवेदनशील ड्राइभिङ कार्यमा ट्राफिक नियम, संकेत र अन्य व्यवस्थापनले निकै भूमिका खेल्दछ। हाम्रो देशका यातायात मार्गमा यसको तमाम कमजोरी पाइन्छ। सडकमा सांकेतिक लाइट र सिम्बलहरू राख्ने, घुम्ती र खतराजनक ठाउँहरूमा उचित बार लगाउने आदि काम हुन सकेको छैन। अर्कोतर्फ ट्राफिक नियम पालना गर्न एक त चलाउनेहरूमा हेलचक्रयाइँ भइरहेको हुन्छ, अर्को कतिपय युवा चालक तथा अनुभवहीनहरूलाई सम्पूर्ण नियमसम्बन्धी जानकारी नै छैन। सामान्य साइड लाइट दिन नजानेकै कारण पनि कैयौं दुर्घटना भएको देखिन्छ। अनुमतिपत्र वितरणमा भएको भ्रष्टाचार यसको कारक हो। कैयौं रोडमा पैदल यात्रुले जथाभावी बाटो काट्ने समस्या पनि छन्।

साँगुरो सडक अनि सडकको क्षमताभन्दा बढी गाडी गुड्नुले सडक कमजोर हुँदै गएको हुन्छ। सरोकारवाला निकाय, व्यक्ति वा स्टेक होल्डरहरूमा आपसी समन्वयको अभाव छ। सडक च्यापेर घर बनाउने, निर्माण सामग्री थोपर्ने, सामाजिक, सांस्कृतिक क्रियाकलापहरू गर्ने, सडक प्रयोग तथा कब्जा गर्ने र बन्द-हड्तालका बेला सडकमा ढुंगामुढा तथा रुख ढालेर छोडिदिने गरेका कारण सडक अव्यवस्थित हुने गर्छ। यसले पनि दुर्घटना निम्त्याउँछ।

त्यसो त विभिन्न ठाउँमा सडकभरि घरपालुवा वा जंगली जनावरहरू हिँड्ने, दौडने र बसिदिने गरेको हुन्छ। कतै विनालाइट सवारीसाधन रोकिदिने गरेको आदि सबै तत्वहरूले साधारणदेखि बीभत्स दुर्घटना निम्त्याउँदै आएको छ। उता ट्राफिक व्यवस्थापनमा नियमन, निषेधात्मक र सूचनाजस्ता तीनै पक्षको तालमेल उचितरूपमा हुन सकेको छैन। कतिपय अप्रत्यक्ष र अदृश्य कारक स्रोतहरूको पहिचान हुन सकेको छैन वा पहिचान भएर पनि राज्य तथा सम्बन्धित क्षेत्र तथा निकायहरूले व्यवस्थापन र नियन्त्रण गर्न असफल भएको देखिन्छ। सडक दुर्घटनाका कारणहरू यस्ता धेरै हुन्छन्। यसमा सम्बन्धित निकायहरूले ध्यान पुऱ्याउने हो भने दुर्घटनालाई अवश्य न्यून गर्न सकिन्छ।

## पाठक पत्र

### अलग-अलग मतपत्र आवश्यक छ र ?

निर्वाचन आयोगले दुई खालका मतपत्र छप्नु निश्चय नै जटिल र झन्झटिलो कार्य हो। तर यो कार्य राज्यको थप व्यापार पनि हुन सक्छ। तर सम्पूर्ण निर्वाचन सम्पन्न गर्दै संविधान कार्यान्वयन गर्ने सफल कार्यको अगाडि यो कुनै ठूलो कुरा भने होइन। आयोगले प्रदेश र प्रतिनिधिसभाको मतपत्र अलग-अलग गर्दा चुनावलाई कमाउ धन्दा बनाउनेहरूको लागि केही मेसो नमिल्ला भन्न सकिँदैन, जसको कडा निगरानी गर्नुपर्ने पनि जरुरी छ। यदि निर्वाचनलाई स्वच्छ र पारदर्शी बनाउने हो भने यसको कडा निगरानी आवश्यक छ।

अब प्रदेश र प्रतिनिधिसभामा तीनवटा मतपत्र हुने, पहिलो र दोस्रो मतपत्र प्रतिनिधि र प्रदेशसभा प्रत्यक्षतर्फ हुने, तेस्रो मतपत्रमा दुवै तहका समानुपातिक हुने व्यवस्था कुनै नराम्रो कार्य त होइन तर आयोगलाई अहिलेको छपाइ बदल्नै पर्ने र तीनवटा मतपत्र भए थप डेढ करोड मतपत्र छाप्नुपर्ने समस्या केही जटिलता अवश्य हो। मतपत्रमा मात्रै १० करोड बढी खर्च लाग्ने तथा थप मतपेटिकाको जोहो गर्नुपर्ने हुँदा राज्यको खर्च स्वतः वृद्धि हुने हुन्छ। तर पनि प्रदेश र प्रतिनिधिसभाको प्रत्यक्षतर्फ एउटै मतपत्र बनाउने निर्णय गरी जनक शिक्षा सामग्री केन्द्रमा मतपत्र छाप्ने अन्तिम तयारी गरेको आयोगले मतपत्र अलग-अलग बनाउने निर्णय गरेपछि व्यवस्थापनका कार्य पुनः शुरु गर्नुपर्ने अवस्था देखा परेको छ।

आयोगको पछिल्लो निर्णय लागू भए आगामी मंसिर १० र २१ गते हुने प्रदेश र प्रतिनिधिसभामा मतदाताले तीनवटा मतपत्रमा मतदान गर्नुपर्छ। पहिलो र दोस्रो मतपत्र प्रतिनिधिसभा र प्रदेशसभाको प्रत्यक्षका उम्मेदवारको हुनेछ भने तेस्रो मतपत्रमा प्रतिनिधिसभा र प्रदेशसभाका समानुपातिकको एउटै मतपत्रमा दुईवटा चुनाव चिह्नमा मत दिनुपर्छ। तीनवटा मतपत्र हुँदा समय धेरै लाग्ने र मतदाता पनि अलमलमा पर्ने सम्भावना धेरै हुने पनि देखिएको छ। यस्तो खालको समस्या टार्न दलका नेता तथा कार्यकर्ता, सरकार र आयोगले अब मतदाता शिक्षामा ठूलो ध्यान दिनुपर्ने देखिएको छ।

आगामी प्रतिनिधिसभा र प्रदेशसभाको निर्वाचनमा १ करोड ५४ लाख २७ हजार ७ सय ३१ मतदाता छन्। तीनवटा मतपत्र भए आयोगले थप डेढ करोड मतपत्र छाप्नुपर्ने हुन्छ। यसको छपाइका लागि राज्यको खर्च बढ्न सक्छ। राज्यले अलग-अलग मतपत्र छाप्नुभन्दा एउटै मत्रपत्र छाप्दा उचित होला। किनकि धेरै मतपत्र भयो भने मतदातालाई समस्या हुनसक्छ।

*- मनोज सेन्चुरी, रसुवा*

### विद्युतीय सवारीसाधन आवश्यक

आज विश्वमा एउटा महत्वपूर्ण बहसको विषय बनेको छ जलवायु परिवर्तन। यसबाट मानवजीवनमा ठूलो असर पर्ने हुन्छ। यसलाई कसरी कम गर्ने भन्ने विषयमा विश्वमा बहस चलिरहेको छ। यसै सन्दर्भमा हाम्रो देश नेपालमा पनि यसबारेमा छलफलका हुने गरेको छ। सन् २०२० सम्ममा विद्युतीय सवारी हाल सञ्चालनमा रहेकामध्ये २० प्रतिशतलाई वातावरण मैत्री बनाउने लक्ष्य नेपाल सरकारको रहेको पाइएको छ। नेपालमा मात्रै नभई हाल विश्वमा अत्यधिक मात्रामा जलवायु परिवर्तन हुनुमा डिजेल, पेट्रोलबाट सञ्चालित सवारीसाधन मुख्य रहेका छन्।

यसको विकल्पमा विकसित राष्ट्रहरूमा ब्याट्रीबाट सञ्चालन हुने गाडीहरूको प्रयोग र उत्पादन व्यापकरूपमा भइरहेको छ। हाम्रो देश नेपाल जलस्रोतको धनी देश भएर पनि यसको विकास गर्न नसक्नु आजको चासो र बहसको विषय हुनु जरुरी छ। नेपालमा सञ्चालित सफा टेम्पोले करिब १८-२० वर्षको लामो इतिहास बोकेको छ। नेपालजस्तो जलस्रोतको धनी देश भए तापनि हालै मात्र बिजुली उत्पादनमा बल्ल सक्रिय भएको देखिन्छ। बिजुली उत्पादन बढ्दै गर्दा यी बिजुलीबाट चल्ने टेम्पोहरू विस्थापन गर्न नेपाल सरकारका केही यातायातमा माफियाहरू सक्रिय देखिन्छन्।

उपत्यकालाई प्रदूषणमुक्त गर्ने उद्देश्यसहित २०५४ मा ४८ वटा सफा टेम्पो सहुलियत ब्याजदरमा नेपाल सरकारलाई उपलब्ध गराई यसको औपचारिकरूपमा




शुरुवात भएको थियो। शहरको वातावरणलाई प्रदूषणरहित बनाई नेपाली जनताको स्वास्थ्यको लागि आवश्यक भएकाले सफा टेम्पो उपलब्ध गराएको हो। यसप्रति सरकारलाई धन्यवाद नदिइरन सकिँदैन। तर हाम्रो देशको कर्मचारीतन्त्र र सम्बन्धित निकायको महत्वाकांक्षा अनि यो यातायात क्षेत्र माफियाकरण भई सामान्य मजदुर व्यवसायीहरू पलायन हुँदा हेरिरहने नेपाल सरकारप्रति आक्रोश पोख्न पनि मन लाग्छ।

**सफा टेम्पो यी कारणले उपत्यकामा आवश्यक छ :**

- मानव स्वास्थ्यमा धूलो र धुवाँले पारेको असर न्यूनीकरण गर्न यसको आवश्यकता।
- बिजुलीबाट चल्ने गाडीहरूको ब्याट्रीले आफ्नै देशमा उत्पादन भई रातको समयमा खेर गएको बिजुलीको बचावट गर्न।
- डिजेल-पेट्रोलबाट सञ्चालन गर्दा नेपाली रुपियाँ बाहिरिने हुँदा पेट्रोल र डिजेल खरिद गनुपर्ने झन्झट मुक्त गर्न।
- करिब ६ महिना लामो भारतले गरेको नाकाबन्दीमा पनि सफा टेम्पोपाई असर नपरेकाले अबका दिनमा पनि त्यस्तो अवस्था आएमा सफा टेम्पोले काम चलाउन।
- यस विद्युतीय टेम्पोमा करिब ४ सयभन्दा बढी महिलाहरूको रोजगारीका कारण यसको प्रवर्द्धन हुनु जरुरी छ।
- यसलाई निम्न कारणले हटाउनुहुँदैन
- धुवाँ प्रदूषण नगर्ने वातावरण मैत्री सवारी साधन।
- महिला त्यसमा पनि एकल महिलाहरूका लागि उपयुक्त रोजगारीको साधन।
- यसमा करिब ४-५ सय महिलाको रोजगारी रहेको र करिब २ हजार जना आश्रित परिवार रहेको।
- फलामको आयु औसतमा १०० वर्ष भएकोले २० वर्षे नीति खारेज हुनुपर्ने।
- हालसम्म पनि उपत्यकाको भित्री सडक साँघुरो भएकोले बूढाबूढीलाई टेम्पोमा चढ्न सजिलो।
- सरकारले सन् २०२० सम्ममा २० प्रतिशत सवारीलाई विद्युतीय सवारीमा परिवर्तन गर्ने नीति भएकाले यसको मर्मत सम्भार गरी सञ्चालन गर्नुपर्ने।
- करिब वार्षिक ४० करोडबराबर डिजेल र पेट्रोल खरिद गर्नुपर्ने तर ७ सयवटा विद्युतीय टेम्पोले देशबाहिर पैसा जानबाट रोकेको छ।
- नेपालमा हालसम्म ८० अर्ब रुपियाँ पेट्रोल र डिजेलमा खर्च हुने रकम आफ्नै देशमा रोक्न यी सवारीसाधनहरूले मद्दत गरको आँकलन गर्न सकिन्छ।

*- सञ्चिता कुइँकेल, बुढानीलकण्ठ, काठमाडौं*

## सामाजिक सञ्जाल



बाबुरामले कांग्रेस कार्यालयमा भनेछन्- म पनि कांग्रेसकै मान्छे हुँ। २०५१ मा देउवालाई बुझाएको ४० बुंदे माग कांग्रेस र यिनको मिलेमतोमै रहेछ त !

**Om Kumar Thapa**
**@omthapaktm**



गगन थापाको विचारबाट यो देखियो कि कांग्रेसका युवा नेतृत्व बूढा नेताहरूको पुच्छर बन्न मात्र लायक रहेछन्। बिचरा दया लाग्यो तिनका कुरा सुन्दा त !

दिपेन्द्र विष्ट
**@rock_7up**



न्यायालय, संवैधानिक अंग, कर्मचारी, प्रहरी र सेनामा दलगत मिलेमतोमा बाँडफाँड गर्ने अनि सत्ताबाहिर हुंदा, अल्पमतमा पर्दा हरेक निर्णय र पाइलामा शंका !

**Chyaban Ghimire**
**@chghimire**

नेपालमा हुन लागेको कोब्सेको ४६औं सम्मेलनमा नेपाल, भारत, भुटान, मौरिसस, पाकिस्तान, सिंगापुर, बेलायतका गरी करिब ६० वटा बोर्डका पदाधिकारी र परीक्षा विज्ञको भेला हुने भएको छ।

# समयमै उपचार गरे बाथरोग निको हुन्छ

भगवती तिमल्सिना, काठमाडौं

पछिल्लो समय मानिसमा स्वास्थ्य समस्या एकपछि अर्को थपिँदै गएको पाइन्छ। यतिबेला सर्नेभन्दा नसर्ने रोगको समस्या जटिल बन्दै गएको छ। विश्व स्वास्थ्य संगठनले हालै सार्वजनिक गरेको प्रतिवेदनमा जाडो मौसममा सर्नेभन्दा नसर्ने तर पीडादायक समस्या दम, खोकी, नसासम्बन्धी समस्याहरु हुने गरेको जनाएको छ। जसमा बाथरोग पनि एक जटिल समस्या बनेर देखापरेको डब्ल्यूएचओले जनाएको छ।

**के हो बाथ ?**

हाड, जोर्नी, नशा, मांशपेशी दुखेर पीडा हुने समस्यालाई बाथरोग भनिन्छ। बाथरोग धेरै प्रकारको हुने भए पनि विशेष गरी उपचार पद्धति अपनाउन सजिलोका लागि चार भागमा विभाजन गरेको पाइन्छ। चार भागमा बाँडिएका बाथरोगमा हड्डी अर्थात् जोर्नीमा हुने दुखाइ, मासुको भाग सुन्निने र दुख्ने तथा कमजोर बनाउने, भित्री नशा कट्कटी खाने र मुटु दुख्ने, मुटु सुन्निने, मुटुमा प्वाल पर्नेजस्ता समस्या हुने गर्दछ। बाथरोग सयौं प्रकारका हुने गरेको चिकित्सकहरु बताउँछन्। समयमै उपचार गरे बाथरोग निको पनि हुन्छ। निको नै नहुने रोग भनेर अन्धविश्वासमा पर्न नहुने चिकित्सकहरु बताउँछन्।

बाथरोग लागेका मानिसको शरीरको विभिन्न भागमा दुख्ने, करकरी खाने, पोल्ने, सुन्निने जस्ता समस्या देखा पर्दछ। जस्तै हाडजोर्नी, घाँटीको हड्डी दुख्ने, पाखुरा, कुइनो, हातका औंला, कम्मर दुख्ने, घुँडा, कुर्कुच्चा, गोलीगाँठा, पैताला, दुख्नेजस्ता समस्या देखा पर्दछ। यस्तो दुखाइ शरीरभरि फैलेका अवस्थामा ज्वरोसमेत आउन सक्छ।

शारीरिक कमजोर, मुटु काम्ने, पानी छुँदा पनि परिवर्तन देखिने, जोर्नी सुन्निने, दुख्ने, पानी जम्नेजस्ता समस्यासँग विस्तारै शरीरको कुन भागमा समस्या हो त्यो भाग बाङ्गिँदै जाने, सुन्निने, राता-राता डाबर देखापर्ने, नीलो हुनेजस्ता समस्या यो रोगको सबैभन्दा खराब पाटो हो।

बाथरोग लागेका महिला गर्भवती छन् भने गर्भ तुहिनेसम्म समस्या हुन्छ भने पुरुषमा बाँझो हुने सम्भावना रहन्छ।

बाथरोग समयमै उपचार गर्न सके सामान्य र ढिलो भएमा जटिल पनि हुन सक्ने विशेषज्ञहरु बताउँछन्। यो रोग कुनै व्यक्ति विशेषमा हुने नभई जो-कोहीलाई हुन सक्छ र वंशानुगत कारणले पनि यो रोग लाग्न सक्छ। समयमै उपचार गरेमा निको पनि हुन्छ।

बाथरोग भर्खर जन्मेको बच्चादेखि जुनसुकै उमेरका मान्छेमा लाग्न सक्छ। यो रोग कुनै जीवाणु तथा किटाणुले हुने नभई अटो इम्युन प्रोसेसबाट हुने रोग हो। तीमध्ये केही प्रतिशत बाथ ब्याक्टेरिया वा भाइरसले पनि हुने गरेको चिकित्सकहरुको भनाइ छ।

यो रोग युरिक एसिड बढ्दा पनि हुने गर्दछ भने विशेष गरी खानपान, रहनसहन दैनिक जीवनशैलीमा बढी निर्भर हुन्छ। कतिपयमा सामान्यरूपमा देखापर्ने हड्डी खिइने समस्या देखापर्छ। यो सरुवा रोग नभएको चिकित्सकहरुको ठम्याइ छ। यो रोगका बारेमा धेरै मानिसघरेलु उपचार, होमोप्याथी र अन्धविश्वासमा बसेका पाइन्छन्। समयमै उपचार गरे बाथरोग निको हुने भएकाले सम्बन्धित विज्ञ चिकित्सकोमा पुग्नु बुद्धिमानी हुन्छ।

## बाथरोगबारे फोटो प्रदर्शन

बाथरोगबारे जनचेतना फैलाउने उद्देश्यले एकदिने नेसनल बाथरोग सेन्टरले सोमबार तस्वीर प्रदर्शनी आयोजना गर्‍यो। सेन्टरको तेस्रो वार्षिकोत्सवका अवसरमा आयोजित तस्वीर प्रदर्शनीमा नेपालमा देखिएका विभिन्न बाथरोगको जानकारीसहितका तस्वीर प्रदर्शन गरिएको सेन्टरले जारी गरेको विज्ञप्तिमा उल्लेख गरिएको छ। बाथरोगले शरीरमा प्रत्यक्ष असर पार्ने समस्याका बारेमा तस्वीरमार्फत महत्त्वपूर्ण जानकारी हासिल गर्न सकिने बताइएको छ। सेन्टरले एक साताका लागि निःशुल्क रगत परीक्षण गर्ने पनि जनाएको छ।

तस्वीर प्रदर्शनीको उद्घाटन सेन्टरका प्रबन्ध निर्देशक रोशन कक्षपतिले गर्नुभएको थियो। हाले नेपालमा करिब ३६ लाख मानिसमा विभिन्न प्रकारका बाथरोग भएको जानकारी दिँदै यसको समयमै उपचारका लागि बिरामी अझै समयमा चिकित्सककहाँ पुग्न नसकेको बताउनुहुन्छ।

बाथरोग विशेषज्ञ डा. विनित वैद्यले बाथ मानव शरीरको अस्थिपञ्जरलाई अस्थिर बनाई दुःखाउने रोग भएको बताउनुभयो। बाथ एक व्यक्तिबाट अर्कोमा नसर्ने तर दीर्घरोग भएको उहाँले उल्लेख गर्नुभयो।

## दुई मिनेट

### ३ लाख बराबरको चोरी

ललितपुर, (नेस)

गोदावारी नगरपालिका-११ भन्सार टोलस्थित राम पुरकोटीको आफ्नै टिनले बनेको टहरामा सञ्चालन गर्दै आएको राय मोबाइल पसलबाट आइतबार राति अपरिचित व्यक्तिहरुले सटर फोडी विभिन्न कम्पनीका मोबाइल २९ थान, डेल कम्पनीको ल्यापटप २ थान, सीसी क्यामरा १ थान, ट्याब २ थान गरी जम्मा ३ लाख ६९ हजार रुपियाँ बराबरको धनमाल चोरी गरेको प्रहरीले जानकारी दिएको छ।

### आगलागीमा परी ४ घाइते

ललितपुर, (नेस)

ललितपुर महानगरपालिका-२ गुरसिंगलस्थित यज्ञप्रसाद अधिकारीको घरको भुइँतलामा डेरा गरी बस्ने उदयपुर घर भएकी पुष्प विष्ट राउतको कोठामा खाना पकाउने क्रममा सोमबार अचानक ग्यास लिक भई आगलागी हुँदा पुष्पलगायत ४ जना घाइते भएका छन्। घाइतेहरुलाई उपचारका लागि कीर्तिपुर मोडल अस्पताल लगिएको छ। स्थानीय बासिन्दाको सहयोगमा आगलागी नियन्त्रणमा लिई प्रहरीले आवश्यक अनुसन्धान गरिरहेको छ।

# एआईजी खनालबाट विपद् व्यवस्थापन तालिम समापन

नेपाल समाचारपत्र
काठमाडौं



सशस्त्र प्रहरी बल नेपाल विपद व्यवस्थापन तालिम केन्द्र कुरिनटारमा सञ्चालित सिसं २३ विपद व्यवस्थापन तालिम सम्पन्न भएको छ। उक्त तालिमको कात्तिक १३ गते सशस्त्र प्रहरी अतिरिक्त महानिरीक्षक शैलेन्द्र खनालले एक कार्यक्रमका बीच समापन गर्नुभयो।

त्यस अवसरमा उहाँले तालिमका प्रशिक्षार्थीहरुलाई पुरस्कार तथा प्रमाणपत्र प्रदान गर्नुका साथै डिजास्टर म्यानेजमेन्ट तालिम (डीएमटी) को ट्यागसमेत प्रदान गर्नुभयो। सशस्त्र प्रहरी अतिरिक्त महानिरीक्षक खनालले त्यस अवसरमा देश र जनताको सेवा र सुरक्षामा अझै बढी इमान्दार एवं बफादार रही निःस्वार्थ भावानाका साथ दायित्व निर्वाहमा कटिबद्ध रहन निर्देशन दिनुभयो।

उहाँले विपद व्यवस्थापन एउटा पवित्रकार्य भएकाले प्रशिक्षार्थीले तालिममा सिकेका ज्ञान, कला र कौशललाई निरन्तररूपमा व्यवहारमा लागू गर्दै नागरिकको जिउधनको सुरक्षार्थ हरहमेसा निष्ठावान रहिरहनुपर्ने बताउनुभयो।

कार्यक्रममा सो तालिम केन्द्रका समादेशक सशस्त्र प्रहरी वरिष्ठ उपरीक्षक हरिशंकर बुढाथोकीले धन्यवाद ज्ञापन गर्नुभएको थियो भने तालिमका प्रमुख प्रशिक्षक सशस्त्र प्रहरी उपरीक्षक वीरबहादुर श्रेष्ठले तालिमसम्बन्धी प्रतिवेदन प्रस्तुत गर्नुभएको थियो। गत चैत १३ गतेबाट सञ्चालित सो तालिममा कुल ३८ जना प्रशिक्षार्थी सहभागी रहेका थिए।

# कोब्सेको ४६औं सम्मेलन नेपालमा

नेपाल समाचारपत्र
काठमाडौं

काउन्सिल अफ बोर्डस् अफ स्कुल एक्जामिनेसन अफ इन्डिया (कोब्से) को ४६औं सम्मेलन नेपालमा हुने भएको छ।

यही मंसिर १९ देखि १८ गतेसम्म आयोजना हुने सम्मेलनमा नेपालसहित ७ वटा राष्ट्रको सहभागिता हुन लागेको हो। सम्मेलनमा नेपाल, भारत, भुटान, मौरिसस, पाकिस्तान, सिंगापुर र बेलायतका गरी करिब ६० वटा बोर्डका पदाधिकारी र परीक्षा विज्ञको भेला हुने भएको छ। 'सम्मेलनले नेपालको परीक्षा प्रणाली र त्यसका सुधार गर्नुपर्ने पक्षको विषयमा छलफल हुनेछ' -बोर्डका सदस्य-सचिव लक्ष्मीराम पौडेलले भन्नेभयो। बोर्डले हिजो सोमबार पत्रकार सम्मेलन आयोजना गरी परीक्षालाई सुधार गर्न र परीक्षा प्रणालीको विषयमा जानकारी दिन सम्मेलन आयोजना गर्न लागेको बोर्डका अध्यक्ष प्राडा चन्द्रमणि पौडेलले जानकारी दिनुभयो।

अध्यक्ष प्राडा पौडेलले हालको परीक्षा प्रणाली पनि पूर्णरूपमा व्यवहारिक नभएको बताउँदै बोर्डले निकट समयमै विषयगत परीक्षाको तयारी भएको जानकारी दिनुभयो। उहाँले ग्रेडिङ प्रणालीलाई थप व्यवस्थित गर्न पनि सम्मेलन आयोजना गरिएको हो। सम्मेलनको शीर्षक 'इनोभेसन इन इभ्यालुएसन' रहेको छ। सम्मेलनमा नेपालको तर्फबाट शिक्षाविद् एवं त्रिभुवन विश्वविद्यालयका प्राडा गणेशबहादुर सिंह र त्रिभुवन विश्वविद्यालयका प्राडा वासुदेव काफ्लेले 'विशेष शिक्षामा परीक्षा' विषयमा कार्यपत्र प्रस्तुत गर्ने हुनुभएको छ।

सम्मेलनमा ७ राष्ट्रका विज्ञ र बोर्डका अधिकारीले आफ्नो देशको परीक्षा प्रणालीका बारेमा कार्यपत्र प्रस्तुत गर्नेछन्।

# भक्तपुरमा १ लाख ७८ हजार मतदाता

भक्तपुर, (नेस) । भक्तपुरमा पुरुषभन्दा ५ हजार बढी महिला रहेका छन्। जिल्ला निर्वाचन कार्यालयका प्रमुख उमेश राईका अनुसार कुल मतदाता १ लाख ७८ हजार ९७ मध्ये ९१ हजार ६ सय १३ महिला मतदाता रहेका छन्। जब कि पुरुष मतदाताको संख्या ८६ हजार ४ सय ७९ मात्र रहेको छ। मुलुकभर पुरुष मतदाताको संख्या बढी रहे पनि भक्तपुरमा भने महिला मतदाताको संख्या बढी देखिएको हो।

निर्वाचन कार्यालयको तथ्यांकअनुसार, मुलुकभर १ करोड ५४ लाख २७ हजार ७ सय ३१ मतदातामध्ये महिला मतदाता ७६ लाख ५१ हजार रहेका छन् भने पुरुष मतदाताको संख्या ७७ लाख ६६ हजार अर्थात् १ लाख १५ हजार बढी रहेको छ। निर्वाचन अधिकृत राईका अनुसार प्रदेश नम्बर ३ को मतदाता संख्या ३० लाख ७४ हजार ४ सय १२ रहेको छ। भक्तपुरका दुई प्रतिनिधिसभा सदस्यमध्ये क्षेत्र नम्बर १ मा ९४ हजार १ सय ६५ मतदाता रहेको र क्षेत्र नम्बर २ मा ८३ हजार ९ सय ३२ मतदाता रहेकाप्रमुख राईले बताउनुभयो।

# ४१ लाख ठगी गर्ने पक्राउ

काठमाडौं, (नेस)

अर्काको नामको जग्गा देखाई पास गरिदिन्छु भनेर विश्वास दिलाई रकम लिएर मौज्दात नभएको खाताको चेक दिई बैंकिङ कसुर गरी ठगी गरेको अभियोगमा काभ्रे उग्रचण्डी नाला-७ घर भई काठमाडौं महानगरपालिका-३२ घट्टेकुलो बस्ने शिवप्रसाद दाहाललाई प्रहरीले पक्राउ गरेको छ।

दाहाललाई काठमाडौं कीर्तिपुर चोभारबाट अपराध महाशाखाको प्रहरी टोलीले पक्राउ गरेको थियो। सिन्धुपाल्चोक लिसंखु पाखर गाउँपालिका-३ घर भई भक्तपुर मध्यपुर थिमी नगरपालिका-४ बस्ने नरबहादुर नेपाललगायत ३ जना व्यक्तिहरुलाई काठमाडौं मातातीर्थमा रहेको साम्राज्यशमशेर जबराको नाममा रहेको जग्गा नारायणशमशेर जबरा नामको करार बैना कागज देखाई दाहालले ४१ लाख ५० हजार रुपियाँ पीडितहरुसँग लिएका थिए।

सो पश्चात् दाहालले खातामा पैसा नभएको चेक दिई फरार रहेका थिए। पक्राउ परेका दाहाललाई बैंकिङ कसुर तथा सजाय ऐन २०६४ अनुसार अनुसन्धान तथा कारबाहीका लागि आइतबार महानगरीय प्रहरी परिसर टेकुमा पठाइएको महाशाखाले जानएको छ।

# केडिया समूहद्वारा श्रीमद्भागवत् सप्ताहको आयोजना

काठमाडौं, (नेस)



केडिया समूहले समूहको प्रधान कार्यालय कालिमाटीमा श्रीमद्भागवत् महापुराण कथा कार्यक्रमको आयोजना गरेको छ। कात्तिक १२ गतेबाट शुरु भएको महापुराण एक हप्तासम्म चल्नेछ।

महायज्ञमा भारतका कथा वाचक राजकुमार मिश्रबाट कथा वाचन भइरहेको छ। महायज्ञमा केडिया समूहका निर्देशक रतनलाल केडिया र उहाँकी पत्नी रीता केडिया प्रमुख यजमान रहनुभएको छ। रतन केडियाले यो सप्ताह ज्ञानयज्ञ परिवारको मात्र नभई समस्त जगत्को कल्याण तथा शान्तिका लागि आयोजना गरिएको बताउनुभएको छ।

आजभन्दा १५ वर्ष पहिले पनि स्व. शंकरलाल केडियाको संरक्षकत्व र मनोजकुमार केडिया एवं सविता केडियाको प्रमुख यजमानत्वमा कालिमाटीमा भागवत् सप्ताह सम्पन्न भएको थियो। फेरि पनि विश्व शान्ति, समुन्नति तथा जगत् कल्याणका लागि परिवारले श्रीमद्भागवत् महायज्ञ परायण आयोजना गर्न पाएकोमा केडियाले खुसी व्यक्त गर्नुभयो।

सिनेमा कर्नर










माउन्ट मकालु यातायात सेवा
काठमाडौं-बिर्तामोड-ताप्लेजुङ
प्रस्थान दिउँसो २ बजे
केन्द्रीय कार्यालय, कलंकी
सम्पर्क फोन : ४२७७५५२, ४२७९६१३

## आजको राशि

ज्यो. चन्द्रेश शर्मा

**मेष** : आर्थिक लाभ, खाद्यान्न प्राप्ति, पारिवारिक सुख-सन्तोष।
**वृष** : सानो प्रयासले पनि काम बन्ने, हर्ष वृद्धि।
**मिथुन** : राज्यबाट लाभ, मान-प्रतिष्ठा वृद्धि, पढाइमा सफलता।
**कर्कट** : स्वास्थ्य समस्या, खर्च वृद्धि, काममा बाधा।
**सिंह** : धन लाभ, कार्य सफल, उपहारादि वस्तु प्राप्ति।
**कन्या** : आर्थिक लाभ, प्रतिस्पर्धात्मक क्षेत्रमा विजय, शत्रु हानि।
**तुला** : कार्य सिद्धि, धन प्राप्ति, पारिवारिक सुख, रोमाञ्च।
**वृश्चिक** : वायुजन्य रोगको सम्भावना, व्यर्थको दौडधुप, तनाव।
**धनु** : राम्रो आम्दानी, मान-सम्मान, अधुरा कार्य पूरा।
**मकर** : धन-सम्पत्ति प्राप्ति, रोमान्टिक यात्रा, जोश-जाँगर वृद्धि।
**कुम्भ** : मिष्ठान्न भोजन, कतैबाट स्वागत-सत्कार, हर्षविभोर।
**मीन** : आर्थिक नोक्सानी, स्वास्थ्य समस्या, वादविवाद।

# नेपाल

परिवारको साथमा एक प्रति फोटोसमेत नभएको आमा लालहीरा सुनाउनुहुन्छ। एउटा फोटो भएको पनि छोराको सोधीखोजी गर्न विदेशबाट फर्किएकालाई देखाउन लैजाँदा फिर्ता नगरेकोले त्यत्तिकै हराएको लालहीराको दुखेसो छ। छोराको खोजीमा साथ दिन घरपरिवारको अनुरोध छ।

## कारागारको रिसइबीले हत्या

कुमार श्रेष्ठ, बाँके



डाँका चोरी तथा ज्यान मार्ने मुद्दामा सँगै कारागारमा बसेर छुटेका दुई जनाका बीचमा मनमुटाव हुँदा एक जनाको हत्या भएको छ।

रुकुम जिल्लाको भुमे गाउँपालिका-३ बस्ने धुर सोल्टी भनिने शन्तकुमार पुनको सोही गाउँपालिका-८, का ३९ वर्षीय रणबहादुर रोकाले हत्या गरेका हुन्। रोकाले अर्का १९ वर्षका रणबहादुर रोकाको साथ लिएर पुनको हत्या गरेका थिए। बाँकेको राप्तीसोनारी गाउँपालिका-१, भवानीपुरमा भदौ ३१ गते भएको घटनाको प्रहरीले अनुसन्धान पूरा गरेको छ। घटनाका मुख्य अभियुक्त ३९ वर्षका रणबहादुर भारततिर भागेका छन् भने १९ वर्षे रणबहादुरलाई बाँके प्रहरीले नियन्त्रणमा लिएको छ।

शन्तबहादुर डाँका चोरी तथा ज्यान मार्ने मुद्दामा २०७० असोज १४ र ३९ वर्षे रणबहादुर २०७१ असोज १४ गतेदेखि रोल्पा कारागारमा सँगै बसी २०७४ जेठ १४ गते गणतन्त्र दिवसको अवसरमा छुटेका थिए। ३९ वर्षे रणबहादुर र शन्तबहादुर साथी थिए। कारागारमा बस्दा पछि उनीहरूका बीचमा रिसइबी भएकाले हत्या हुन पुगेको प्रहरीले बताएको छ। यी दुईका बीचमा अवैध कारोबारधन्दा रहेको बुझिएको छ।

घटनामा १ लाख रुपियाँको खेल पनि देखिएको छ। घनबहादुर बुढा भन्ने व्यक्तिले शन्तबहादुरलाई १ लाख रुपियाँ दिएको बताएका छन्। अवैध धन्दाको बताइएको उक्त एक लाख रुपियाँ शन्तबहादुरको हत्यापछि दुई रणबहादुरले बाँडेका थिए। शन्तबहादुरलाई दुई रणबहादुरले चिर्पट दाउराले हानेर मारेका थिए। हत्यापछि ३९ वर्षे रणबहादुर भारततिर भागेका छन् भने १९ वर्षे रणबहादुर लमहीमा केही दिन मागेर भारत पसेका थिए। उनका आफन्तलाई प्रहरीले पक्राउ गरेर सोधपुछ गरेपछि १९ वर्षे रणबहादुर पक्राउ परेका हुन्।

राप्ती नदीको बगरमा नाम, थर नखुलेको शव भेटिएपछि बाँके प्रहरीले घटनाको अनुसन्धान थालेको थियो। घटनाको डेढ महिनापछि बाँके प्रहरीले घटना विवरण सार्वजनिक गरेको छ। बाँके प्रहरीका डीएसपी सुधीर शाहीले अवैध कारोबारमा संलग्न रहेका र अपराधिक पृष्ठभूमिका रणबहादुर र शन्तबहादुरका बीचमा भएको रिसइबीकै कारण हत्या भएको बताउनुभयो। डीएसपी शाहीका अनुसार, रणबहादुरद्वय भदौ ३० गते काठमाडौंबाट लमहीमा आएर ३१ गते बाँकेको कुसुमस्थित भवानीयापुर गएर बसेको र राति ८ बजे शन्तबहादुरलाई बोलाएर हत्या गरेका थिए।

फरार रहेका ३९ वर्षे रणबहादुरको खोजी भइरहेको प्रहरीले बताएको छ। भारतमा लुकेर बसेका उनलाई भारतीय प्रहरीमार्फत् पक्राउ गर्ने तयारी भएको छ।

यसैबीच, बाँके प्रहरीले ३० ग्राम ७ सय ५० मिलिग्राम ब्राउन सुगरसहित दुई जनालाई पक्राउ गरेको छ। भारत नानपाराका सोनु राई र दाङका प्रमोद पछाईलाई प्रहरीले पक्राउ गरेको हो। नानपाराबाट ब्राउनसुगर लगेर दाङमा बिक्री गर्ने तयारी थियो। सोनुले भारतबाट ब्राउनसुगर ल्याउने र प्रमोदसँग मिलेर दाङमा बिक्री गर्दै आएको प्रहरीले बताएको छ।

नेपालगन्ज नाकाबाट ब्राउनसुगर पहाडी जिल्लामा कारोबार गर्ने क्रम बढेको छ। पछिल्ला दिनमा दाङ, सुर्खेत यसको अखडा बनेका छन्। एकै दिन आएर जान सकिने भएकाले यी दुई जिल्लाका युवाहरू नेपालगन्ज आएर ब्राउनसुगर लिएर जाने गरेका छन्। पहाडी जिल्लामा महंगोमा बिक्री हुने सम्बद्धहरू बताउँछन्।

## बदर मत घटाउन मतदाता शिक्षा कार्यक्रम स्थगित

नेपाल समाचारपत्र
बैतडी

बदर मत घटाउने उद्देश्यले आगामी मंसिर १० गते हुने प्रतिनिधिसभा र प्रदेशसभा सदस्य निर्वाचनका लागि बैतडीमा कात्तिक १६ गते बिहीबारदेखि सञ्चालन हुने भनिएको मतदाता शिक्षा कार्यक्रम स्थगित भएको छ। जिल्ला निर्वाचन कार्यालय बैतडीका प्रमुख तथा निर्वाचन अधिकारी माधवप्रसाद फुयाँलका अनुसार निर्वाचन आयोगले अर्को आदेश नआउँदासम्म मतदाता शिक्षा कार्यक्रम स्थगित गर्न निर्देशन दिएकाले मतदाता शिक्षा कार्यक्रम स्थगित भएको हो।

निर्वाचन आयोगको अर्को आदेश आएपछि मतदाता शिक्षा कार्यक्रम सञ्चालन हुने उहाँले बताउनुभयो। निर्वाचन आयोगले कार्यक्रम स्थगित गर्नुको कारण नखुलाए पनि प्रत्यक्षतर्फका प्रतिनिधिसभा र प्रदेशसभाका लागि अलग-अलग मतपत्र छाप्ने तयारी गरेकाले मतदाता शिक्षा कार्यक्रम स्थगित भएको बताइएको छ।

यसका साथै बैतडीमा मतदाता शिक्षा प्रदान गर्न छनोट भएका मतदाता शिक्षा स्वयंसेवकलाई यही कात्तिक १५ गते दिइने भनिएको तालिम पनि अर्को आदेश नआउँदासम्मका लागि स्थगित भएको छ। मतदाता शिक्षा कार्यक्रमका लागि बैतडीमा १८२ जना मतदाता शिक्षा स्वयंसेवक परिचालन गरिने जिल्ला निर्वाचन कार्यालय बैतडीले जनाएको छ।

मतदाता शिक्षा कार्यक्रम सञ्चालन भएपछि मतदाताको घरदैलोमै गएर मतदाता शिक्षा स्वयंसेवकद्वारा अगामी प्रतिनिधिसभा र प्रदेशसभा सदस्य निर्वाचनमा मत कसरी दिने, कसरी बदर कम गर्ने भन्ने विषयमा सम्पूर्ण मतदातालाई सिकाउने बताइएको छ। मतदाता शिक्षा स्वयंसेवकले नमुना स्वस्तिक छाप र मतपत्रसहित मतदाता शिक्षाका बारेमा जानकारी गराइनेछ।

प्रतिनिधिसभाको लागि १ र प्रदेशसभा सदस्य निर्वाचनको लागि २ निर्वाचन क्षेत्र रहेको बैतडीमा १ लाख ३२ हजार ३१९ मतदाता रहेका छन्। वि स २०७४ भदौ ५ गतेसम्म १८ वर्ष उमेर पुगेका र फोटोसहितको मतदाता नामावलीमा नाम दर्ता गराएकाले अगामी निर्वाचनमा मतदान गर्न पाउने बताइएको छ।

## कतार गएका युवा ९ वर्षदेखि बेपत्ता

रामधन राई, खोटाङ

वैदेशिक रोजगारीका लागि १० वर्षअघि कतार गएका खोटाङस्थित रूपाकोट मझुवागढी नगरपालिका-१० पाथेकाका सुर्जमणि राई ९ वर्षदेखि सम्पर्कविहीन भएका छन्। एजेन्टलाई १ लाख ७ हजार रुपियाँ बुझाएर २०६५ सालमा १८ वर्षकै उमेरमा कतार गएका राई २०६६ सालदेखि सम्पर्कविहीन बनेको बुबा ज्ञानमणि राईले बताउनुभयो।

८ जना छोराछोरीमध्ये घरको जेठो छोरो सुर्जमणिले घरपरिवारलाई फोनमार्फत् केही दिनमा १५ हजार रुपियाँ पठाइदिन्छु भन्ने खबर गरेलगत्तै बेपत्ता भएको परिवारको भनाइ छ। १४ वर्षकै उमेरमा बिहे गरी एक छोराका बाबुसमेत बनेका राईले कतार पुगेकै साल काम-दाम राम्रो छैन भनी खबर गरे पनि के काम र कति कमाइ हुन्छ भन्ने नसुनाएको उनका बुबा ज्ञानमणि बताउनुहुन्छ।

- फोटोसमेत छैन
- एजेन्टको मृत्यु
- श्रीमतीले छाडिन्

निम्न आर्थिक स्थितिका कारण विदेसिएका राई ८ वर्षसम्म पनि सम्पर्कमा नआएपछि उनकी श्रीमतीले पनि २ वर्षअघि घर छोडेर हिँडेको उनका परिवारले सुनाउँछन्। परिवारका अनुसार सुर्जमणिको श्रीमतीले छोरालाई माइतीमा छाडेर हिँडेकी हुन्। बिनासीप तालिम सुर्जमणिलाई कतार पठाउने एजेन्टको पनि मृत्यु भएपछि छोराको खोजी गर्न झन् समस्या भएको ज्ञानमणिको भनाइ छ। एजेन्ट छँदासम्म केही सोधीखोजी गर्न सजिलो भएको भए पनि हाल एजेन्टको मृत्यु हुनका साथै छोराको कागजपत्र केही पनि नभएकाले खोजी गर्नबाटै हराएको पीडा घरपरिवारसँग छ। परिवारको साथमा एकप्रति फोटोसमेत नभएको आमा लालहीरा सुनाउनुहुन्छ। एउटा फोटो भएको पनि छोराको सोधीखोजी गर्न विदेशबाट फर्किएकालाई देखाउन लैजाँदा फिर्ता नगरेकोले त्यत्तिकै हराएको लालहीराको दुखेसो छ।

छोराको खोजीमा साथ दिन घरपरिवारको अनुरोध छ।

## बिर्तामोडको कर्फ्यु हट्यो

नेपाल समाचारपत्र
भद्रपुर

शनिबार दिउँसो १:३० बजेबाट बिर्तामोडमा लागेको कर्फ्यु पूर्ण रूपमा हटाइएको छ। झापाका प्रमुख जिल्ला अधिकारी ऋषिराम तिवारीले दिएको जानकारीअनुसार बिर्तामोडको शान्ति सुरक्षाको स्थिति सामान्य भएका कारण कर्फ्यु पूर्ण रूपमा हटाइएको हो।

आइतबार बेलुका बसेको जिल्ला सुरक्षा समितिको बैठकले आइतबार राति ९ बजेबाट सोमबार बिहान ९ बजेसम्मलाई कर्फ्यु हटाएको थियो। पुनः सोमबार बिहान बैठक बसेर मध्याह्न १२ बजेसम्मलाई कर्फ्यु हटाइएको थियो। १२ बजेपश्चात् अर्को निर्णय गरेर दिउँसो ३ बजेसम्मलाई कर्फ्यु हटाइएको थियो।

'चरणबद्ध गरेर हामीले सुरक्षा अवस्थाको अवलोकन गर्‍यौं', प्रमुख जिल्ला अधिकारी तिवारीले भने- 'अब बिर्तामोडमा जटिल अवस्था छैन, सुरक्षा अवस्था सहज बन्दै गएको छ, कर्फ्यु खुलाउन जरुरी छ।'

अर्जुनधारा नगरपालिका वडा नम्बर ११ का ११ वर्षीय बालक लक्ष्मण शिवाकोटीको मृत्यु नभई हत्या भएको भन्दै परिवार र सर्वसाधारणले शुक्रबार गरेको प्रदर्शनले जटिल रूप लिएपछि शुक्रबार १:३० बजेबाट कर्फ्यु लगाइएको थियो। प्रदर्शनका क्रममा अर्जुनधारा नगरपालिका वडा नम्बर ११ का नरेश थापाको प्रहरीको गोली लागेर मृत्यु भएको थियो। सोही विषयलाई लिएर गृहमन्त्रालयबाट आएको छानबिन समितिको टोली अनुसन्धान बटुलेर सोमबार दिउँसो काठमाडौं फर्किएको छ।

शनिबार दिउँसो झापा आएको टोलीले आइतबार दिनभर सुरक्षा निकाय, स्थानीय, पीडितपक्ष, बिर्तामोडे आसपासका क्षेत्रमा अनुसन्धान गरी फिर्ता भएको प्रजिअ तिवारीले बताए।


## वर्गीकृत डिस्प्ले

बोरिङ्ग इनारको रातो पहेलो पानीलाई शुद्ध र सफा गरिन्छ।

जलपादेवी वाटर सोलुशन
फोन नं:- ९८५१०६९३९२, ९८५१०२१०३८

**जग्गा विक्रीमा**
का.म.पा १९ कंकेश्वरी मन्दिरसँगै, डल्लु पुलबाट टेकु जाने लिंकरोडमा जोडिएको स्कुल, कलेज, अस्पताल, व्यापारिक मल, हलको लागि अति उपयोगी ५ रोपनी जग्गा विक्रिमा छ।
सम्पर्क नं.:- ९८४१३१४७८१

**राहदानी हरायो**
मिति २०७४/६/२८ गते किर्तिपुर बाट कालिमटी जाँदा मेरो निम्न व्यहोरा भएको राहदानी हराएकोले पाउनु हुने महानुभावले नजिकको प्रहारी चौकी वा निम्न ठेगानामा वुझाई दिन हुन अनुरोध छ।
**नाम** : छवि लाल पाण्डे
**ठेगाना** : सत्यवति-१, गूल्मी
**राहदानी** : ०८४४३००५
**संपर्क नं.**: ९८६७१७३७७३

**वर्गीकृत डिस्प्ले**
आइतबार, मंगलबार, बिहीबार र शुक्रबार
रू. १००० ।-
मूअकबाहेक
विस्तृत जानकारीका लागि
कामना न्युज पब्लिकेशन प्रा.लि. भीमसेनस्थान
फोन : ४२१९९८४, ४२१९०२६
४२१९६२२, ४२१९४४५

## वर्गीकृत विज्ञापन

**डिप्रेशन र माईग्रेनको सफल उपचार !!!**
- टाउको दुख्ने, चस्कने-घोच्ने, झुम्म हुने, रिङटा लाग्ने, कान कराउने डम्म हुने
- निन्द्रा नलाग्ने, झस्कने, निन्द्रामा बरबराउने, सपना नराम्रो देख्ने,
- डरलाग्ने, मुट हल्लने, आत्मबलको कमी, नर्भस हुने
- हातगोडा गल्ने, कमजोर महसुस हुने, हिनताबोध हुने
- डाह, छटपटि हुने, के गरौं कसो गरौं हुने, मर्न मनलाग्ने
- नकरात्मक सोच आउने, टोलाउने, हुलमा जान नसक्ने
- झर्को लाग्ने, चाँडै रिस उठ्ने, चाँडै बिर्सने
- धेरै आलस्य लाग्ने, रमाइलो गर्ने मन नलाग्ने, धेरै सुत्ने
- श्वास रोकिएला जस्तो हुने, गाह्रो हुने, केही भैहाल्ने होकी भनेर आत्तिने।
- हातखुट्टा पोल्ने, झमझम्याउने, निदाउने
- ग्यास्ट्रिक र स्टुलमा म्युकस देखिने समस्या
- पढ्नमा कन्सनट्रेशन नहुने र मेमोरी पावरको कमी पूर्ति गरिने
- पिसाब चाँडे चाँडो लाग्ने, मुख वा शरिर हप्प तात्ने, घाँटीमा अप्ठ्यारो भइरहने, हात वा शरिर काम्ने हुने
- औषधि खाँदा पनि निको नभएको प्रेशर समस्या ठिक पारिने
- औषधी खाँदा वा इन्सुलिन लिंदासमेत ठिक नभएको सुगर रोगी ठिक हुने
- आँखा पोल्ने, बिझाउने, सुख्खा हुने
- ढाड दुख्ने, नसा च्यापिएको, छाती मुटु दुख्ने, पेट दुख्ने, पोल्ने, डम हुने, खाएको नपच्ने निको हुने।

नोट : **कहींबाट नभएकाहरूलाई पनि निको पारिने।**

उपचारमा नयाँ आविस्कार सम्बन्धी NTV+ बाट प्रत्येक सोमबार प्रसारण हुने कार्यक्रम बिहान ८:०० देखि ८:३० सम्म र प्रत्येक मंगलबार दिउँसो २:०० देखि २:३० बजेसम्म आउने कुरा सबैमा अवगत गराइन्छ।

**युनिक मेडिटेशन सेन्टर**
नारायणी पेट्रोल पम्प
रिङरोड, बाफल
४२७९५९५, ९८४९२२८०५९, ९८१३१२५५५८

**मर्मत**
अमूल्य समय, अनावश्यक खर्च र झन्झटबाट छुट्टकारा पाउन पन्चरसिल पन्चरप्रुफ प्रयोग गर्नुहोस् साथै लोडसेडिङको विकल्पको लागि ९५० VA देखि ६.५ KVA सम्मको I र III फेज जेनेरेटरहरु धमाधम बिक्री भइरहेको छ। डिलर चाहनेले र BULKमा लट नै उठाउँन चाहनेले पनि सम्पर्क राख्नुहोला।

**उपलब्धी सुविधाहरू**
(१) मोटरसाइकल खरिद बिक्री।
(२) जेनेरेटर मर्मत होम सर्भिस।
(३) नयाँ जेनेरेटर बिक्री।
(४) इन्जिन मर्मत १०,००० किमि ग्यारेन्टी।
(५) डेन्टपेन्ट र रंगरोगन

**चाहियो**
मोटरसाइकल मिस्त्री र हेल्पर चाहियो।
खान बस्नको सुविधासहित।
If you are satisfied, tell others
If not tell us.
**राजु मो-बाइक कन्सर्न**
न्यूप्लाजा, पुतलीसडक, काठमाडौं
फोन नं. ४४३१२८९, ५०१०५५०

**बाथ तथा दमको अचुक उपचार**
हिमाली जडीबुटीहरूको ११ वर्षको लगातार अनुसन्धानपश्चात् साध्य तथा असाध्य रोगमा अपूर्व सफलता।
बाथ एवं नसारोग : स्यालको बोसो, चौंरीको घियू, मूला बीउ, रायो बीउको तेलमा ५१ जडीबुटीलाई सिद्ध गरिएको मालिस तेल र ८१ जडीबुटीबाट निर्मित खाने औषधीबाट बाथमा सफलता।
दम : रूद्राक्षको जराको सत्व, कागतीको जराको सत्व, कण्टकारीको जराको सत्व, दशौं वर्ष पुरानो सख्खर (गुड) का साथमा १३ जडीबुटीलाई सिद्ध गरिएको औषधीबाट दममा सफलता।
मधुमेह : मधुमेह धातु (वीर्य क्षीण हुने) रोग पनि भएकाले वीर्य पुष्टिका लागि- गुर्जोको सत्व, कृष्णब्राम्ही, विमिरोको जराको सत्व, ओखरको तेल, बाँसको जराको सत्व, नीर बाबरीको दानालगायत ११ जडीबुटीबाट वीर्य पुष्टि एवं मधुमेहमा सफलता साथै ग्यास्ट्रिक, अल्सर, पुरानो आउँ, अल्काई, पिनास, पुरानो खोकी, प्याराालाईसिस, साइटिका, कम्मर-घुँडा दुख्ने, नसा च्यापिएको, हड्डी खिइएको, महिनावारीमा तल्लो पेट दुख्ने, श्वेतप्रदर, शीघ्रपतन, यौन अक्षमता, गानोगोला जस्ता सबै खाले पुराना रोगको सफल उपचार गरिन्छ।

**विशाल आयुर्वेद तथा ध्यान-दर्शन योगाभ्यास प्रशिक्षण आश्रम**
**महाराजगन्ज चक्रपथ, नारायणगोपाल चोक परमेश्वर मार्ग, आस्था कला केन्द्रसँगै (अमेरिकन एम्बेसीको अपोजिट साइडबाट ५-७ घर माथि आएपछि परमेश्वर मार्गमा छिर्ने)**
**फोन** : ४७२००४६
**मोबाइल** : ९८५१०७३५००

## नेपाल समाचारपत्र को वर्गीकृत विज्ञापन तथा ग्राहक संकलन काउन्टरहरू

**काठमाडौं**
गोर्खा न्यूज एण्ड स्टेशनरी सोह्रखुट्टे, नयाँबजार, फोन : ४३५५७६०, ९८४१८८७७१६, फ्याक्स नं. : ४३८५३९९ ● स्मार्ट इन्भेष्टमेन्ट प्रोमोशन नेपाल, जोरपाटी, फोन नं. : ०१४९१३०१०, ९७४१०१७२५३ ● एस.एस. स्टेसनरी, बालाजु, ४३८०२३०, ४३८७२७५ ● बी.एन्ड.बी. स्टेशनरी एन्ड कम्युनिकेसन सेन्टर महाराजगन्ज फोन: ३७०७०५, फ्याक्स: ३७२७९९ ● जय बागेश्वरी कम्युनिकेसन जयबागेश्वरी, फोन : ४४६७०३४, २०१३९११, ४४६६६११, ४४७६८१७ ● योञ्जन कम्युनिकेसन विशालनगर ४-४१६५६१, ४-४३५१८७ ● वीडलिक मिडिया प्रा.लि. पुरानो बानेश्वर चोक, ४४९२३०९/२०१४९३२, ९८४३१०५७३८ ● किपु बुक प्वाइन्ट कीर्तिपुर ३३१७७५ ● कार्य विनायक बुक एन्ड स्टेसनरी ४२६७३२४ वसन्तपुर ● मनकामना कम्युनिकेसन चावहिल ४४६७८४७, फ्याक्स : ४४८६८१९ ● डी.के. बुक, भोटाहिटी २५२३२० ● माउण्टेन एयर एक्सपोर्ट एण्ड ट्रेडर्स जावलाखेल, बागडोल फोन : ५५५४७५५, ५५४३७१९ ● होराइजन कम्युनिकेसन गोंगबु नयाँ बसपार्क, फोन: ३५३९४१, फ्याक्स: ३५३९९६ ● ध्रुवको पसल डिल्लीबजार, फोन: ४३९२०१ ● पञ्चावती बुक्स एण्ड स्टेसनरी चावहिल चोक, फोन: ४८६५१३, ४-४८१४३६ ● पिपल्स बुक्स, पकनाजोल, २१८०४४, ४-२१२३८५ ● सार्वजनिक टेलिफोन, पब्लिक कन्ट्रयाक्ट प्वाइन्ट कालीमाटी चोक, फोन नं. : ४-६७४८०१ ● मनकामना गिफ्ट ग्यालरी वनस्थली ४३६४९२४ ● काष्ठमण्डप डिस्ट्रिब्युसन प्रा.लि. टेकु, काठमाडौं, फोन : २०१०८२१, ०१६२२०७८५, मो. ९८५१०७२००४ ● साइ म्युजिक एन्ड मुभिज नयाँ बानेश्वर, फोन : ४४६१३५५, ४४९३५१२ ● बाबा सपिङ प्वाइन्ट महाराजगन्ज फोन: ४-४२६५४५ ● न्यू पी.पी. बुक्स एन्ड ट्रेडर्स कलंकी चोक फोन: २८२४५१, २८०६७३, फ्याक्स: २८१८०२ ● कान्तिपुर फोटोकपी एण्ड स्टेसनरी सप्लाईर्स स्वयम्भु किमडोल, राईजी फोन: २८१०४५, मोबाइल : ९८१०-७०४३५ ● कम्युनिकेशन प्लस, क्षेत्रपाटी ढल्को फोन : २०२१९४८, ४-२६६७५१ सनम स्टेसनरी एण्ड जनरल सप्लाईर्स, सोह्रखुट्टे फोन: ३५८६४१ ● स्टुडेन्ट बुक्स एण्ड स्टेसनर्स जोरपाटी चोक (मिनिबस स्टप) फोन: ४७६६२८ ● विद्या बुक्स एन्ड स्टेसनरी लेखनाथमार्ग, ठमेल, फोन : ४४१३९५४ ● मिडिया एन्ड कम्युनिकेसन नेटवर्क पेप्सीकोला, फोन : ६६३७९१९, ४२४६९३५, ९८५११०६५७५ ● सन्ध्या बुक्स सेन्टर ४३१२५३१ (स्पेन्ट्र) थानकोट, इमाखेल (बसपार्क) नवीन बुक्स एन्ड स्टेशनरी, अनामनगर गौशाला बुक्स एन्ड स्टेशनरी, गौशाला, फोन: ४-४८३६१४ ● एमएस सेढाइ स्टेसनरी एन्ड बुक्स सेन्टर बसुन्धरा-९, काठमाडौं, ४३५६४७५ ● SEVEN EDUCATIONAL CONSULTANCY (P) Ltd . Putalisadak, Kathmandu, Phone : 4238020, 4-424615, P .O . Box : 24829 l Nepaltar Cyber &Communation Nepaltar, Kathmandu, Contact No : 01-4384875, 9841-419658 ● शिक्षा बुक्स एन्ड स्टेसनर्स सामाखुसी, काठमाडौं, ४३६५७७६, मोबाइल : ९८४१-४८३०९६ (नवराज अधिकारी) ● क्वीक कम्यूनिकेशन प्रा.लि., बालाजु, फोन नं. : ४-३८३४५२, फ्याक्स : ४-३८५४२६ स्वयम्भु कम्युनिकेशन, डल्लु, आवास, दयामान वज्राचार्य ९८४१२९१७३ फोन : ४२७४६३३, ४२८९२६०

**ललितपुर**
हाम्रो टेलिफोन सेवा (ग्वार्को) ५५५०१२४, ५५२४०९८, ५५५५०९८, ९७४१०५१८६० ● ज्ञान स्टेनसरी, पाटनढोका, फोन: ५४५५९२ ● ललित म्यागजिन एन्ड स्टेसनरी लगनखेल, ललितपुर, ५५५३९३१, ५५५३४३४० ● श्रेष्ठ स्टेसनरी सेन्टर ठैव, ललितपुर, फोन : ९८४१५१६९५७ ● लालित्य प्रिन्टर्स लगनखेल, फोन : ५५४३५८२ ● दिगो स्टेसनरी लगनखेल, फोन: ५४२२१२, प्रधान कमिनिकेशन ललितपुर, फोन: ९८४१७६९५९२ ● निशा बुक्स एण्ड स्टेशनरी, लगनखेल, ५५३१९५७, ९८४१६२७४८९

**भक्तपुर**
सुन्दर पुस्तक, ठिमी, ६३१४७३, ● मल: स्टेसनरी गठाघर, फोन: ६३०७५७ ● बेबिस आर्ट इटाछें : ६१२७२४

विदेशीको दलाली गर्ने र सत्तामा गएर नेपाली जनतालाई लुट्ने चुनावको खारेजीको अभियान थालेको नेपाल कम्युनिस्ट पार्टीले चुनावमा भाग नलिन उम्मेदवारहरुलाई भनेको छ।

# नेपाल

## दुई मिनेट

### म्यादी प्रहरी छनोट

इलाम, (नेस)

मंसिर २१ मा हुने प्रतिनिधि र प्रदेशसभा चुनावका लागि इलाममा १२ सय २५ जना म्यादी प्रहरी छनोट भएका छन्। चुनावलाई लक्षित गरी सरकारले म्यादी प्रहरीको माग गरेपछि इलाममा १२ सय २५ जनालाई छनोट गरिएको जिल्ला प्रहरी कार्यालय इलामले जनाएको छ। जसमा ८ सय ६९ पुरुष र ३ सय ५६ जना महिला छन्।

### ३ सिटका लागि १२ जना

बैतडी, (नेस)

प्रतिनिधिसभाक लागि १ र प्रदेशसभाका लागि २ निर्वाचन क्षेत्र रहेको बैतडीमा १२ जना प्रतिस्पर्धामा रहेका छन्। जसमध्ये प्रतिनिधिसभाको १ पदका लागि ५ जना उम्मेदवार बनेका छन् भने प्रदेशसभाका लागि क्षेत्र नं १ मा १ पदका लागि पनि ५ जना र क्षेत्र नं २ मा १ पदका लागि २ जना भिडिरहेका छन्।

### १० मतदान केन्द्र थपिए

लमजुङ, (नेस)

लमजुङमा १० वटा मतदान केन्द्र र ९ हजार मतदाता थपिएका छन्। स्थानीय तहमा गरिएको निर्वाचनको तुलनामा त्यो संख्या वृद्धि भएको जिल्ला निर्वाचन कार्यालयले जनाएको हो। स्थानीय तहमा १ सय ५५ मतदान केन्द्र रहेको लमजुङमा तयारी गरिएको प्रतिनिधि तथा प्रदेशसभाको निर्वाचनका लागि १ सय ६५ वटा मतदान केन्द्र र १ सय २३ मतदानस्थल तोकिएको जिल्ला निर्वाचन अधिकारी तुलसीप्रसाद तिमिल्सिनाले बताउनुभयो।

### १० मतदान केन्द्र अति संवेदनशील

डोटी, (नेस)

डोटीका १० वटा मतदानस्थल अति संवेदनशील रहेको सुरक्षा स्रोतले जनाएको छ। सुरक्षा समितिले तयार गरेको विवरणअनुसार जिल्लाभरिका १ सय ५७ मतदानस्थलमध्ये १० वटा अति संवेदनशील रहेको जनाइएको हो। जिल्लामा १ सय ५७ वटा मतदान केन्द्र रहेका छन्। गत वर्ष १ सय ५५ मतदान केन्द्र रहेकोमा प्रतिनिधिसभा र प्रदेशसभाका लागि मतदाता थपिएसँगै २ वटा मतदान केन्द्र थप भएको हो। यस्तै ३० वटा मतदानस्थल संवेदनशील रहेका छन् भने ११७ वटा मतदानस्थल सामान्य रहेको सुरक्षा समितिले विश्लेषण गरेको छ।

### हात्तीको समूहद्वारा क्षति

भद्रपुर, (नेस)

आइतबार राति जंगली हात्तीको समूहले एउटा घरमा क्षति पुऱ्याएको छ। झापाको हल्दिवारी-२ स्थित भेलागढी वनछेउमा रहेको मीना जवेगुको घरमा क्षति पुऱ्याएको हो। आइतबार राति पाराखोपी पश्चिमबाट स्थानीयले खेदाएपछि अतालिएर आएका २ बच्चासमेत ४ वटा हात्तीले भण्डार कोठा भत्काएर अन्न, भाँडाकुँडालगायतका सामग्रीमा क्षति पुऱ्याएको घरधनी मीनाले बताइन्। हात्ती आएको होहल्ला चलेपछि छरछिमेक र आफूसमेत घर छाडेर ज्यान बचाएको उनले बताइन्।

### असिना पानीले क्षति

प्युठान, (नेस)

शनिबार राति र आइतबार दिउँसो परेको असिना पानीले उत्तरी प्युठानका किसानहरूको अन्न, फलफूल तथा नगदेबालीमा ठूलो क्षति पुगेको छ। स्थानीय बासिन्दाले बताएअनुसार अन्नबालीले खेत तथा पाखो बारीमा लगाएको अन्नबाली धान, कोदो, तोरी, फापर र अन्य मौसमी तथा नगदेबालीमा नोक्सानी पुऱ्याएको छ। भित्र्याउने तयारी गरेको धान र कोदोबाली नष्ट भएको कृषकले बताए। फुल्नै लागेको बाली पनि असिना पानीले बर्बाद पारेको कृषकहरूले गुनासो गरे।

### मतदान केन्द्र थपियो

इलाम, (नेस)

प्रतिनिधि र प्रदेशसभा सदस्य चुनावका लागि इलाममा १७ वटा मतदान केन्द्र थप गरिएको छ। स्थानीय तहको निर्वाचनमा निर्धारण गरिएको मतदान केन्द्रबाट पुन १७ वटा केन्द्र थप गरिएको जिल्ला निर्वाचन कार्यालय इलामले जनाएको छ।

### सरसफाई अभियान तीव्र पारिने

रुकुम, (नेस)

रुकुमपूर्व र रुकुमपश्चिममा एकीकृत रूपमा पूर्ण सरसफाईको अभियान सञ्चालन भइरहेको अवस्थामा विद्यालयले नेतृत्व गरेर पूर्ण सरसफाई अभियान सञ्चालन गर्नुपर्नेमा पश्चिमरुकुममा आयोजित एक कार्यक्रममा सरोकारवालाहरूले जोड दिएका छन्। विद्यालयले नेतृत्त्व गर्ने पूर्ण सरसफाई अभियान र समुदायले नेतृत्त्व गर्ने पूर्ण सरसफाई अभियानलाई प्रभावकारी बनाइ दुवै रुकुमका सबै स्थानीय तहका जनप्रतिनिधिको अगुवाइमा काम गर्नुपर्नेमा जोड दिइएको हो।

## दाङमा वाम गठबन्धन

# दुई दलका प्रभावशाली नेताको एउटै क्षेत्रमा सहकार्य

नरेन्द्र केसी, घोराही, दाङ





वाम गठबन्धन बन्नुअघि दाङ क्षेत्र नम्बर २ मा दुई प्रभावशाली नेता कृष्णबहादुर महरा र शंकर पोखेलबीच प्रतिस्पर्धा हुने देखिएको थियो। तर, वाम गठबन्धन बनेसँगै यो अवस्था फेरियो र यो क्षेत्रबाट को उम्मेदवार बन्ने भनेर निकै चर्चा रह्यो। अन्ततः दुवै नेता एउटै क्षेत्रबाट सहकार्य गर्ने सहमति भएको छ।

वाम गठबन्धनको सहमतिअनुसार माओवादी नेता महरा र एमाले नेता पोखेलबीच एउटै क्षेत्रमा सहयात्रा हुने भएको छ। महरालाई संघमा उठाउने र पोखेललाई ५ नम्बर प्रदेशको मुख्यमन्त्रीको तयारीसहित प्रदेशमा उठाउने निर्णयमा गठबन्धन पुगेपछि दुवै नेताले एउटै क्षेत्रमा सहयात्रा गर्ने अवस्था आएको हो।

यसैबीच आसन्न प्रतिनिधिसभा र प्रदेशसभाका लागि दाङमा वाम गठबन्धनका नेकपा एमाले र नेकपा माओवादी केन्द्रले क्षेत्र विभाजन टुंग्याएका छन्। जसअनुसार एमालेले प्रतिनिधिसभाका २ र प्रदेशसभाका ३ क्षेत्र पाएको छ भने माओवादी केन्द्रले प्रतिनिधिसभाको १ र प्रदेशसभाका २ क्षेत्र पाएको छ।

दुवै दलद्वारा गठित उच्चस्तरीय कार्यदलको सहमतिअनुसार एमालेले प्रतिनिधिसभाको क्षेत्र नम्बर १ र ३ पाएको छ। ती क्षेत्रमा उम्मेदवार पनि टुंगो लगाइसकेको एमाले स्रोतले जनाएको छ। जसअनुसार प्रतिनिधिसभा क्षेत्र नम्बर १ मा मेटमणि चौधरी र क्षेत्र नम्बर ३ मा हिराचन्द्र केसी लड्ने टुंगो लागेको एक नेताले बताए।

त्यस्तै एमालेले प्रदेशसभाअन्तर्गत संघीय निर्वाचन क्षेत्र नम्बर १ को २, संघीय निर्वाचन क्षेत्र नम्बर २ का १ र २ तथा संघीय निर्वाचन क्षेत्र नम्बर ३ को २ पाएको छ। जसमा संघीय निर्वाचन क्षेत्र नम्बर १ को प्रदेश निर्वाचन क्षेत्र नम्बर १ मा रेवतीरमण शर्मा, संघीय निर्वाचन क्षेत्र नम्बर २ को प्रदेश निर्वाचन क्षेत्र नम्बर १ शंकर पोखेल र २ मा अमर डाँगी चुनाव लड्ने निश्चित भएको एक नेताले बताए। यद्यपि पोखेल र डाँगीको निर्वाचन क्षेत्रमा हेरफेर हुनसक्ने स्रोतको भनाइ छ। त्यस्तै संघीय निर्वाचन क्षेत्र नम्बर ३ को प्रदेश निर्वाचन क्षेत्र नम्बर २ मा उत्तरकुमार ओली चुनाव लड्नुहुने भएको छ।

माओवादी केन्द्रले पाएको संघीय निर्वाचन क्षेत्र नम्बर २ मा कृष्णबहादुर महरालाई उम्मेदवार बनाउने निर्णय गरिसकेको छ भने बाँकी क्षेत्रमा टुंगो लाग्न बाँकी छ। टुंगो लाग्न बाँकीमध्ये संघीय निर्वाचन क्षेत्र नम्बर १ को प्रदेश निर्वाचन क्षेत्र नम्बर १ मा निर्मल आचार्य, इन्द्रजीत चौधरी, नारायणी शर्मा र लीला शर्मामध्ये १ जनाले टिकट पाउने सम्भावना रहेको स्रोतले जनाएको छ। त्यस्तै संघीय निर्वाचन क्षेत्र नम्बर ३ को प्रदेश निर्वाचन क्षेत्र नम्बरमा जगप्रसाद शर्मा 'अपार' र कुवेर ओलीमध्ये १ जनाले टिकट पाउने सम्भावना रहेको स्रोतको भनाइ छ।

# 'कांग्रेस व्यक्ति नभई विचार हो'

लमजुङ, (नेस)

नेपाली कांग्रेसका पूर्वकेन्द्रीय सदस्य दिलबहादुर घर्तीले नेपाली कांग्रेस व्यक्ति नभई विचार भएको दाबी गर्नुभएको छ। नेपाली कांग्रेस सुन्दरबजार नगरकार्य समितिले आयोजना गरेको विशेष भेलामा सम्बोधन गर्दै नेता घर्तीले यस्तो बताउनुभएको हो।

'हामी २००७ सालदेखि प्रजातन्त्रका निम्ति लड्दै आएका छौं, बीचमा धेरै उतारचढाब आए तर हामीले जित्दै आएका छौं', नेता घर्तीले भन्नुभयो- 'कांग्रेस विचार र सिद्धान्तको राजनीति हो, विचार कहिल्यै हार्दैन र हामीले हारेका छैनौं।'

राज्य व्यवस्था समितिका निवर्तमान सभापतिसमेत रहनुभएका नेता घर्तीले विचार कहिल्यै पराजित नहुने भन्दै विजयी मानसिकताले अघि बढ्न कार्यकर्ताहरूलाई आग्रह गर्नुभयो। उहाँले स्थानीय तह निर्वाचनको परिणामलाई लिएर हारको मानसिकता नबनाउन कार्यकर्ता तथा शुभचिन्तकहरूलाई आग्रह गर्नुभयो। उहाँले कांग्रेस विचार भएको हुँदा यसमा हिड्नेहरूले नै आगामी प्रतिनिधिसभा र प्रदेशसभा निर्वाचनमा इज्जतदार विजय हासिल गर्ने दाबी गर्नुभयो। वाम गठबन्धनप्रति इङ्गित गर्दै नेता घर्तीले कम्युनिस्टहरूले जनचाहनाको नारा दिएर २/४ जना नेताको चाहना पूरा हुने गरी अघि बढेको दाबी गर्नुभयो। 'सदियौंदेखि जनताका निम्ति हामी लड्दै आएका छौं। 'कम्युनिस्टहरू जनचाहनाको नारा लिँदै सत्तास्वार्थका निम्ति लडिरहेका छन्' -नेता घर्तीले भन्नुभयो।

कार्यक्रममा कांग्रेसका जिल्ला सभापति भेषबहादुर पौडेलले आसन्न निर्वाचन प्रतिष्ठाको लडाइँ भएको बताउनुभयो। उहाँले विगतमा के भयो भन्दा पनि अब कांग्रेसले जित्नुपर्छ भन्ने मानसिकतामाअघि बढ्न कार्यकर्ताहरूलाई आग्रह गर्नुभयो। यसैगरी, कांग्रेसका निवर्तमान जिल्ला सभापति तथा प्रदेशसभा 'ख' का उम्मेदवार कृष्णप्रसाद कोइरालाले लमजुङको विकास निर्माणमा आफू पहिलेदेखि लागिपरेको बताउनुभयो। मुलुकको अस्थिर राजनीतिक अवस्थामा पनि जिल्लाको विकास निर्माणमा आफूले पार्टी सभापतिका तर्फबाट महत्त्वपूर्ण भूमिका निर्वाह गरेको उहाँले बताउनुभयो।

नेपाली कांग्रेस सुन्दरबजार नगर कार्य समितिका सभापति ठाकुरप्रसाद तिवारीको अध्यक्षतामा भएको कार्यक्रममा निवर्तमान सांसद एवं पूर्व जिल्ला सभापति चन्द्रबहादुर कुँवर, जिल्ला सचिव हरिप्रसाद बराल, महासमिति सदस्य आनन्द घिमिरेलगायतले मन्तव्य राख्नुभएको थियो।

# ठेक्काबाट जिससलाई डेढ करोड फाइदा

बिष्णु तिमिल्सिना, बर्दिया

जिल्ला समन्वय समिति बर्दियाद्वारा वर्षेनी दिइने नदीजन्य ढुंगा, गिट्टी र बालुवा संकलनको ठेक्का कर्मचारीहरूको मिलेमतोमा कम रकममा दिइने गरेकोमा निर्वाचित जनप्रतिनिधिहरू आएपछि कर्मचारीहरूको निर्णय सच्याइ पुनः ठेक्का आह्वान गर्दा चालु आर्थिक वर्षमा झन्डै डेढ करोड रकम राजस्व रकम वृद्धि हुनेभएको छ।

चालु आर्थिक वर्षमा २०७४/७५ का लागि बर्दिया जिल्लामा बग्ने कर्णाली, गेरुवा, बबई, मान नदी र डुडुवा नालाबाट ढुंगा, गिट्टी र बालुवा उत्खनन् गरी संकलन र वितरण गर्नका लागि जिल्ला समन्वय समितिले २०७४ आसार २१ गते न्यूनतम १ करोड ५० लाख ८० हजार रुपियाँ न्यूनतम राजस्व महसुल तोकेर १५ दिने ठेक्का सूचना जारी गरिएको थियो। उक्त सूचनाको बोल कबुल टेन्डर ५ जनाले पेस गर्दा १ करोड ६१ लाखमा महिमा एन्ड कालीगण्डकी जेभीको अधिकतम रकम बोल टेन्डर परेको थियो तर प्राविधिक कारण देखाइ विवादित भइरहेको अवस्थामा निर्वाचित प्रतिनिधि आएपछि उक्त टेन्डर बदर गरियो।

दोस्रो पटक २ करोड ५० लाख रुपियाँ न्यूनतम राजस्व महसुल निर्धारण गरी ठेक्का आह्वान गरियो। उक्त टेन्डरबमोजिमको बोल कबुल रकम सन्तोषजनक रकम नआएको भनि तेस्रो पटक भाद्र ५ गते फेरि टेन्डरको सूचना आह्वान गरियो। सो सूचनाबमोजिम हिमालय ब्लक उद्योगले ५ करोड ३१ लाख ११ हजार ७ सय ८६ रुपियाँ ठेक्का कबुल गरेकोमा सो उद्योगले ठेक्का लिन नसक्ने भनेर निवेदन दिएपछि दोस्रो अधिकतम रकम कबुल गरेको हिमाली इँटा उद्योग ४ करोड ८६ लाख ५ सय रुपियाँमा ठेक्का सम्झौता भई काम शुरू गरेको छ।

गत वर्ष ढुंगा, गिट्टी र बालुवा संकलन र वितरणका लागि ३ करोड ७६ लाख रुपियाँमा कालीगण्डकी कन्ट्रक्सनले तत्कालीन जिल्ला विकास समितिबाट ठेक्का लिएको थियो। सामान्यतया राजस्व रकम निर्धारण गर्दा अघिल्लो वर्ष गएको ठेक्का गएको रकमलाई आधार बनाइनुपर्नेमा गत वर्षभन्दा २ करोड २५ लाख २० हजार कम न्यूनतम राजस्व मूल्य राखी ठेक्का आह्वान गरिनुले ठेक्का व्यवसायीसँग कर्मचारीहरूको आर्थिक चलखेल र मिलेमतो भएको सहजै अनुमान गर्न सकिन्छ। स्थानीय विकास अधिकारीको अध्यक्षतामा रहेको राजस्व परामर्श समितिको निर्णयअनुसार उक्त अंक न्यूनतम राखिएको कुरा राजस्व शाखाका मित्रप्रसाद गिरीले बताउनुभयो।

कोष तथा लेखा नियन्त्रण कार्यालयका प्रतिनिधि, लेखाशाखा प्रमुख, उद्योग वाणिज्य संघका प्रतिनिधि रहेको राजस्व परामर्श समितिले अघिल्लो वर्षको भन्दा दोब्बर कम न्यूनतम रमक कम राख्दा जिल्ला समन्वय समितिलाई करोडौं रुपियाँ घाटा हुने भएको थियो। यस सम्बन्धमा जिल्ला समन्वय समितिका उपप्रमुख मानबहादुर विष्टले जिल्ला समन्वय समितिको निर्वाचन भएलगत्तै ठेक्कासम्बन्धी विवाद देखियो र राजस्व रकम कम देखिएकोले खुला प्रतिस्पर्धा गराउन २ पटकसम्म ठेक्का बदर गर्नुपरेको बताउनुभयो।

जिल्ला समन्वय समितिको निर्वाचन भएपछि समन्वय समितिले २ पटकसम्म पुनः ठेक्का आह्वान गरी राजस्व रकम गत वर्षभन्दा १ करोड ११ लाख ५ सय रुपियाँ यस वर्ष ठेक्का रकम वृद्धि भएको छ भने पहिलो बोल कबुल गर्ने ठेकेदारको धरौटी रकम २६ लाख ५५ हजार ५ सय ८९ रुपियाँ जफत भएको र उक्त रकमसमेत जोड्दा सो ठेक्कबाट कुल १ करोड ३७ लाख ५६ हजार ८९ रुपियाँ जिल्ला समन्वय समितिको कोष रकममा वृद्धि हुने भएको छ।

विगतमा ठेक्का व्यवसायी र कर्मचारीहरू(विषेश गरी राजस्व परामर्श समिति)को मिलोमतोमा विभिन्न ठेक्काहरू कम मूल्यमा दिइने गरेकोमा यस वर्ष जनप्रतिनिधिद्वारा पूर्व निर्णयमा सुधार गरी संस्थाको आयस्रोतामा वृद्धि गराउनु सकारात्मक रुपमा लिइएको छ। यसै गरी जिल्ला समन्वय समितिद्वारा अन्य ठेक्का पनि संस्थागत हितलाई ध्यान दिनुपर्ने र खर्चहरूमा पनि मितव्ययिता अपनाइ संस्थाका हितमा खर्च गरिनुपर्ने कुरामा जिल्लाबासीले अपेक्षा गरेका छन्।

# विप्लवले उम्मेदवारलाई सम्झाउने

नेपाल समाचारपत्र

बाँके




नेत्रविक्रम चन्द विप्लव नेतृत्त्वको नेपाल कम्युनिस्ट पार्टीले चुनावमा सहभागी नहुन उम्मेदवारहरूलाई आग्रह गर्ने भएको छ।

विदेशीको दलाली गर्ने र सत्तामा गएर नेपाली जनतालाई लुट्ने चुनावको खारेजीको अभियान थालेको नेपाल कम्युनिस्ट पार्टीले चुनावमा भाग नलिन उम्मेदवारहरूलाई भनेको छ। 'हामी चुनावको विरुद्धमा छौं, त्यसमा पनि दलाल उम्मेदवारलाई हामी कारबाही गर्छौं' -एक नेताले भने।

बाँकेका जनसरकार प्रमुख देवबहादुर रोकायले चुनावमा सहभागी नहुन आग्रह गर्ने कार्यक्रम रहेको बताउनुभयो। 'नउठ्नुस् भन्ने हो, उठिहालेमा के गर्ने भन्ने निर्णय आइसकेको छैन' -जनसरकार रोकायले भन्नुभयो।

पार्टीले सोमबार नेपालगन्जमा आयोजना गरेको वर्तमान परिस्थिति र हाम्रो दायित्व विषयक अन्तरक्रियामा बाँके जिल्ला इन्चार्ज पूर्णबहादुर सिंहले सत्ता र शक्तिका लागि गठबन्धन भएको बताउनुभयो। उहाँले चुनाव खारेजको अभियान चलाएको बताउनुभयो।

नेपाली जनआन्दोलनहरू सम्झौतामा गएर टुंगिँदा नेपाली जनताले अधिकार नपाएको बताउँदै सिंहले आफ्नो पार्टीले थालेको एकीकृत जनक्रान्तिले वैज्ञानिक समाजवादमा पुऱ्याउने दाबी गर्नुभयो। उहाँले वाम गठबन्धनलाई उत्तरतिर नजिक हुन गरिएको टिप्पणी गर्नुभयो। बाँके इन्चार्ज सिंहले गाउँ-गाउँमा सिंहदरबार पुऱ्याउने होइन, राजनीतिक जनसत्ता पुऱ्याउनुपर्ने बताउनुभयो।

नेपाल सरकार
महिला, वालवालिका तथा समाज कल्याण मन्त्रालय
बाल कल्याण गृह, विराटनगर, मोरङ्को

ग्यारेज तथा पाले घर निर्माण सम्बन्धी सिलबन्दी दरभाऊ पत्र पेश गर्ने बारेको सूचना

प्रथम पटक प्रकाशित मिति : २०७४।०७।१४

यस बाल कल्याण गृहको आ.व.०७४/०७५ को बार्षिक कार्यक्रम अनुसार तपसिलमा उल्लेखित निर्माण कार्य दरभाउपत्रद्वारा गराउन पर्नेभएकाले निम्न शर्तहरुको अधिनमा रही निर्माण कार्य गर्न इच्छुक फर्म, कम्पनि वा संस्थाले यस कार्यालय र कोष तथा लेखा नियन्त्रक कार्यालय मोरङ्गबाट दरभाउपत्र फाराम खरिद गरी निम्न शर्तहरुको अधिनमा रही दरभाउपत्र सिलबन्दी गरी यस कार्यालयमा पेश गर्नु हुन यो सूचना प्रकाशित गरिएको छ।

१. दरभाउपत्र फारम यो सूचना प्रकाशित भएको मितिले १५ औं दिन (मिति २०७४।०७।२८) कार्यालय समयसम्म रु.१०००।- (पछि फिर्ता नहुने) राजश्व बुझाई खरिद गर्न सकिनेछ। दरभाउपत्र फारम खरिदका लागि निवेदन दिँदा निर्माण कार्यको प्रमाण पत्रको प्रतिलिपि, मु.अ.करमा दर्ता भएको प्रमाणपत्रको प्रतिलिपि, गत आ.व.सम्मको कर चुक्ताको प्रतिलिपि समेत पेश गर्नुपर्नेछ।
२. दरभाउपत्र सूचना प्रकाशित भएको मितिले १६ औं दिन (२०७४।०७।२९) को १२.०० बजे सम्ममा यस कार्यालयमा दर्ता गरी सक्नु पर्नेछ र दाखिला भएका दरभाउपत्रहरु सोही दिन दिनको २.०० बजे कार्यालय प्रतिनिधि र दरभाउपत्रदाता प्रतिनिधिको रोहवरमा यसै कार्यालयमा खोलिने छ। दरभाउपत्र खरिद गर्ने अन्तिम दिन, दर्ता गर्ने, खोल्ने दिन सार्वजनिक बिदा परेमा सो को भोलिपल्ट क्रमशः उल्लेखित समय अनुसार नैउक्त कार्यहरु हुनेछ।
३. धरौटी वापतको रकम को.ले.नि.का., मोरङ्गको एकल खाता कृषि विकास बैंक लि., विराटनगर स्थित खाता नं. ०६०१६०१०१४०७००४५ धरौटी खातामा यस बाल कल्याण गृह, विराटनगरको कार्यालय कोड नं.१०-३४०-०२ उल्लेख गरी जम्मा गरेको बैंक भौचर पेश गर्नुपर्नेछ वा कम्तिमा ७५ दिनको म्याद भएको मान्यता प्राप्त वाणिज्य बैंकले जारी गरेको बैंक ग्यारेन्टी पत्र (विड वण्ड) शिलबन्दी दरभाउपत्र पत्रसाथ पेश गर्नुपर्नेछ।
४. दरभाउपत्र भर्दा Bill Of Quantity को प्रत्येक महलमा छुट्टाछुट्टै VAT बाहेकको कबोल अङ्क र अक्षर दुबै महलमा भरी पेश गर्नुपर्नेछ। अङ्क र अक्षरमा फरक परेमा अक्षरमा लेखिएकोलाई मान्यता दिइने छ।
५. दरभाउपत्र दाखिला गर्दासोसाथ प्रमाणित गरेको ठेक्का पट्टाको प्रमाण पत्रको प्रतिलिपि, आयकर स्थायी लेखा नम्बरको प्रमाण पत्रको प्रतिलिपी, मूल्य अभिवृद्धि करमा दर्ताभएको प्रमाणपत्रको प्रतिलिपी, गत आ.व.सम्मको कर चुक्ताको प्रतिलिपी, धरौटी रकम बापत बैंक दाखिला गरेको सक्कलैभौचर वा कम्तीमा ७५ दिन म्याद अवधि भएको मान्यता प्राप्त वाणिज्य बैकबाट जारी भएको बैंक ग्यारेण्टी पत्र (बिडबण्ड), सार्बजनिक खरीद नियमावली २०६४ परिच्छेद५ को नियम ४० को २( ङ) बमोजिम लिखित रुपमा घोषणा पत्र सिलबन्दी दरभाउ साथै पेश गर्नुपर्नेछ। रित पूर्वक नभएको र म्याद नाघि आएको दरभाउपत्र फारम स्वीकार्य हुने छैन । पेश गरिएको प्रत्येक कागजातमा दरभाउपत्रदाताले समेत प्रमाणित गरिएको हुनु पर्नेछ।
६. पेश भएको दरभाउपत्र स्विकृत गर्ने वा नगर्ने अधिकार यस कार्यालयमा रहने छ। यस सूचनामा उल्लेख भएका कुराहरु यसै सूचना वमोजिम हुनेछ र अन्यको हकमा दरभाउपत्र कागजात, सार्बजनिक खरिद ऐन २०६३ र सार्बजनिक खरिद नियमावली २०६४ बमोजिम हुने छ।

तपसिलः

| क्र.स. | कामको विवरण | लागत इष्टिमेट रकम (मू.अ.कर बाहेक) | धरौटी रकम |
|---|---|---|---|
| १ | ग्यारेज तथा पाले घर निमार्ण कार्य | १६,८५,६३०/ | ५०,०००/ |

# विश्व

**खराब मौसम**
भीषण वर्षाको क्रममा अस्ट्रेलियाको क्विन्सल्याण्डको आकाशमा आइतबार राति १ लाख ७६ हजार पटक बिजुली चम्केको थियो।



**चर्चा**
भारतको कंग्रेस पार्टीका नेता राहुल गान्धीका पाल्तु कुकुर 'पिडी' आफ्नो मालिकको अकाउन्टबाट ट्विट गरी चर्चामा आएको छ।





**विश्व २ मिनेट**

## म्यान्मार

### सेनाको समर्थनमा र्‍याली

यांगुन, (एजेन्सी)

लाखौं संख्यामा राहिंग्या मुस्लिम छिमेकी बंगलादेशमा पलायन हुन बाध्य पारेको हिंसाका कारण व्यापक आलोचित भएको म्यान्मार सेनाको समर्थनमा देशको सबैभन्दा ठूलो शहरमा नागरिकहरूले र्‍यालीको आयोजना गरेका छन्। बौद्ध राष्ट्रवादी, भिक्षुलगायत २ हजारभन्दा बढी सेना समर्थक उक्त जुलुसमा सहभागी भएको जनाइएको छ। सेना बलियो भएमा मात्र देशको सम्प्रभुता सुरक्षित हुने भएकाले सेनालाई समर्थन गर्न आह्वान गर्न चाहेको एक वरिष्ठ बौद्ध राष्ट्रवादी भिक्षु जोगाराले भिडमा सम्बोधन गरेका थिए। रखाइन प्रान्तमा भएको पछिल्लो हिंसात्मक दमनका कारण ६ लाख रोहिंग्या बंगलादेश पलायन भएका छन्।

## भारत

### २१ शिशुको मृत्यु

नयाँदिल्ली, (एजेन्सी)

भारतको गुजरात राज्यको अहमदावाद सिभिल अस्पतालमा विगत ५ दिनमा २१ नवजात शिशुको मृत्यु भएको बताइएको छ। अस्पतालका निर्देशक डाक्टर एमएम प्रभाकरले गत बुधबारदेखि आइतार रातिसम्ममा अस्पतालमा २१ बच्चाको मृत्यु भएको जानकारी दिए। १ सय बेड क्षमताको उक्त अस्पतालमा विभिन्नका कारण दैनिक दुई तीन नवजात शिशुको मृत्यु हुने गरेको उनले बताए। पछिल्लो समयामा धेरै बच्चाको मृत्यु हुनुको कारण समयअगाडि प्रशव हुनु र श्वास लिनमा कठिनाइ तथा संक्रमण भएको उनले जानकारी दिए। उक्त अस्पतालमा गुजरातबाहेक राजस्थान र मध्यप्रदेशबाट पनि बच्चाहरूको उपचार गराउन आउँछन्।

## पोल्यान्ड

### भीषण आँधी

वार्सा, (एजेन्सी)

मध्य तथा उत्तरी युरोपमा फैलिएको भीषण आँधी हुरीका कारण जर्मनी, पोल्यान्ड र चेक गणतन्त्रमा कम्तीमा ६ जनाको ज्यान गइसकेको सोमबार युरोपेली सञ्चारमाध्यमले जनाएको छ। मर्नेमध्ये एक जना ६३ वर्षीय वृद्ध पनि रहेका छन्। उनको जर्मनीको समुद्रमा डुबेर मृत्यु भएको हो। त्यसैगरी जर्मनीमा नै बिदा मनाइरहेका अन्य दुईजना व्यक्तिको मोटोर बोट पल्टिँदा मृत्यु भएको छ। चेक गणतन्त्रको उच्च पहाडी भागमा प्रतिघण्टा १ सय ८० किमि वेगमा हुरी चलिरहेको छ।

## अफगानिस्तान

### प्राध्यापक सिकिस्त

काबुल, (एजेन्सी)

अफगान तालिवान लडाकूले सोमबार गत वर्ष राजधानी काबुलमा बन्दुक तेर्साएर अपहरण गरिएका अमेरिकन युनिभर्सिटी अफ अफगानिस्तानका दुई जना प्राध्यापकमध्ये एक जना सिकिस्त बिरामी परेको र उनको तत्काल उपचारको आवश्यकता रहेको जनाएको छ। तालिवान प्रवक्ता जविहुल्लाह मुजाहिदले किंग नामक ती अमेरिकी मुटु र मृगौलाको गम्भीर समस्याबाट पीडित रहेको बताएका छन्। एक विज्ञप्तिमार्फत मुजाहिदले भने- 'उनको अवस्था गम्भीर छ। उनका खुट्टा सुन्निएका छन्। उनी समय समयमा बेहोस हुने गरेका छन्।' अपहरित अर्को प्राध्यापक अस्ट्रेलियाली हुन्।

# 'ट्रम्प एसिया भ्रमणमा रहँदा उत्तर कोरियाले आणविक परीक्षण गर्नसक्ने'

वासिङ्टन, (एजेन्सी)






यसै साताको उत्तरार्धमा अमेरिकी राष्ट्रपति डोनाल्ड ट्रम्पले चीन र दक्षिण कोरियाको भ्रमण गर्नेबेला उत्तर कोरियाले अर्को आणविक परीक्षण गर्न सक्ने अनुमान गरिएको छ।

म्याक्लची न्युज रिपोर्टर अनिता कुमारले आइतबार एसिया भ्रमणको क्रममा ट्रम्पले अनावश्यक र विचारोत्तेजक टीका टिप्पणी गर्न नहुने बताएकी छिन्। महिनौंदेखि ट्रम्प र उत्तर कोरियाली सर्वोच्च नेता किम जोङ उनले एकले अर्कालाई आक्रमण गर्ने चेतावनी दिँदै आएका छन्। कुमारले भनेकी छिन्- 'ट्रम्पले आफ्नो पहिलो एसिया भ्रमणको दौरान बोल्दा होस पुऱ्याउनुपर्दछ। उनी चीन वा दक्षिण कोरियामा रहँदा उत्तर कोरियाले आणविक परीक्षण गर्न सक्ने र त्यसवबला उनले होसियारपूर्वक प्रतिक्रिया दिनुपर्नेछ।'

शनिबार अमेरिकी रक्षा मन्त्रालय (पेन्टागन)का प्रमुख जिम म्याटिसले उत्तर कोरियाको अनियन्त्रित व्यवहारका कारण अमेरिका र वासिङ्टनबीचको तालमेल मिल्नुपर्ने आवश्यक रहेको बताएका थिए। म्याटिसले उत्तर कोरियाको अवैध र अनावश्यक क्षेप्यास्त्र र आणविक हतियार कार्यक्रमका कारण छिमेकी मुलुकलाई खतरामा पारेको र अमेरिकाले उत्तर कोरियालाई आणविक शक्ति सम्पन्न राष्ट्रका रूपमा स्वीकार्न सक्ने कल्पना पनि गर्न नसक्ने बताए। उत्तर र दक्षिण कोरियाबीचको असैन्य क्षेत्रको भ्रमण र दक्षिण कोरियाली राष्ट्रपति मुन जाय इनसँगको भेटघाटपछि म्याटिसले सो प्रतिक्रिया जनाएका थिए। उत्तर एटलान्टिक सन्धि संगठन (नेटो)का महासचिव जेनस स्टोल्टनवर्गले शुक्रबार ब्रसेल्समा विश्वका नेताहरूलाई उत्तर कोरियासँगको युद्ध निकै भयावह सावित हुने बताएका थिए।

उनले कुशल कूटनीति र शान्तिपूर्ण उपायले उत्तर कोरियाको आणविक खतरा समाप्त पार्नुपर्ने विचार व्यक्त गरेका छन्। जापानको जिजी प्रेसलाई अन्तर्वार्ता दिने क्रममा स्टोल्टेन्वर्गले नेटोले उत्तर कोरियासँग युद्ध नचाहेको स्पष्ट पारेका छन्।

उनले संयुक्त राष्ट्र संघको सुरक्षा परिषद्का स्थायी सदस्य तथा उत्तर कोरियाका छिमेकी एवं गठबन्धन राष्ट्र रसियाले यस सम्बन्धमा शान्तिपूर्ण समाधानका लागि पहल गर्नुपर्ने पनि बताएका छन्।

**किम शृंगार प्रसाधन कारखानामा**

यसैबीच हालै किम जोङ उनले राजधानी प्योङयाङस्थित सौन्दर्य प्रसाधन निर्माण कारखानाको भ्रमण गरेका छन्। सो भ्रमणमा उनको साथ उनकी पत्नी रि सोल-जु र बहिनी किम यो जोङ रहेका थिए। उत्तर कोरियाको सरकारी सञ्चारमाध्यमले तिथि नतोकिएको सो भ्रमणसम्बन्धी तस्वीर आइतबार सार्वजनिक गरेको थियो। किमका पत्नी र बहिनी कमै मात्रामा सार्वजनिक स्थलमा देखा पर्ने गरेका छन्।

केही समयअघि मात्र किमले आफ्नी बहिनीलाई उत्तर कोरियाली सरकारको उच्च ओहदामा नियुक्त गरेका थिए। क्षेप्यास्त्र एवं आणविक परीक्षणको कारण उत्तर कोरियामाथि पटकपटक संयुक्त राष्ट्र संघले लगाएको आर्थिक नाकाबन्दीले गर्दा त्यहाँ शृंगारलगायत विदेशी बिलासिताका वस्तुहरूको निकै अभाव हुन थालेका छन्।

केही वर्षयता थुप्रै राष्ट्रहरूले उत्तरलाई विलासिताका वस्तुहरूको निर्यात रोकेका छन्। उत्तरले आफैले यस्ता वस्तु उत्पादनका लागि उद्योग विकास गरिसकेको छ। बोमह्यान्गी र उन्हासु ब्रान्ड उपभोक्तामाझ निकै लोकप्रिय भइसकेका छन्।

सैनिक र क्षेप्यास्त्र परीक्षण स्थलहरूमा मात्र तस्वीरमा देखिने गरेका किमले यस्तो कारखानामा भ्रमण गरी उत्तर कोरियाका सम्भ्रान्त र मध्यमवर्गको आफ्नो सत्ताप्रति समर्थन खोज्ने प्रोपोगान्डा गरेको हुनुपर्ने अनुमान गरिएको छ। सरकारी सञ्चारमाध्यमले उत्तर कोरियाले थ्री डी टेलिभिजन र स्मार्टफोन उत्पादनमा महत्त्वपूर्ण फड्को मारिसकेको जनाएको छ।

**किमका भतिजाको हत्या षडयन्त्र!**

चिनियाँ प्रहरीले राजधानी बेइजिङ आइपुगेका केही उत्तर कोरियालीलाई किम जोङ उनका २२ वर्षीय भतिजा किम हान सोलको हत्या षड्यन्त्रमा संलग्न रहेको आशंकामा गिरफ्तार गरेको सोमबार दक्षिण कोरिया जुङ आङ वो अखबारले जनाएको छ। सात जनामध्ये दुई जना उत्तर कोरियाली एजेन्टलाई किमका सौतेनी भाइ किमजोङ नामका पुत्र किम हान सोललाई मार्ने योजना बनाएको आरोपमा चिनियाँ प्रहरीले गिरफ्तार गरेको हो।

किम जोङ नामको पनि केही महिना पहिले मलेसियाको क्वालालम्पुर विमानस्थलमा भिएक्स नर्भ एजेन्ट प्रयोग गरी हत्या गरिएको थियो। सो घटनामा दुई जना महिलाको सहभागिता रहेको थियो। दक्षिण कोरियाली टेलिभिजनमा किम हान सोल नामक युवकको तस्वीर देखाइएको थियो। यसैबीच दक्षिण कोरियाले यदि उत्तरले फेरि पनि आणविक परीक्षण गरेको खण्डमा रेडियोधर्मी चुहावट हुनसक्ने चेतावनी दिएको छ।

# पृथ्वीको कार्बनडाइअक्साइडको मात्रा कीर्तिमानस्तरमा वृद्धि

न्युयोर्क, (एजेन्सी)





विश्वभरिको मौसमी परिवर्तनको अध्ययन गर्ने विश्व संस्था डब्ल्यूएमओले दिएको सन् २०१६ प्रतिवेदनमा पृथ्वीमा कार्बन डाइअक्साइडको मात्रा कीर्तिमानस्तरमा बढेको उल्लेख गरेको छ।

गत वर्ष कार्बन डाइअक्साइडको वृद्धि विगत १० वर्षमा भएको औसत वृद्धिभन्दा ५० प्रतिशत धेरै भएको प्रतिवेदनले जनाएको छ। मानवीय गतिविधि र अलनिनोका कारणबाट भएको यस वृद्धिले विगत ८ लाख वर्षको कीर्तिमान तोडेको शोधकर्ताहरूले बताए।

यसको कारण विश्वभरि तापमान वृद्धिदर निर्धारित गरिएको लक्ष्य पाउन कठिन हुनेछ। वर्ल्ड मेटेरियोलोजिकल अर्गनाइजेसनले ग्रिन हाउस ग्यास बुलेटिन जारी गरेको छ। उक्त बुलेटिन ५१ देशमा लिइएका आँकडामा आधारित छ। ती देशहरूमा अवस्थित शोध केन्द्रले तापमान बढाउने कार्बन डाइअक्साइड, मिथेन र नाइट्रसजस्ता ग्यासको आकलन गरेको छ। डब्ल्यूएमओमा आबद्ध डा. ओकसान तारासोवाले भने- 'हाम्रो सञ्जालले काम गरिरहेदेखिको ३० वर्षको अवधिमा यो सबैभन्दा धेरै बढोत्तरी भएको छ।'

सन् २०१५ मा कार्बनडाइअक्साइडको मात्रा औसत ४ सय पीपीए थियो तर सन् २०१६ मा यो औसत ४ सय ३ दशमलव ३ पीपीएम पुगेको छ।

अल निनोले वातावरणमा कार्बनको मात्रामा असर पार्छ। अल निनो चलिरहँदा सुखाग्रस्त हुने र रूख विरुवाको कार्बन सोस्ने क्षमता प्रभावित हुन्छ। विगत केही वर्षमा मानव गतिविधिबाट उत्पन्न हुने कार्बन उत्सर्जमा कमी आएको छ। तर वातावरणमा कुल कार्बनडाइअक्साइडको मात्राको पनि महत्त्व हुने तारासोवा बताउँछिन्। प्रतिवेदनले विगत ७० वर्षमा वातावरणमा हुने कार्बन उत्सर्जनमा वृद्धि शीत युगको अन्त्यपछि १ सय गुणाले बढेको जनाएको छ।

# बाल कलाकारसँग यौन शोषण आरोपमा स्पेसीले माफी मागे





लस एन्जलस, (एजेन्सी)

एक बाल कलाकारलाई यौन शोषण गरेको आरोप लागेका अमेरिकी अभिनेता केभिन स्पेसीले त्यसका लागि माफी मागेका छन्। स्पेसीलाई अभिनेता एन्थोनी रैपले उक्त आरोप लगाएको हो।

रेपले आफू त्यतिबेला १४ वर्षको भएको र स्पेसीले उनलाई आफ्नो अपार्टमेन्टमा पार्टीमा बोलाएको थियो। त्यतिबेलै आफूमाथि उक्त यौन शोषण भएको उनले बताएका थिए। ५५ वर्षका हलिउड अभिनेता केविन स्पेसीले सन् २००० मा 'अमेरिकन ब्युटी' फिल्मका लागि सर्वश्रेष्ठ अभिनेताको अवार्ड जितेका थिए।

बजफिड न्युजलाई दिएको अन्तर्वार्तामा ४६ वर्षीय अभिनेता रैपले भने- 'उनले मलाई एउटा दुलाहाले आफ्नी बेहुलीलाई जस्तो समातेका थिए। शुरूमा म पछि हटेँ, किनभने मलाई यो के भइरहेको हो भन्ने थाहा भएन। उनी फेरि मेरो माथि नै बस्न आए। उनी मलाई फकाउने प्रयास गरिरहेका थिए, मलाई थाहा भयो उनी मसँग यौनसम्बन्ध बनाउन चाहन्थे।'

आफूमाथि भएको यौन शोषकको कुरा हार्वी वाइनस्टिन काण्डपछि बाहिर ल्याएको रेपले बताए। वाइन्स्टिनमाथि विगत केही दिनमा बलात्कारदेखि यौन शोषणको आरोप लागिसकेका छन्। यद्यपि उनले ती आरोपहरूलाई अस्वीकार गरिरहेका छन्।

केभिन स्पेसीले आफूमाथि उक्त आरोप लगाएपछि आफ्नो आधिकारिक अकाउन्टमार्फत माफी मागेका हुन्। उनले भने- 'म एक अभिनेताका रूपमा एन्थोनी रैपको कामलाई सम्मान गर्छु। म उनीसँग भएको घटनालाई लिएर आतंकित भएको छु। मलाई साँच्चि त्यो घटनाको स्मरण छैन। यो करिब ३० वर्ष अगाडिको हो। तर उनले बताएको जस्तै यदि मैले उनलाई त्यस्तो व्यवहार गरेको हो भने रक्सीको नशामा भएको उक्त व्यवहारका लागि म उनीसँग माफी माग्न चाहन्छु।'

स्पेसीले आफ्नो लैंगिकताको पनि सार्वजनिक गर्दै उनले जीवनमा महिला र पुरुष दुवैसँग सम्बन्ध राखेको र अबदेखि आफू एक समलिंगी पुरुषका रूपमा जीवन बिताउने बताए। स्पेसीले लेखे- 'म अब यसलाई इमानदारी र खुला रूपमा सामना गर्न चाहन्छु र यो मेरो व्यवहारको समीक्षाबाट शुरू हुनेछ।'

स्पेसीले मागी माग्दै आफू समलिंगी भएको कुरा खुलासा गरे। तर कयौं हलिउड हस्तीहरूले एक बालकलाकारसँग यौन शोषणको आरोप अगाडि आएपछि मात्र आफ्नो लैंगिकता सार्वजनिक गरेकामा स्पेसीको निन्दा गरेका छन्।



कुनै पनि देशको विकास हुन स्थिर सरकार आवश्यक रहेको बताउँदै पूर्व उपप्रधानमन्त्रीसमेत रहेका गौतमले अबको १० वर्षभित्र भारतबराबर र १५ वर्षभित्र चीनबराबर प्रतिव्यक्ति आय पुग्ने दाबी गर्नुभयो।

# प्रदेश नम्बर २ मा वाम गठबन्धनबीच सिट बाँडफाँड मिल्यो

## एमोललाई १३ माओवादी केन्द्रलाई १५ सिट

काठमाडौं, (नेस)

प्रतिनिधिसभा र प्रदेशसभा निर्वाचनमा चुनावी तालमेल गरेका नेकपा एमाले र नेकपा माओवादी केन्द्रको वाम गठबन्धनबीच प्रदेश नम्बरमा निर्वाचन क्षेत्र बाँडफाँडमा सहमति जुटेको छ। एमाले र माओवादी केन्द्रले प्रदेश २ मा प्रतिनिधिसभा र प्रदेशसभाका सिट बाँडफाँडमा सहमतिभएको हो। प्रदेश २ मा प्रतिनिधिसभाका ३२ र प्रदेशसभाको ६४ सिटमध्ये एमालेले प्रतिनिधिसभाका १३ र प्रदेशसभाका ३० सिट पाएको छ भने माओवादी केन्द्रले प्रतिनिधिसभाका १५ सिट र प्रदेशमा २८ सिट पाएको छ।

वाम गठबन्धनको कार्यदलका नेता मातृका यादवले महोत्तरीको निर्वाचन क्षेत्र नम्बर १ को प्रदेशसभाका २ सिट कसले लिने विषयमा अन्तिम टुंगो शीर्ष तहको बैठकले लगाउने सहमति भएको बताउनुभयो। वाम गठबन्धनले सिट बाँडफाँडमा धनुषा क्षेत्र नम्बर ३ स्वतन्त्रलाई दिने सहमति गरेका छन्। वाम गठबन्धनले महोत्तरी-२, सप्तरी-४ र सर्लाहीको निर्वाचन क्षेत्र नम्बर २ मा पनि स्वतन्त्रलाई दिने निर्णय भएको नेता यादवले नेपाल समाचारपत्रलाई जानकारी दिनुभयो।

सहमतिअनुसार धनुषाको प्रतिनिधिसभा माओवादी केन्द्रले धनुषाको प्रतिनिधिसभा क्षेत्र नम्बर १, क्षेत्र नम्बर २, सिराहा क्षेत्र नम्बर २, सिराहा क्षेत्र नम्बर ४, महोत्तरी क्षेत्र नम्बर १, क्षेत्र नम्बर ४, सप्तरी क्षेत्र नम्बर १, क्षेत्र नम्बर २, रौतहमा क्षेत्र नम्बर १, सर्लाही क्षेत्र नम्बर ३, क्षेत्र नम्बर ४, बारा क्षेत्र नम्बर २, पर्सा क्षेत्र नम्बर ३, क्षेत्र नम्बर ४ माओवादीले लिएको छ।

प्रतिनिधिसभा निर्वाचन क्षेत्रअन्तर्गत प्रदेश नम्बर २ मा एमालेले सिराहा क्षेत्र नम्बर १, क्षेत्र नम्बर ३, सर्लाही क्षेत्र नम्बर १, बारा क्षेत्र नम्बर १, क्षेत्र नम्बर ३, क्षेत्र नम्बर ४, सप्तरी क्षेत्र नम्बर ३, रौतहट क्षेत्र नम्बर २, क्षेत्र नम्बर ४, पर्सा क्षेत्र नम्बर १, क्षेत्र नम्बर २, धनुषा क्षेत्र नम्बर ४, महोत्तरी क्षेत्र नम्बर ३ लिएको छ। त्यसैगरी वाम गठबन्धनले धनुषाको क्षेत्र नम्बर ३, सर्लाही क्षेत्र नम्बर २, महोत्तरी क्षेत्र नम्बर २, सप्तरी क्षेत्र नम्बर ४ स्वतन्त्र उम्मेदवारलाई छोड्ने सहमति गरेका छन्।

# हेटौंडामा सवालाख शिवलिंग

हेटौंडा, (नेस)

हेटौंडाको कुस्माण्ड सरोवर त्रिवेणीधाममा सवालाख महाशिवलिंग निर्माण गरिने भएको छ। शिव सेना नेपाल जिल्ला कार्यसमिति, मकवानपुर र गुप्तेश्वर क्षेत्र विकास समिति मकवानपुरले महाशिवलिंग निर्माण गर्ने कार्यक्रमबारे हेटौंडामा पत्रकार सम्मेलन गरी जानकारी गराएको हो।

गुप्तेश्वर क्षेत्र विकास समिति, मकवानपुरका संरक्षक आचार्य दीपशास्त्रीले माटोको शिवप्रार्थी लिंग निर्माण गरिने बताए। उनले कलियुगमा पहिलो पटक यस्तो कार्य हेटौंडामा हुनलागेको दाबी गरे।

सवालाख शिवलिंग मंसिर २६ गतेदेखि पुस १३ गतेसम्म बनाइसक्ने र करिब २० लाख खर्च हुने शिव सेना नेपालका केन्द्रीय सदस्य अमिर नकर्मीले बताए। महाशिवलिंग निर्माणका लागि हेटौंडाबासीको हरेक घरधुरीबाट १ माना चामल पनि संकलन गरिने उनले बताए। हिन्दु धर्मशास्त्र अनुसार एक शिवलिंग निर्माण गरे एक देह तरिने विश्वास छ।

# अख्तियारसम्म पुग्दैनन् ठूला मुद्दा

हिक्मत नेपाली, दैलेख

अख्तियार दुरूपयोग अनुसन्धान आयोगको कार्यालय सुर्खेतले प्रदेश नं. ६, को १० जिल्लाका ३ सय ५२ वटा उजुरीमाथि छानबिन भइरहेको जनाएको छ।

आयोगमा चालु आर्थिक वर्षमा परेको १ सय ६१ मध्ये ३५ उजुरीको फछ्र्यौट भएको थियो। गत आर्थिक वर्षमा परेको २ सय ४० उजुरीमध्ये १४ वटा मात्रै फछ्र्यौट गर्न सफल भएको थियो।

गत आर्थिक वर्षमा बाकी रहेका २ सय २६ उजुरी र चालु आर्थिक वर्षमा फछ्र्यौट हुन बाँकी १ सय २६ उजुरीमाथि छानबिन भइरहेको आयोगले जनाएको छ। आयोगले सोमबार गरेको एक कार्यक्रममा यो तथ्यांक सार्वजनिक गरेको हो।

प्रदेश नं. ६ का कालिकोट सुर्खेत, दैलेख, जाजरकोट, हुम्ला, रुकुम, डोल्पा, मुगु र सल्यानका ३ सय ५२ उजुरीमाथि छानबिन भइरहेको जनाएको छ। प्रदेश नं. ६ का १० वटा जिल्लामध्ये कालिकोटमा ६८ वटा उजुरीमाथि छानबिन भइरहेको छ। यस्तै सुर्खेतमा ६०, दैलेखमा ५७, जाजरकोटमा ५४, हुम्लामा ३३ वटा मुद्दामा छानबिन भइरहेको जनाएको छ। रुकुममा १८, जुम्लामा १७, डोल्पामा १७, मुगुमा १४ र सल्यानमा १४ वटा उजुरीमाथि छानबिन भइरहरेको आयोगले जनाएको छ ।

अख्तियार दुरूपयोग अनुसन्धान आयोगको क्षेत्रीय कार्यालय सुर्खेतमा साना उजुरीहरू मात्रै पर्ने गरेको पाइएको छ। वर्षको एक पटक दैलेखमा आउने गरेको अख्तियारले भने, ठूला मुद्दा हात पारेको छैन। गत आव र चालु आव वर्षमा परेका उजुरीहरूमा शिक्षा क्षेत्रमा धेरै अनियमितता भएको पाइएको छ। आयोगमा उजुरी भएका शिक्षा क्षेत्रका मात्र १९ वटा उजुरीहरू दर्ता भएका छन्। तर आयोगले भने दुई वर्षसम्म पुग्दा पनि फछ्र्यौट गर्न सकेको छैन। उतातिर पटक-पटक आयोगमा उजुरी दिएका निवेदकहरूले आयोगले वास्ता नगरेको आरोप लगाएका छन्।

यस्तै दैलेखमा संघीय मामिला तथा स्थानीय विकास मन्त्रालयअन्तर्गतका १६, वन तथा भूसंरक्षणतर्फ ६, भौतिक पूर्वाधार तथा यातायातका ३ वटा उजुरीमाथी छानबिन भइरहेको आयोगले जनाएको छ। यसैगरी शहरी विकासतर्फका ३, ऊर्जातर्फका २, कृषि विकास २, खानेपानी तथा सरसफाईतर्फका २, अर्थ १, भूमिसुधार तथा व्यवस्था १, संस्कति पर्यटन तथा नागरिक उड्ययनतर्फका १ शहरी तथा गरिबी निवारणतर्फका १ र सूचना तथा सञ्चार प्रविधितर्फका १ वटा गरी जम्मा ५७ वटा उजुरीमाथि छानबिन भइरहेको आयोगले जनाएको छ।

अख्तियार दुरूपयोग अनुसन्धान आयोगको कार्यालय सुर्खेतमा परेका उजुरीमध्ये धेरैजसो साना उजुरी पर्ने गरेको अख्तियार दुरूपयोग अनुसन्धान आयोग सुर्खेतका प्रमुख रविलाल पन्थले जानकारी दिए। विद्यालयको भवन बनाउँदा गुणस्तरहीन भएको, छात्रवृत्ति रकममा दुरूपयोग जस्ता उजुरी मात्रै आउँछन् पन्थले भने- 'आयोगमा स्थानीय तहको आन्तरिक आयको विनियोजन र खर्च पारदर्शिता नभएको, औषधि खरिद तथा वितरणमा अनियमितताजस्ता विषयमा मात्रै उजुरी आउने गरेको छ।' यस्तै आयोगमा नक्कली बिल भर्पाइ बनाइ सरकारी रकमको हिनामिना गरेको, शिक्षक कर्मचारी नियुक्तिमा अनियमितता भएका उजुरी बढी आउने गरेको पन्थले बताए।

आयोगमा अन्य समयमाभन्दा साउन महिनामा धेरै उजुरी आउने गरेको उनले जानकारी दिए। उनले आफूहरूलाई उजुरी नआए पनि सञ्चार माध्यममा प्रकाशित समाचारका आधारमा पनि छानबिन गरिरहेको बताए। नेपाल पत्रकार महासंघ दैलेखका पूर्वअध्यक्ष नमनकुमार शाहीले अख्तियार दुरूपयोग अनुसन्धान आयोग सुर्खेतले आफ्ना कार्य क्षेत्रमा साना-साना उजुरीहरू मात्रै छानबिन गरिरहेको भन्दै ठूला विकास निर्माणका आयोजनामा पनि भ्रष्टाचार हुने भएकाले त्यस्ता क्षेत्रमा पनि छानबिन गर्न अख्तियारको ध्यान जान जरुरी रहको बताए।

# औषधि तस्करीलाई कारबाही गरिने

भद्रपुर, (नेस)

भारतबाट अवैध रूपमा औषधि नेपाल भित्र्याएको आरोपमा दुई जनालाई औषधि व्यवस्था विभाग क्षेत्रीय कार्यालय, विराटनगरले कारबाही गर्ने भएको छ।

झापा शिवसताक्षी नगरपालिका-१ बस्ने भानुभक्त ढुंगाना र भारत पश्चिम बंगाल मुसिदावदका अनिसुर अन्सारीलाई औषधि ऐनबमोजिम मद्दा दर्ता गराइ कारबाही शुरू गरेको विभागका प्रमुख शम्भु साहले जानकारी दिए।

ढुंगाना र साहले झापाको काँकडभिट्टा नाकाबाट चोरी निकासी गरी नेपाल भित्र्याइएको ६२ प्रकारका औषधि बिनाइजाजत भित्र्याएको आरोप लागेको थियो।

दुवै जनालाई इलाका प्रहरी कार्यालय काँकडभिट्टाले औषधिसहित नियन्त्रणमा लिएर कारबाहीका लागि औषधि विभाग विराटनगर बुझाएको थियो।

# लडेर युवकको मृत्यु

बैतडी, (नेस)

भिरवाट लडेर बैतडीमा सोमबार एक युवकको मृत्यु भएको छ।

मृत्यु हुनेमा मेलौली नगरपालिका ४ का रमेश चन्द रहेका जिल्ला प्रहरी कार्यालय बैतडीका प्रहरी प्रमुख प्रहरी नायव उपरिक्षक हेरम्ब शर्माले जानकारी दिनुभयो।

भारतवाट घर फर्किरहेका चन्दको पञ्चेश्वर गाउापालिका ५ बसन्तथाम भिरवाट लडेर मृत्यु भएको हो। मृतक चन्दको शव परिवारको जिम्मा लगाईसकेको प्रहरीले जनाएको छ।

# चुनावपछि मुलुकमा आर्थिक समृद्धि हुने : गौतम

यमलाल भुसाल, बुटवल

नेकपा एमालेका उपाध्यक्ष वामदेव गौतमले चुनावपछि मुलुकको आर्थिक समृद्धि हुने बताउनुभएको छ। चुनापछि वाम गठबन्धनले स्पष्ट बहुमतसहित सरकार बनाइ देशको संमृद्धि गर्ने उहाँले बताउनुभयो। सोमबार रूपन्देहीको मर्चवारमा आयोजित विशाल आमसभा तथा पार्टी प्रवेश कार्यक्रमलाई सम्बोधन गर्दै गौतमले लामो समय देशमा राजनीतिक क्रान्ति भएकाले अब वाम गठबन्धनको सरकारले देशको मुहार फेर्ने बताउनुभयो। कुनै पनि देशको विकास हुन स्थिर सरकार आवश्यक रहेको बताउँदै पूर्व उपप्रधानमन्त्रीसमेत रहेका गौतमले अबको १० वर्षभित्र भारतबराबर र १५ वर्षभित्र चीनबराबर प्रतिव्यक्ति आय पुग्ने दाबी गर्नुभयो।

प्रशस्त सम्भावना हँदाहुँदै पनि मर्चवारको विकास हुन नसकेको जनाउँदै गौतमले एमालेले जिते मर्चवारको कायापलट हुने दाबी गर्नुभयो। आफू भूमिगत जीवन लामो समय रूपन्देहीको मर्चवारमा बसेर पार्टी संगठन निर्माण गरेको स्मरण गर्दै उहाँले ४५ वर्षअघिको मर्चवार अहिलेको मर्चवारमा खासै भिन्नता नआएको बताउनुभयो। उहाँले मर्चवारका जनताले साँच्चिकै समृद्धि चाहेको भए एमालेलाई जिताउनुपर्ने धारणा राख्नुभयो।

उपमहासचिव विष्णुप्रसाद पौडेलले एमाले सरकारका पालामा मर्चवारको विकासका लागि थुप्रै बजेट विनियोजन गरिएको बताउनुभयो। उहाँले आगामी प्रतिनिधिसभा र प्रदेशसभा निर्वाचनमा रूपन्देहीका चार वटा क्षेत्रमा एमालेको जितलाई कसैले रोक्न नसक्ने बताउनुभयो।

एमालेले जित्न नसक्दा मर्चवारको विकास पछाडि परेको बताउँदै पूर्वअर्थमन्त्रीसमेत रहेका पौडेलले एमालेले जिते विकासले फड्को मार्ने बताउनुभयो।

चुनावका बेला आर्थिक समृद्धिको नारा लिने अन्य बेला यहाँको विकासमा निर्वाचित जनप्रतिनिधिले खासै चासो नदेखाएको आरोप लगाउँदै पौडेलले एमालेले बोलेको पूरा गर्ने दाबी गर्नुभयो। शिक्षा, स्वास्थ्य, रोजगारीजस्ता क्षेत्रमा मर्चवार निकै पछाडि परेको भन्दै उहाँले एमालेले जिते अब ती समस्याको अन्त्य हुने दाबी गर्नुभयो।

कार्यक्रममा राष्ट्रिय जनता पार्टीका केन्द्रीय उपाध्यक्ष एवं पूर्व कृषि तथा सहकारी राज्यमन्त्री ओमप्रकाश यादव 'गुल्जारी', फोरम लोकतान्त्रिकबाट निर्वाचित सम्मरीमाई गाउँपालिकाका अध्यक्ष जितेन्द्र शुक्ला 'बब्लु', महिला नेतृ पल्लभी शुक्ला, राजपाका केन्द्रीय सदस्य अब्दुल कलाम खान, नेपाल-भारतमैत्री संघका पूर्वअध्यक्ष मुरारीलाल अग्रवाल, केन्द्रीय सदस्यहरू हजरत बेलाल फकिर, अम्बिका त्रिपाठी, जिल्ला सदस्य ओमप्रकाश दुवेलगायतका कार्यकता एमालेमा प्रवेश गरेका थिए।

# सूचनाको हक उल्लंघन नगर्ने सरकारी निकायको प्रतिबद्धता

जुम्ला, (नेस)

जुम्लाका सरकारी निकायले सूचनाको हक उल्लंघन नगर्ने ७ बुँदे प्रतिबद्धता गरेका छन्। सूचनाको हकसम्बन्धी ऐनको दफा-४ बमोजिम सूचनाको हकको सम्मान र संरक्षणमा प्रतिबद्ध रहेको घोषणा गर्दै सूचनाको हक उल्लंघन नगर्ने लिखित प्रतिबद्धता जनाएका हुन्।

जुम्ला जिल्लामा सूचनाको हकको प्रभावकारी प्रचलनका विषयमा राष्ट्रिय सूचना आयोगका सूचना आयुक्त किरणकुमार पोखरेलको प्रमुख आतिथ्यता तथा प्रमुख जिल्ला अधिकारी विष्णु पौडेलको अध्यक्षतामा बसेको बैठकमा सहभागी जिल्लास्थित सरकारी कार्यालय प्रमुखहरूले कानुनले तोकेअनुसार हरेक नागरिकले पाउने सूचनाको हक सुनिश्चित गर्ने लिखित प्रतिबद्धता व्यक्त गरेका हुन्।

आ-आफ्नो कार्यालयबाट सम्पादित कामको विवरण हरेक ३/३ महिनाको १५ दिनभित्र सार्वजनिक गर्ने, हरेक कार्यालयमा सूचना अधिकारी तोक्ने र अधिकारीको विवरण सार्वजनिक गर्ने, नागरिकबाट माग हुने सूचना कानुनले तोकेको समयभित्र उपलब्ध गराउने, सूचना माग भएको र प्रवाह भएको विवरण राख्ने, सीडीओको अध्यक्षतामा मासिक सूचना अधिकारीको बैठक बस्ने र पत्रकार भेटघाट गर्ने प्रतिबद्धता पत्रमा उल्लेख गरिएको छ।

प्रतिबद्धतापत्र राष्ट्रिय सूचना आयोगले जिल्लामा सोमबार गरेको सूचनाको हकसम्बन्धी अभिमुखिकरण, अन्तर्क्रिया कार्यक्रमका अवसरमा सूचना आयुक्तलाई हस्तान्तरण गरिएको छ।

पत्र हस्तान्त्रण गर्दै प्रमुख जिल्ला अधिकारी विष्णु पौडेलले जुम्लामा सूचना लिने दिने संस्कृतिको विकास गरी पारदर्शी, जवाफदेहिता र सुशासन कायम गर्न सरकारी कार्यालय पूर्ण प्रतिबद्ध रहेको बताउनुभयो।

आगामी दिनमा कुनै पनि नागरिकले सूचना नपाएको गुनासो सुन्न नपर्ने भन्दै नागरिकले पाउने सूचना नपाएमा उजुरी दिन उहाँको सुझाव छ। सरकारी कार्यालयलाई सूचनाको वर्गीकरण गरी निर्णय निर्माण र विकास निर्माणका सूचना नागरिकलाई अनिवार्य प्रवाह गर्न प्रजिअ पौडेलको अनुरोध छ।

### जनता सूचनाको मालिक हुन् : सूचना आयुक्त

प्रतिबद्धता पत्र बुझ्दै सूचना आयुक्त किरण पोखरेलले जनता सूचनाको मालिक भएको बताउनुभयो। उहाँले भन्नुभयो- 'सार्वजनिक निकायले नागरिकप्रति उत्तरदायी भएर सूचना उपलब्ध गराउनुपर्छ।' जनताको करबाट तलब खाएका व्यक्तिले जनतालाई मालिक मानेर आफू बदलिनुपर्ने अवस्था छ। सूचना दिने कर्मचारीको आचारण, चरित्र र बानीव्यहोरा राम्रो भए मात्र नागरिकले सही सूचना समयमै पाउने र सूचना दिने कुरामा आलटाल नहुने आयुक्तको भनाइ छ।

# कांग्रेसको घोषणापत्रमा मधेसवादीको प्रशंसा

## तालमेलको टुंगो लागेन

काठमाडौं, (नेस)

प्रतिनिधिसभा र प्रदेशसभाका लागि नेपाली कांग्रेसले सार्वजनिक गरेको घोषणापत्रमा मधेसवादी दलको प्रशंसा गरिएको छ। एमाले र माओवादी केन्द्रसहितको दलप्रति आक्रमक रहेको घोषणा-पत्रमा मधेसवादीप्रति नरम हुँदै प्रशंसा गरिको हो।

८४ पृष्ठ लामो घोषणापत्रमा मधेसका राजनीतिक दल र मधेसको पूर्वाधार विकासका विषयमा दुई स्थानमा चर्चा गरिएको छ। संवाद र सहकार्यकोबाटोमा मधेसकेन्द्रित दल आएको भन्दै मधेसवादी दललाई स्वागतसमेत गरिएको छ।

घोषणापत्रमा भनिएको छ- 'आन्दोलनको लामो चक्रव्यूहबाट निस्किएर संविधान संशोधनको माध्यमबाट समस्या समाधान गर्न अग्रसर भएका मधेस केन्द्रित दलको राजनीतिक निर्णयलाई नेपाली कांग्रेस प्रशंसा र स्वागत गर्न चाहन्छ।'

घोषणापत्रमा मधेसवादी दलसँग सहकार्य गरेर मधेसका समस्याहरू समाधान गर्ने उल्लेख गरिएको छ। नेपाली कांग्रेस सबै मधेस-केन्द्रित दललाई राष्ट्रिय एकता र सहमतिको साझा लोकतान्त्रिक प्रतिबद्धता र सहकार्यमा हार्दिक स्वागत गर्दछ।

त्यस्तै, तराई मधेसको पूर्वाधार विकासका विषयमा विभिन्न योजना प्रस्तुत गरिएको छ। जनकपुरधामलाई सांस्कृतिक राजधानी र विरगन्जलाई औद्योगिक नगरीका रूपमा विकास गर्ने योजना दिइएको छ।

यता मधेसवादी दल र कांग्रेसबीच हुने भनिएको गठबन्धनको टुंगो अहिलेसम्म लाग्न सकेको छैन। दुई पक्षबीच सिट बाँडफाँडका विषयमा सहमति हुन नसकेको नेताहरूले बताएका छन्। तर राजपाका नेता एवं कार्यदलमा सहभागी सर्वेन्द्रनाथ शुक्लाले सहमतिका लागि छलफल जारी रहेको बताउनुभयो।

## राप्रपाले...

बैठकले आगामी हुने प्रतिनिधिसभा सदस्य र प्रदेशसभा सदस्य निर्वाचन प्रयोजनका लागि पार्टीको घोषणापत्र कात्तिक २० गते काठमाडौंमा सार्वजनिक गर्ने निर्णय पनि गरेको छ। बैठकले कांग्रेससँगको चुनावी सहकार्यका बारेमा आएको चिसोपनका बारेमा केही निर्णय गरेको छैन।

## परीक्षा...

बोर्डले परीक्षा सञ्चालन र कार्यालय स्थापना गर्ने विषयमा छलफल शुरू गरिसकेको छ। बोर्डले आगामी शैक्षिक सत्रबाट कक्षा १० को प्रदेशस्तरीय परीक्षा सञ्चालन गर्न सबै तयारी भइरहेको जनाएको छ। बोर्डका सदस्य सचिव एवं शिक्षा मन्त्रालयका सहसचिव लक्ष्मीराम पौडेलले आगामी वर्षबाट कक्षा १० को परीक्षा प्रदेशस्तरबाट सञ्चालन गर्न तयारी भइरहेको जानकारी दिनुभयो। कक्षा ८ को परीक्षा भने स्थानीय सरकारले सञ्चालन गर्नेछ।

'अब कक्षा ११ को परीक्षा विद्यालयबाटै लिने व्यवस्था गरेका छौं, कक्षा १० को परीक्षा क्षेत्रीयस्तरबाट सञ्चालन हुन थालेपछि एसईई परीक्षा क्षेत्रीयस्तरमा सञ्चालन हुनेछ। सानोठिमीमा रहेको परीक्षा नियन्त्रण कार्यालय बोर्डको मातहतमा आउनेछ' -पौडेलले भन्नुभयो।

बोर्डका सम्पूर्ण पदाधिकारीको नियुक्ति भइसकेको अवस्थामा बोर्डले परीक्षालाई व्यवस्थितरूपमा सञ्चालन गर्ने जानकारी गराउँदै सदस्य सचिव पौडेलले अब राष्ट्रिय परीक्षा बोर्डले सम्पूर्ण परीक्षा सञ्चालन गर्ने बताउनुभयो।

बोर्डले परीक्षाको दीर्घकालीन योजना तयारी गरी कार्यान्वयन गर्ने, विद्यालय शिक्षा परीक्षाको मर्यादा र गुणस्तर कायम भए नभएको अनुगमन गर्ने र आवश्यक भएमा केही जिल्लामा जिल्ला स्तरीय कार्यालय स्थापना गर्ने तयारी गरेको छ।

## छुट्टाछुट्टै...

गाडीका चालक भीमबहादुर घर्तीको उपचारका लागि पाल्पा लैजाने क्रममा मृत्यु भएको थियो। घाइते हुनेहरूमा १ महिला, ५ पुरुष र २ जना बालक रहेको प्रहरीले जनाएको छ। घाइतेमध्ये इस्मा गाउँपालिका-२ का सृजन मरासिनी र उनकी बहिनी सृष्टिको उपचार भइरहेको छ। उनीहरूको आमाको भने मृत्यु भएको छ। अन्य घाइतेको पाल्पामा उपचार भइरहेकाले परिचय खुलेको छैन। गाडीमा सवार चालकसहित १७ जना रहेका थिए। घटनास्थलमा प्रहरी, सशस्त्र प्रहरी तथा स्थानीयले उद्धार गरेका थिए।

दुर्घटनामा परेको गाडी सडकबाट ५ सय मिटर तल खसेको थियो। गाडीको तीव्र गति र गाडीलाई साइड दिने क्रममा दुर्घटनामा परेको घटनास्थल पुगेका सशस्त्र बल गुल्मका गुल्मपति प्रेमप्रकाश सिग्देलले जानकारी दिनुभयो। उहाँका अनुसार साइड दिने बलेरो जिप सडकको नालीमा खसेको थियो। दुर्घटनास्थलमा ठूलो भीर र साँघुरो बाटो रहेको छ।

### घाइतेलाई एमालेका नेताले भेटे

दुर्घटनामा घाइते भएकालाई एमाले सचिव गोकर्ण विष्ट, रेसुंगा नगर प्रमुख डिल्लीराज भुसाल, मुसिकोट नगर प्रमुख सोमनाथ सापकोटा, खड्ग केसीलगायतले पाल्पा मिसन अस्पतामा गएर भेटेका थिए। उनीहरूले घाइतेको उपचारमा केही कमी हुन नदिन आग्रह गरेका छन्।

यसैगरी उदयपुरको कटारीबाट ओखलढुंगातर्फ जाँदै गरेको ना१ज ३४०४ नम्बरको सुमो सोमबार दिउँसो कटारी नगरपालिका-११ ठाँटी पहिरोमा दुर्घटना हुँदा ९ जनाको मृत्यु भएको छ।

दुर्घटनामा परी घाइते भएका कटारी-२ का हरि कार्कीको उपचारका क्रममा कटारी अस्पतालमा मृत्यु भएसँगै मृतकको संख्या ९ पुगेको हो। कटारी नगरपालिका ११ वडाध्यक्ष दीपक बुढाक्षेत्रीले घटनास्थलमा ८ जनाको शव फेला परेको जानकारी दिनुभयो।

यो समाचार तयार पार्दासम्म कटारी अस्पतालमा शव आइपुगेको छैन भने मृतकको सनाखत हुन सकेको छैन। सुमोको चलानअनुसार चालक हरि कार्कीबाहेक अन्य यात्रुको ठेगाना ओखलढुंगा उल्लेख गरिएको छ।

# अझै पत्ता लागेन ढुंगा तात्ने रहस्य

नेपाल समाचारपत्र

काठमाडौं

स्वयम्भू मन्दिर परिसरमा विगत १ महिना अघिदेखि तात्न थालेको ढुंगाको रहस्य अझै पत्ता लाग्न सकेको छैन। अध्ययनका लागि जुटेको खानी तथा भू-गर्भ विभागका अधिकारीहरूले पनि वास्तविकता पत्ता लगाउन सकेका छैनन्।

विभागका वरिष्ठ भू-गर्भविद् सन्तोष ढकालको नेतृत्वमा एक प्राविधिकको टोली गत साता अध्ययन अनुसन्धानका लागि स्वयम्भू पुगेको थियो। 'ग्राउन्ड पेनिट्रेनिक राडार' (जमिनको भित्री सतह नियाल्ने उपकरण) ले वास्तविकता पत्ता लगाउन नसकेको अध्ययन टोलीका सदस्य एवं वरिष्ठ भू-गर्भविद् सुरेश श्रेष्ठले बताउनुभयो। 'अध्ययनका लागि राडार पनि लगेका थियौं, हाम्रो राडार सानो क्षमताको भएर होला वास्तविकता पत्ता लागेन' -उहाँले भन्नुभयो।

श्रेष्ठकाअनुसार विभागसँग अहिले १ सय मेगाहर्ज क्षमताको एउटा मात्रै राडार छ, सो उपकरणले करिब ३० मिटर गहिराइसम्मको मात्रै अध्ययन/अवलोकन गर्न मिल्छ। उहाँले नेपाल समाचारपत्रसँग भन्नुभयो- '५ सय र १ हजार मेगाहर्ज क्षमताका राडार भएको भए सूक्ष्म अध्ययन गर्न मिल्थ्यो र केही पत्ता लाग्ने थियो तर हामीसँग त्यस्ता उपकरण छैनन्।'

विद्युत सर्ट भएको अनुमान गर्दै आएका विभागका पदाधिकारीहरू खनेर नहेरेसम्म त्यहााको वास्तविकता पत्ता नलाग्ने बताउँछन्। गत असोज १९ गते बिहीबार बिहान कोजाग्रत पूर्णिमाको दिन अनन्तपुर मन्दिरबाट पश्चिमतर्फ बिच्छ्याइएको ढुंगा तातेको पत्ता लागेको थियो। नियमित पूजा-आजाका क्रममा स्थानीय पुजारीहरू खाली खुट्टा हिँड्ने क्रममा अहिले पुनर्निर्माण भइरहेको अनन्तपुर मन्दिरको फेदैबाट पश्चिमतर्फको ढुंगा तातेको महसुस गरेका थिए।

सो कुरा पुष्टि भएपछि पुरातत्त्व विभागका अधिकारीसमेत अध्ययन अवलोकनका लागि पुगे पनि अब के कसो गर्ने भन्ने प्रस्ट जवाफ नआएको स्वयम्भू व्यवस्थापन तथा संरक्षण महासमितिले जनाएको छ। 'प्राविधिकहरूले यसो हो भनेर भन्न सकेका छैनन्, ढुंगा तात्ने क्रम अझै रोकिएको छैन', सो समितिका महासचिव महेन्द्ररत्न बुद्धाचार्यले भन्नुभयो- 'अहिले मौसम चिसिए पनि ढुंगा भने तातै छ।'

विद्युत् सर्ट भएको आशंका गरेका विभागका प्राविधिकहरू २/३ घन्टासम्म सो क्षेत्रमा बत्ती निभाएर अध्ययन गर्न आवश्यक भएको बताउँछन्। तर समिति पदाधिकारी भने ढुंगा तातिएको स्थान आसपासमा बत्ती वाइरिङ गरिएको बारे अनविज्ञ छन्। ढुंगा हेर्ने र त्यसको कारण बुझ्नेहरूको घुइँचो भने हरेक दिन बढिरहेको समितिले जनाएको छ।

# मासुको लोभमा मारिँदै चित्तल

हेटौंडा, (नेस)

छिमेकी चितवन तथा पर्सा राष्ट्रिय निकुञ्जको मध्यवर्ती क्षेत्रमा चित्तल मारेको आरोपमा मकवानपुरका ४ महिला पक्राउ परेका छन्। मध्यवर्ती क्षेत्रका महिलाले मासु र बिक्री गरी पैसा कमाउने लोभमा मारेको चित्तलसहित उनीहरूलाई पक्राउ गरिएको हो।

सेनाको टोलीले मकवानपुर, मनहरी गाउँपालिका-७, रमौलीका दिलमाया मगर, रीता थापामगर, सन्तमाया राई र लक्ष्मी राईलाई पक्राउ गरेको हो। ती महिलाहरूले घाँसको भारीमा बोकेर ल्याएको करिब ३ वर्ष उमेरको चित्तल ४५ केजी रहेको जनाइएको छ।

प्रतापपुर पोस्टबाट करिब ६ किमी पश्चिम मनहरी उपभोक्ता समितिको मध्यवर्ती क्षेत्रमा पर्सा राष्ट्रिय निकुञ्जको इलाकाबाट घाँसको भारीमा पोथी चित्तल लुकाएर बोकी ल्याउँदै गरेको अवस्थामा सेनाले फेला पारेको हो। चित्तलको घाँटीअगाडिको भाग, पछाडिको दाहिने खुट्टामा हँसियाले काटेकोजस्तो देखिने गहिरो घाउ रहेको निकुञ्जले जनाएको छ।



# अर्थ

2017, OCT
Tuesday
31

संशोधनमा २० मुख्य गरी ४० वटा बुँदा रहेका छन्। संसद नबनेसम्म ऐन संशोधनको प्रक्रिया अगाडि नबढ्ने उहाँले बताउनुभयो। संसद् नभएकाले कानुनले पक्रिया चाँडो अगाडि नबढाएको हुनसक्छ।

# वैदेशिक रोजगार ऐन तत्काल संशोधन नहुने

रोविन पौडेल, काठमाडौं

विरोधका बाबजुद तयार पारिएको वैदेशिक रोजगार ऐन, २०६४ को संशोधनको मस्यौदामा कानुन मन्त्रालयले राय नदिँदा कार्यान्वयनमा आउन अझै केही समय लाग्ने भएको हो।

ऐन संशोधन प्रतिवेदन श्रम तथा रोजगार मन्त्रालयले समयमै कानुन मन्त्रालय पठाए पनि कानुनले प्रतिक्रिया नदिँदा ऐन समयमा नआएको हो। ऐनको मस्यौदालाई कानुनको रूप दिन कानुन मन्त्रालयको रायपछि मन्त्रिपरिषद्बाट संसद लगेर मस्यौदा संशोधन गर्नुपर्ने व्यवस्था छ। तर, यतिबेला संसदको नभएकाले ऐन आउन अर्को संसद् नै पर्खिनुपर्ने अवस्था आएको छ। संसद् नभएको बेला सरकारले अध्यादेशमार्फत् ऐन ल्याउने गरे पनि वैदेशिक रोजगार ऐन आकस्मिक ऐन नभएकाले तत्कालका लागि नआउने भएको हो।

श्रम तथा रोजगार मन्त्रालयबाट गठित ऐन संशोधन टोलीले दशैंअघि नै प्रतिवेदन तयार पारे पनि दुई मन्त्रालयबीच तालमेल नमिल्दा ऐन आउन ढिलाइ भएको हो। यस विषयलाई गम्भीरतापूर्वक लिई छिट्टै राय पठाउन श्रम मन्त्रालयलाई आग्रह गरिएको भए पनि कानुन मन्त्रालयले ढिलाइ गरेको आरोप श्रम तथा रोजगार मन्त्रालयले लगाएको छ। 'कानुन मन्त्रालय यस विषयमा गम्भीर भएको भए नेपालीले तिहारभन्दा अघि नै वैदेशिक रोजगार ऐन पाउने थिए।' श्रम तथा रोजगार मन्त्रालयका एक उच्च अधिकारीले भने। कानुन मन्त्रालयले संशोधनमा राय नपठाएकोमा आफू अचम्मित भएको उनको भनाइ छ।

नेपाल समाचारपत्रसँग कुरा गर्दै उनले भने-'नयाँ ऐनको मस्यौदामा वर्तमान ऐनमा भएका ४० भन्दा बढी बुँदामा संशोधन गरिएको छ। ती विषयमा अध्ययन तथा राय दिन समय लागेको होला।' संशोधनमा २० मुख्य गरी ४० वटा बुँदा रहेका छन्। संसद नबनेसम्म ऐन संशोधनको प्रक्रिया अगाडि नबढ्ने उहाँले बताउनुभयो। संसद् नभएकाले कानुनले पक्रिया चाँडो अगाडि नबढाएको हुनसक्ने उनले बताउनुभयो।

ऐन संशोधनको मस्यौदामा म्यानपावरबाट हुने कारोबार पूर्ण बैकिङ माध्यममा हुनुपर्ने, म्यानपावर कम्पनीले १ करोड रुपियाँ नगद धरौटी राख्नुपर्नेलगायतका बुँदा उल्लेख छन्।

यता कानुन मन्त्रालयले भने ऐन संशोधनको मस्यौदाको विषयमा अध्ययन गर्नुपर्ने भएकाले राय नपठाइएको जनाएको छ। मन्त्रालयका सहप्रवक्ता हुमबहादुर केसीका अनुसार श्रम मन्त्रालयले पठाएको मस्यौदा कारबाहीको क्रम रहेको छ। नेपाल समाचारपत्रसँग कुरा गर्दै केसीले भन्नुभयो- 'संशोधनमा कतिको जटिलता छ, त्यो हेर्न बाँकी छ। त्यसमा धेरै समस्या देखिए मन्त्रालयले मस्यौदा परिमार्जन गर्न सुझाव दिनुपर्ने हुन्छ। अध्ययनपछि मात्रै मन्त्रालयले राय पठाउँछ।' तथापि, राय पठाउन कति समय लाग्छ भन्ने विषयमा भने केही भन्न नसकिने उहाँले बताउनुभयो।

तत्कालीन संसद्को अन्तर्राष्ट्रिय सम्बन्ध तथा श्रम समितिले श्रम तथा रोजगार मन्त्रालयलाई पटक-पटक ऐनको मस्यौदा पेस गर्न निर्देशन दिएको थियो। तर, कानुनबाट राय नपाउँदा श्रम मन्त्रालयले संशोधन मस्यौदा सरकारलाई बुझाउन सकेको थिएन।

वैदेशिक रोजगार क्षेत्र सुधारका लागि मन्त्रालयले वैदेशिक रोजगार ऐन संशोधन छिटो प्रक्रियाबाट टुङ्ग्याउन पहल गरेको थियो। मन्त्रालयले विद्यमान ऐन संशोधन भए वैदेशिक रोजगार क्षेत्रमा रहेका विकृति हटाउने एउटा नयाँ प्रणाली बन्ने राखेको थियो।

ऐन संशोधनको मस्यौदामा म्यानपावरबाट हुने कारोबार पूर्ण बैकिङ माध्यममा हुनुपर्ने, म्यानपावर कम्पनीले १ करोड रुपियाँ नगद धरौटी राख्नुपर्नेलगायतका बुँदा उल्लेख छन्। यी व्यवस्थापछि ठगी हुने क्रम घट्ने तथा म्यानपावरको ठूला ठगीलाई असुल गर्न सकिने बताइएको छ। अहिले रहेको ७ लाख धरौटी र २३ लाख बैंक ग्यारेन्टी राख्ने व्यवस्थालाई संशोधन गरेर १ करोड रुपियाँ प्रस्ताव गरिएको हो।

त्यसैगरी संशोधनमा वैदेशिक रोजगार सम्वद्ध स्वास्थ्य संस्थाको धरौटी ३ लाख राख्न प्रस्ताव गरिएको छ। ऐनले पहिलोपटक तालिम प्रदान गर्ने संस्थालाई पनि धरौटीको प्रस्ताव गरेको छ।

यस्तै ऐनको मस्यौदामा वैदेशिक रोजगारीको नाममा हुने ठगीलाई जिल्ला प्रशासन कार्यलयले पनि हेर्न सक्ने गरी प्रस्ताव गरिएको छ। प्रमुख जिल्ला अधिकारीलाई एजेन्ट र म्यानपावरबाट हुने ठगीको उजुरीमाथि सुनुवाइ गर्ने, अनुगमन गर्ने र मिलाउन सक्ने गरी ऐनले अधिकार प्रत्यायोजन गर्न प्रस्ताव संशोधनमा छ। यो व्यवस्थापछि मोफसलमा ठगिएका कामदारले आफ्नै जिल्लामा न्याय पाउनेछन्। अहिले यस्ता ठगीलाई विभाग र वैदेशिक रोजगार न्यायाधीकरणले मात्रै हेर्ने गरेको छ।

त्यस्तै दूतावासबाट मात्रै मागपत्र प्रमाणीकरण गर्ने, शून्य लागतमा कामदार नपठाउने म्यानपावरलाई ३ देखि ५ लाख रुपियाँ जरिवाना वा इजाजत रद्द गर्नेलगायत व्यवस्था प्रस्तावित भएको छ।

वैदेशिक रोजगार ऐनको संशोधन रोजगार व्यवसायीको विरोधकाबीच आएको हो। संशोधन कार्य रोजगार व्यवसायीको भावना विपरित तथा अव्यवहारिक व्यवस्था भएको भएको भन्दै व्यवसायीले विरोध जनाएको थिए।

व्यवसायीको विरोध धरौटी बुझाउने रकम वृद्धि तथा फ्रि भिसा फ्रि टिकटप्रति विषेश रहेको छ। व्यवसायीले गत वर्ष मात्र २ सयभन्दा बढी म्यानपावरलाई लाईसेन्स दिएको र आफैं फेरि म्यानपावरको संख्या बढी भएका कारण घटाउन धरौटी रकम बढाउन लबिङ गरेको आरोप लगाएका थिए। फ्रि भिसा फ्रि टिकटप्रति व्यवसायीले यसको कार्यान्वयनसँगै विरोध जनाएको थिए।

## 'बिना प्रमाण व्यापारीलाई नथुन्नुस्'

काठमाडौं, (नेस)

उद्योगी व्यवसायीले बिना प्रमाण व्यापारीलाई थुन्ने काम नगर्न सरकारसँग अनुरोध गरेको छ।

नेपाल चेम्बर अफ कमर्सका अध्यक्ष राजेशकाजी श्रेष्ठको नेतृत्वमा गएको प्रतिनिधिमण्डलले सोमबार गृहसचिव मोहनकृष्ण सापकोटासँग भेट गरी बजार अनुगमनपछि पहिला व्यापारीको कुरा सुन्ने अनिमात्रै थुन्ने काम गर्नुपर्ने माग राखेका हुन्। बजार अनुगमनपछि व्यापारीलाई ल्याएर सिधै थुन्ने काम भएको भन्दै त्यसो नगर्न अनुरोध गरेका हुन्।

गृह मन्त्रालयमा भएको भेटमा चेम्बरका अध्यक्ष श्रेष्ठले दोषी प्रमाणित नभइकनै आरोपका आधारमा व्यापारीलाई थुन्ने काम नगर्न अनुरोध गर्नु भएको हो। अनुसन्धानबाट दोषी प्रमाणित भएपछि मात्रै दण्ड सजायलगायतका कारबाहीको प्रक्रिया अगाडि बढाउन उहाँले आग्रह गर्नुभयो।

भेटमा सचिव सापकोटाले व्यवसायीका मागमा आफू सकारात्मक रहेको बताउनु भएको थियो। यसका लागि मन्त्रालय निजी क्षेत्रका व्यवसायीसँग छलफल गरी अगाडि बढने आश्वासन दिनुभयो।

ज्योति
हिमाल स्टील आजको भाउ

| | टोरस्टिल | | | टि. एम. टि. टेम्पकोर | | | टोरकारी | एनिल्ड |
|---|---|---|---|---|---|---|---|---|
| | ८ मि.मि. | १०-२० मि.मि. | २५-३२ मि.मि. | ८ मि.मि | १०-२० मि.मि | २५-३२ मि.मि. | ४.७५-७ मि.मि. | |
| काठमाडौं | ७७.८५ | ७६.८५ | ७९.३५ | ७८.३५ | ७५.३५ | ७७.८५ | ७७.६५ | ८७.२२ |
| बीरगंज | ७५.९५ | ७४.९५ | ७७.४४ | ७६.४५ | ७३.४५ | ७५.९४ | ७५.७५ | ८५.४२ |
| विराटनगर | ७६.४५ | ७५.४५ | ७७.९४ | ७६.९५ | ७३.९५ | ७६.४४ | ७६.२५ | ८६.०२ |

• अन्त: शुल्क/भ्याट बाहेक प्रति किलो मूल्य • ५०० के.जी. माथि नेपालभरि फ्रि होम डेलिभरी
• अन्य ठाउँको मूल्य नजीकको डिपोबाट लिनु होला । तौलमा हुक र चुरा समावेश छ ।

JAGDAMBA STEEL
देशको मेरुदण्ड
बिक्री मूल्य रु. प्रति किलोग्राम

| स्थानहरु / साइज | JAGDAMBA E ८ एम.एम. | १०-२० एम.एम. | २५ एम.एम. | २८-३२ एम.एम. |
|---|---|---|---|---|
| काठमाडौं | ७६ | ७३ | ७६ | ७६ |
| सिमरा, बिरगंज, कलैया | ७४/४० | ७१/४० | ७४/४० | ७४/४० |
| मलंगवा, जनकपुर, नारायणघाट | ७५/४० | ७२/४० | ७५/४० | ७५/४० |
| लाहान, विराटनगर, धरान, इटहरी | ७६/९५ | ७३/९५ | ७६ /९५ | ७६/९५ |
| विर्तामोड, दमक, बुटवल, भैरहवा, कृष्णनगर | ७५/१० | ७२/१० | ७५/१० | ७५/१० |
| पोखरा, स्याङ्जा | ७५/६० | ७२ /६० | ७५/६० | ७५/६० |

नोट : उपरोक्त मूल्यमा १ रुपैयाँ प्रति के.जी. अन्तशुल्क र १३% मु.अ. कर थप लाग्नेछ ।
JAGDAMBA E
EARTHQUAKE RESISTANT REBAR
Fe 500 NS:191
नेपालको सबैभन्दा विश्वसनीय भुकम्प प्रतिरोधक छड ।

बैंक अफ काठमाण्डू लिमिटेड
BANK OF KATHMANDU LTD.
बैंक अफ काठमाण्डू लिमिटेडको अत्यन्त जरुरी सूचना
यस अघि ललितपुर जिल्ला ललितपुर उप-महानगरपालिका वडा नं. ०४ जाउलाखेलमा रहेको बैंक अफ काठमाण्डू लिमिटेडको शाखा कार्यालय बन्द भई हाल महालक्ष्मी नगरपालिका इमाडोल वडा नं. १६, ललितपुरमा मिति २०७४/०७/१३ देखि स्थानन्तरण भएको व्यहोरा अवगत गराईन्छ । यसबाट ग्राहकवर्गमा पर्न गएको असुविधाको लागि क्षमाप्रार्थी छौं ।
विस्तृत जानकारीको लागि ०१-५२००९११ मा सम्पर्क गर्नुहोला ।

HIGER MRP PRICE LIST
1) HIGER - KLQ6759 A (LUXURY) : NRs. 71,00,000.00 (MRP)
2) HIGER- KLQ6759 A (STANDARD) : NRs. 67,00,000.00 (MRP)
3) HIGER - KLQ6796 (LUXURY) : NRs. 93,00,000.00 (MRP)
4) HIGER- KLQ6796(STANDARD) : NRs. 89,00,000.00 (MRP)
5) HIGER - KLQ6856QE3 (LUXURY) : NRs. 116,00,000.00 (MRP)
6) HIGER - KLQ6856QE3 ( STANDARD) : NRs. 112,00,000.00 (MRP)
Arksh Group
Sole distributor : ARKSH GROUP PVT. LTD.
Lazimpat, Kathmandu, Nepal
Phone No. : +977-1-4002049

## विनिमय दर

नेपाल राष्ट्र बैंक
केन्द्रीय कार्यालय
विदेशी विनिमय व्यवस्थापन विभाग
२०७४ कात्तिक १४ अक्टोबर ३१ २०१७

### खुला बजार विनिमय दर नेपाल राष्ट्र बैंकको

| | खरिद दर | बिक्री दर |
|---|---|---|
| भारतीय रुपियाँ १०० का रु. | १६०.०० | १६०.१५ |
| अमेरिकी डलर १ का रु. | १०३।४७ | १०४।०७ |
| युरो १ का रु. | १२०।३९ | १२१।०९ |
| पाउन्ड स्टर्लिङ १ का रु. | १३६।३८ | १३७।१७ |
| स्विस फ्रन्क १ का रु. | १०३।७२ | १०४।३२ |
| अस्ट्रेलियन डलर १ का रु. | ७९।३५ | ७९।८१ |
| क्यानाडियन डलर १ का रु. | ८०।६४ | ८१।११ |
| सिङ्गापुर डलर १ का रु. | ७५।९१ | ७६।३५ |
| जापानी यन १० का रु. | ९।११ | ९।१६ |
| चिनियाँ युआन १ का रु. | १५।५७ | १५।६६ |
| साउदी अरब रियाल १ का रु. | २७।५९ | २७।७५ |
| कतारी रियाल १ का रु. | २८।४२ | २८।५८ |

| | खरिद दर | बिक्री दर |
|---|---|---|
| थाई भाट १ का रु. | ३।११ | ३।१३ |
| सं. अरब इमिरट दिराम १ का रु. | २८।१७ | २८।३३ |
| मलसियन रिङ्गिट १ का रु. | २४।४२ | २४।५६ |
| दक्षिण कारियन वन १०० का रु. | ९।२० | ९।२५ |

**खरिद दर**

| | खरिद दर |
|---|---|
| स्विडिस क्रानर १ का रु. | १२।४० |
| डनिस क्रानर १ का रु. | १६।१८ |
| हङकङ डलर १ का रु. | १३।२६ |

**नोट**: वर्तमान व्यवस्था अन्तर्गत वणिज्य बैङ्कहरूले तोकेका खुला बजार विनिमय दर भने फरक हुन सक्नेछ। चिनियाँ युआन चिनियाँ पर्यटक, नेपाली निर्यातकर्ता तथा आयातकर्ता, चीन भ्रमणमा जाने नेपाली नागरिकहरू र चीनमा अध्ययन गर्ने विद्यार्थीसँग मात्र खरिद/बिक्री गर्न पाइने।

## नेप्सेमा सामान्य गिरावट

काठमाडौं, (नेस)

साताको दोस्रो दिन नेप्से परिसूचक ३ दशमलव ५१ अंकले घटेको छ। यससँगै गत साताको मंगलबारदेखि ओरालो लाग्न थालेको बजारले निरन्तरता पाएको हो।

साताको दोस्रो दिन कारोबारमा आएका ९ मध्ये ८ वटा समूहमा गिरावट आएसँगै नेप्से परिसूचक ओरालो लागेको हो। आइतबार १३ दशमलव ४९ अंकले घटेको शेयर बजार साताको दोस्रो दिन पनि घटेको हो। परिसूचक घटेसँगै सोमबार कारोबार रकममा पनि गिरावट आएको छ। सोमबार बजारमा ४४ करोड ८३ लाख ३१ हजार ३ सय ७९ रुपियाँको कारोबार भयो। यसैक्रममा १ सय ५६ कम्पनीका १४ लाख ९४ हजार १ सय ८३ कित्ता शेयर किनबेच भए। आइतबार बजारमा ५० करोड १४ लाख २६ हजार १ सय २१ रुपियाँको कारोबार भएको थियो।

साताको दोस्रो दिन १ हजार ५ सय ४० दशमलव २३ अंकबाट शुरू भएको बजार कारोबार शुरू भएको १० मिनेटपछि नै ओरालो लाग्न थालेको थियो। तर, मध्यान्न १२ बजेदेखि उकासिन थालेको शेयर बजार त्यसको १ घण्टापछि नै ओरालो लाग्न थालेको थियो। अन्ततः बजार परिसूचक घट्दै १ हजार ५ सय ३६ दशमलव ७२ अंकमा पुगेर रोकिएको हो।

नेप्से परिसूचक घट्दा आइतबार 'क' वर्गका कम्पनीको कारोबार मापन गर्ने सेन्सेटिभ इन्डेक्स शून्य दशमलव ७६ अंकले घटेर ३ सय २३ दशमलव ४७ अंकमा पुगेको छ।

सोमबार कारोबारमा आएका ९ समूहमध्ये जलविद्युत् समूहमा मात्रै सुधार आयो। उक्त समूहमा सर्वाधिक शून्य दशमलव ४२ प्रतिशतले बढ्दा अन्य सबै समूह राताम्य भए।

घट्नेमा ट्रेडिङ समूह सबैभन्दा बढी २ दशमलव ६२ प्रतिशतले बढ्यो। त्यस्तै विकास बैंक, बीमा र उत्पादनमूलक समूह क्रमशः शून्य दशमलव ६९, शून्य दशमलव ३८ र शून्य दशमलव ३७ प्रतिशतले घटे। अन्य समूहमा शून्य दशमलव ३५ र वित्त समूह शून्य दशमलव ३ अंकले घट्दा बैंकिङ र होटल समूह पनि क्रमशः शून्य दशमलव १ र शून्य दशमलव शून्य ९ प्रतिशतले घटे।

सोमबार सबैभन्दा धेरै कारोबार ज्योति विकास बैंकका संस्थापक शेयरको शेयरको भयो। बैंकका २ लाख ७ हजार कित्ता शेयर २ करोड ४८ लाख ४० हजार रुपियाँमा किनबेच भए। आइतबार धेरै कमाउनेमा मल्टीपर्पोस फाइनान्स कम्पनीका शेयरधनी रहे। कम्पनीको शेयर मूल्य सर्वाधिक ९ दशमलव ८५ प्रतिशतले बढ्दा सिभिल लघुवित्त वित्तिय संस्थाका शेयरधनीले सर्वाधिक ९ दशमलव शून्य ९ प्रतिशत गुमाए।

## फूलको आयात घट्दो, ड्राई फ्रुटको आयात बढ्दो

कृष्णउदास खनाल, वीरगन्ज

वीरगन्जबाट सयपत्री फूलको मालाको आयात घटेको छ। गत वर्षको तुलनामा यस वर्ष भारतबाट आयात हुने फूलको आयातमा कमी आएको वीरगन्ज भन्सार कार्यालयले जनाएको छ।

अघिल्लो आर्थिक वर्ष २०७३/७४ को असोज २९ गतेसम्म वीरगन्ज नाकाबाट सयपत्री फूलको १ लाख १४ हजार ६ सय वटा माला आयात भएको थियो। तर, चालू आव २०७४/७५ को समीक्षा अवधिमा यो संख्या ७३ हजार ८ सयमा झरेको वीरगन्ज भन्सार कार्यालयले जनाएको छ।

गत आवको तुलनामा यो वर्ष फूलको आन्तरिक उत्पादन बढेकाले मालाको आयात घटेको वीरगन्ज भन्सार कार्यालयका प्रमुख भन्सार अधिकृत सेवन्तक पोखरेलले बताउनुभयो। वर्षेनी मालाको माग बढ्ने भए पनि आयात घट्नुले स्वदेशमा फूलको उत्पादन बढी भएको उहाँको भनाइ छ।

प्रत्येक वर्षको तिहारमा बेला भारतबाट सयपत्री फूलको माला आयात हुँदै आएको छ।

यस्तै अन्य समयभन्दा चाडपर्वका बेला अधिक खपत हुने ड्राई फ्रुटको आयात भने उल्लेख्य बढेको छ। स्वदेशमा उत्पादन नहुने यस्ता वस्तुको आयात भने निरन्तर उकालो लागेको भन्सार अधिकृत पोखरेलले जानकारी दिनुभयो।

भन्सार कार्यालय वीरगन्जका अनुसार यो वर्ष काजु, बदाम, आलमोण्ड, ओखर, पिस्ता, सुपारी, दालचिनीलगायत ड्राई फ्रुटको आयात बढेको छ। गत वर्ष असोजसम्ममा २ लाख १५ हजार किलो काजु आयात भएकोमा यो वर्षको समीक्षा अवधिमा ३ लाख ३ हजार किलो भित्रिएको छ। अघिल्लो वर्ष ५७ हजार किलो बदाम आएकोमा यस वर्ष यो परिमाण बढेर २ लाख १७ हजार किलो पुगेको छ।

वीरगन्ज नाकाबाट गतवर्ष १ लाख ४ हजार किलो ओखर आएकोमा अहिले यो वर्ष १ लाख ६४ हजार किलो खपत भएको छ। करिब ९ सय किलो पेस्ताको आयात अहिले बढेर ८ हजार किलोमा पुगेको तथ्यांक भन्सारसँग छ। यो वर्ष वीरगन्ज नाकाबाट नरिवल, खजुर, किसमिस, ल्वाङ र सुकमेलको आयातमा भने कमी आएको देखिएको छ।



## SHARE MARKET

30 OCTOBER MONDAY, 2017

| S.No. | Traded Companies | Total Share | Max. Price | Min. Price | CP Price | Diff Rs. |
|---|---|---|---|---|---|---|
| 1 | Agriculture Development Bank Limited | 13723.00 | 443.00 | 437.00 | 437.00 | -5.00 |
| 2 | Api Power Company Ltd. | 1153.00 | 550.00 | 535.00 | 540.00 | 0.00 |
| 3 | Arun Finance Limited | 301.00 | 158.00 | 158.00 | 158.00 | 0.00 |
| 4 | Arun Kabeli Power Ltd. | 5677.00 | 335.00 | 330.00 | 332.00 | -3.00 |
| 5 | Arun Valley Hydropower Dev. Co. Ltd. | 3700.00 | 214.00 | 210.00 | 212.00 | -2.00 |
| 6 | Asian Life Insurance Co. Limited | 186.00 | 1490.00 | 1489.00 | 1490.00 | -2.00 |
| 7 | Asian Life Insurance Co. Ltd Po. Share | 3855.00 | 800.00 | 800.00 | 800.00 | 0.00 |
| 8 | Bank of Kathmandu Ltd. | 7113.00 | 445.00 | 440.00 | 440.00 | 0.00 |
| 9 | Barun Hydropower Co. Ltd. | 1082.00 | 211.00 | 207.00 | 211.00 | 1.00 |
| 10 | Best Finance Company Ltd. | 1670.00 | 139.00 | 135.00 | 139.00 | 0.00 |
| 11 | Bhargav Bikash Bank Ltd. | 8786.00 | 280.00 | 270.00 | 275.00 | -5.00 |
| 12 | Bhargav Bikash Bank Ltd. Pro. Share | 8400.00 | 163.00 | 163.00 | 163.00 | 0.00 |
| 13 | Bishal Bazar Company Limited | 60.00 | 2127.00 | 2100.00 | 2100.00 | -70.00 |
| 14 | Bottlers Nepal (Terai) Limited | 230.00 | 6549.00 | 6421.00 | 6549.00 | -132.00 |
| 15 | Butwal Power Company Limited | 30750.00 | 630.00 | 612.00 | 628.00 | 7.00 |
| 16 | Central Finance Co. Ltd. | 75.00 | 189.00 | 189.00 | 189.00 | -3.00 |
| 17 | Century Commercial Bank Ltd. | 28421.00 | 226.00 | 221.00 | 224.00 | 2.00 |
| 18 | Chhimek Laghubitta Bikas Bank Limited | 3365.00 | 1144.00 | 1130.00 | 1140.00 | -6.00 |
| 19 | Chhyangdi Hydropower Ltd. | 88.00 | 197.00 | 196.00 | 196.00 | -3.00 |
| 20 | Chilime Hydropower Company Limited | 4175.00 | 760.00 | 749.00 | 757.00 | 9.00 |
| 21 | Citizen Bank International Limited | 17176.00 | 304.00 | 298.00 | 300.00 | 0.00 |
| 22 | Citizen Investment Trust | 300.00 | 3675.00 | 3661.00 | 3661.00 | -29.00 |
| 23 | Civil Bank Ltd | 18167.00 | 239.00 | 233.00 | 235.00 | 3.00 |
| 24 | Civil Laghubitta Bittiya Sanstha Ltd. | 487.00 | 1346.00 | 1188.00 | 1200.00 | -120.00 |
| 25 | Deprosc Development Bank Limited | 927.00 | 1218.00 | 1200.00 | 1218.00 | 8.00 |
| 26 | Deva Bikas Bank Limited | 1305.00 | 254.00 | 252.00 | 254.00 | 0.00 |
| 27 | Dibyashwori Hydropower Ltd. | 185.00 | 159.00 | 158.00 | 159.00 | 1.00 |
| 28 | Everest Bank Limited | 6961.00 | 1212.00 | 1195.00 | 1208.00 | 2.00 |
| 29 | Everest Insurance Co. Ltd. | 850.00 | 2660.00 | 2630.00 | 2635.00 | -14.00 |
| 30 | Excel Development Bank Ltd. | 1047.00 | 493.00 | 490.00 | 490.00 | -2.00 |
| 31 | First Micro Finance Dev. Bank Ltd. | 3213.00 | 841.00 | 830.00 | 834.00 | -3.00 |
| 32 | Forward Community Mic. Bittiya San. Ltd. | 3506.00 | 3530.00 | 3481.00 | 3500.00 | -35.00 |
| 33 | Gandaki Bikas Bank Limited | 4337.00 | 357.00 | 352.00 | 353.00 | -2.00 |
| 34 | Garima Bikas Bank Limited | 4762.00 | 256.00 | 250.00 | 251.00 | -1.00 |
| 35 | Global IME Bank Limited | 7189.00 | 345.00 | 336.00 | 336.00 | -4.00 |
| 36 | Green Development Bank Ltd. | 240.00 | 550.00 | 531.00 | 531.00 | -9.00 |
| 37 | Guheshowori Mer. Bank & Fin. Co. Ltd. | 140.00 | 210.00 | 206.00 | 206.00 | 4.00 |
| 38 | Gurans Life Insurance Company Ltd. | 543.00 | 1049.00 | 1025.00 | 1025.00 | -5.00 |
| 39 | Gurkhas Finance Ltd. | 2760.00 | 183.00 | 179.00 | 181.00 | 2.00 |
| 40 | Hamro Bikas Bank Ltd. | 484.00 | 198.00 | 195.00 | 195.00 | 0.00 |
| 41 | Himalayan Bank Limited | 1670.00 | 869.00 | 850.00 | 860.00 | -5.00 |
| 42 | Himalayan Distillery Limited | 25.00 | 1224.00 | 1200.00 | 1200.00 | 0.00 |
| 43 | Himalayan General Insurance Co. Ltd | 362.00 | 720.00 | 713.00 | 720.00 | 2.00 |
| 44 | Himalayan Power Partner Ltd. | 2470.00 | 370.00 | 360.00 | 365.00 | -1.00 |
| 45 | ICFC Finance Limited | 1808.00 | 234.00 | 230.00 | 234.00 | 3.00 |
| 46 | Jalabidyut Lagani tatha Bikas Co. Ltd. | 8833.00 | 184.00 | 179.00 | 182.00 | 1.00 |
| 47 | Janaki Finance Ltd. | 570.00 | 266.00 | 256.00 | 266.00 | 1.00 |
| 48 | Janata Bank Nepal Ltd. | 48554.00 | 256.00 | 248.00 | 254.00 | 0.00 |
| 49 | Janautthan Sam.Lag. Bikas Bank Ltd. | 48.00 | 3600.00 | 3505.00 | 3505.00 | -105.00 |
| 50 | Jyoti Bikas Bank Limited | 3492.00 | 188.00 | 183.00 | 184.00 | -2.00 |
| 51 | Jyoti Bikash Bank Ltd. Promoter Share | 207000.00 | 120.00 | 120.00 | 120.00 | 0.00 |
| 52 | Kailash Bikas Bank Ltd. | 1620.00 | 284.00 | 283.00 | 284.00 | 1.00 |
| 53 | Kalika Microcredit Development Bank Ltd. | 939.00 | 1910.00 | 1880.00 | 1890.00 | 17.00 |
| 54 | Kamana Sewa Bikas Bank Limited | 5957.00 | 213.00 | 208.00 | 211.00 | 0.00 |
| 55 | Kanchan Development Bank Limited | 50.00 | 236.00 | 236.00 | 236.00 | 4.00 |
| 56 | Kankai Bikas Bank Ltd. | 853.00 | 220.00 | 212.00 | 212.00 | -6.00 |
| 57 | Karnali Development Bank Limited | 124.00 | 265.00 | 260.00 | 260.00 | -10.00 |
| 58 | Khanikhola Hydropower Co. Ltd. | 70.00 | 167.00 | 167.00 | 167.00 | 0.00 |
| 59 | Kisan Microfinance Bittiya Sanstha Ltd. | 92.00 | 2500.00 | 2465.00 | 2500.00 | -15.00 |
| 60 | Kumari Bank Limited | 13844.00 | 314.00 | 305.00 | 308.00 | -2.00 |
| 61 | Lalitpur Finance Ltd. | 75.00 | 171.00 | 171.00 | 171.00 | -3.00 |
| 62 | Laxmi Bank Limited | 11489.00 | 321.00 | 316.00 | 320.00 | 2.00 |
| 63 | Laxmi Equity Fund | 9000.00 | 9.95 | 9.90 | 9.95 | -0.10 |
| 64 | Laxmi Laghubitta Bittiya Sanstha Ltd. | 1277.00 | 1600.00 | 1551.00 | 1551.00 | -49.00 |
| 65 | Life Insurance Co. Nepal | 418.00 | 2066.00 | 2060.00 | 2060.00 | -36.00 |
| 66 | Lumbini Bikas Bank Ltd. | 16480.00 | 211.00 | 207.00 | 208.00 | -5.00 |
| 67 | Lumbini General Insurance Co. Ltd. | 9511.00 | 867.00 | 848.00 | 854.00 | -3.00 |
| 68 | Machhapuchhre Bank Limited | 10886.00 | 322.00 | 314.00 | 316.00 | -1.00 |
| 69 | Mahalaxmi Bikas Bank Ltd. | 15472.00 | 226.00 | 221.00 | 223.00 | -1.00 |
| 70 | Manjushree Finance Ltd. | 3430.00 | 152.00 | 144.00 | 149.00 | 3.00 |
| 71 | Mero Microfinance Bittiya Sanstha Ltd. | 251.00 | 1600.00 | 1593.00 | 1593.00 | -32.00 |
| 72 | Mirmire Microfinance Dev. Bank Ltd. | 713.00 | 2907.00 | 2860.00 | 2861.00 | 11.00 |
| 73 | Mission Development Bank Ltd. | 100.00 | 300.00 | 300.00 | 300.00 | 0.00 |
| 74 | Miteri Development Bank Limited | 2154.00 | 528.00 | 510.00 | 511.00 | -6.00 |
| 75 | Mithila LaghuBitta Bikas Bank Ltd. | 222.00 | 1200.00 | 1180.00 | 1200.00 | 0.00 |
| 76 | Muktinath Bikas Bank Ltd. | 8148.00 | 615.00 | 608.00 | 609.00 | 1.00 |
| 77 | Multipurpose Finance Company Limited | 4129.00 | 223.00 | 207.00 | 223.00 | 20.00 |
| 78 | Nabil Balance Fund 1 | 10000.00 | 18.00 | 18.00 | 18.00 | 0.15 |
| 79 | Nabil Bank Limited | 5881.00 | 1234.00 | 1220.00 | 1225.00 | -5.00 |
| 80 | NABIL Bank Limited Promotor Share | 2279.00 | 890.00 | 880.00 | 885.00 | -5.00 |
| 81 | Nabil Equity Fund | 259994.00 | 11.00 | 10.70 | 11.00 | 0.44 |
| 82 | NagBeli LaghuBitta Bikas Bank Ltd. | 240.00 | 3799.00 | 3760.00 | 3790.00 | -10.00 |
| 83 | National Hydro Power Company Limited | 26600.00 | 130.00 | 126.00 | 126.00 | -2.00 |
| 84 | National Life Insurance Co. Ltd. | 1361.00 | 1820.00 | 1806.00 | 1820.00 | -4.00 |
| 85 | National Microfinance Bittiya Sanstha Ltd. | 2646.00 | 3070.00 | 3040.00 | 3041.00 | -74.00 |
| 86 | Naya Nepal Laghubitta Bikas Bank Ltd. | 688.00 | 2610.00 | 2598.00 | 2610.00 | -40.00 |
| 87 | NB Insurance Co. Ltd. | 302.00 | 1155.00 | 1131.00 | 1132.00 | -7.00 |
| 88 | Neco Insurance Co. Ltd. | 7882.00 | 950.00 | 945.00 | 950.00 | 0.00 |
| 89 | Nepal Bangladesh Bank Limited | 26405.00 | 295.00 | 289.00 | 293.00 | -3.00 |
| 90 | Nepal Bank Limited | 16010.00 | 350.00 | 341.00 | 349.00 | 6.00 |
| 91 | Nepal Community Development Bank Ltd. | 200.00 | 172.00 | 172.00 | 172.00 | -3.00 |
| 92 | Nepal Credit And Com. Bank Limited | 22802.00 | 365.00 | 353.00 | 363.00 | 8.00 |
| 93 | Nepal Doorsanchar Comapany Limited | 16520.00 | 836.00 | 830.00 | 836.00 | -4.00 |
| 94 | Nepal Grameen Bikas Bank Ltd. | 11900.00 | 714.00 | 700.00 | 704.00 | -10.00 |
| 95 | Nepal Insurance Co. Ltd. | 2605.00 | 1540.00 | 1511.00 | 1518.00 | -16.00 |
| 96 | Nepal Investment Bank Limited | 9991.00 | 645.00 | 632.00 | 636.00 | 0.00 |
| 97 | Nepal Investment Bank Ltd. Pro. Share | 18953.00 | 582.00 | 575.00 | 575.00 | -7.00 |
| 98 | Nepal Life Insurance Co. Ltd. | 9347.00 | 1967.00 | 1950.00 | 1955.00 | -3.00 |
| 99 | Nepal SBI Bank Limited | 5269.00 | 800.00 | 791.00 | 797.00 | -3.00 |
| 100 | Nerude Laghubita Bikas Bank Limited | 1010.00 | 1135.00 | 1125.00 | 1130.00 | -10.00 |
| 101 | Ngadi Group Power Ltd. | 20.00 | 240.00 | 236.00 | 236.00 | -8.00 |
| 102 | NIBL Samriddhi Fund 1 | 45000.00 | 12.10 | 12.05 | 12.10 | -0.16 |
| 103 | NIC Asia Bank Ltd. | 10493.00 | 363.00 | 353.00 | 363.00 | 5.00 |
| 104 | Nirdhan Utthan Bank Limited | 6005.00 | 2345.00 | 2300.00 | 2305.00 | -40.00 |
| 105 | NLG Insurance Company Ltd. | 2459.00 | 1598.00 | 1560.00 | 1570.00 | 3.00 |
| 106 | NMB Microfinance Bittiya Sanstha Ltd. | 212.00 | 2641.00 | 2601.00 | 2610.00 | -31.00 |
| 107 | NMB Bank Limited | 3162.00 | 488.00 | 478.00 | 484.00 | -1.00 |
| 108 | NMB Hybrid Fund L-1 | 2080.00 | 10.12 | 10.10 | 10.12 | -0.18 |
| 109 | NMB Sulav Investment Fund-1 | 59100.00 | 13.55 | 13.35 | 13.55 | 0.07 |
| 110 | Om Development Bank Ltd. | 2459.00 | 295.00 | 290.00 | 291.00 | -2.00 |
| 111 | Oriental Hotels Limited | 470.00 | 742.00 | 701.00 | 742.00 | 28.00 |
| 112 | Pokhara Finance Ltd. | 1388.00 | 225.00 | 222.00 | 222.00 | -6.00 |
| 113 | Prabhu Bank Limited | 13820.00 | 375.00 | 370.00 | 372.00 | -2.00 |
| 114 | Prabhu Insurance Ltd. | 5106.00 | 945.00 | 916.00 | 916.00 | -19.00 |
| 115 | Premier Insurance Co. Ltd. | 2142.00 | 1649.00 | 1586.00 | 1586.00 | -31.00 |
| 116 | Prime Commercial Bank Ltd. | 15979.00 | 445.00 | 441.00 | 441.00 | -3.00 |
| 117 | Prime Life Insurance Company Limited | 3542.00 | 1845.00 | 1811.00 | 1811.00 | -9.00 |
| 118 | ProgressiveFinance Limited | 650.00 | 241.00 | 240.00 | 240.00 | 0.00 |
| 119 | Prudential Insurance Co. Ltd. | 335.00 | 1470.00 | 1460.00 | 1462.00 | -3.00 |
| 120 | Purnima Bikas Bank Ltd. | 1765.00 | 305.00 | 300.00 | 301.00 | 0.00 |
| 121 | Rastriya Beema Company Limited | 160.00 | 16700.00 | 16400.00 | 16700.00 | 150.00 |
| 122 | Rastriya Beema Company Ltd Pro. Share | 616.00 | 15395.00 | 15100.00 | 15390.00 | 296.00 |
| 123 | Reliable Microfinance Bittiya Sanstha Ltd. | 66.00 | 1969.00 | 1931.00 | 1969.00 | 18.00 |
| 124 | Reliance Finance Ltd. | 7397.00 | 210.00 | 207.00 | 210.00 | 0.00 |
| 125 | Ridi Hydropower Development Co. Ltd. | 1074.00 | 158.00 | 154.00 | 154.00 | -3.00 |
| 126 | RSDC Laghubitta Bittiya Sanstha Ltd. | 752.00 | 1257.00 | 1239.00 | 1255.00 | 0.00 |
| 127 | Rural Microfinance Dev.Centre Ltd. | 700.00 | 698.00 | 690.00 | 698.00 | 3.00 |
| 128 | Sagarmatha Insurance Co. Ltd. | 358.00 | 1652.00 | 1635.00 | 1635.00 | -25.00 |
| 129 | Sahayogi Bikas Bank Limited | 1838.00 | 324.00 | 323.00 | 324.00 | -1.00 |
| 130 | Sana Kisan Bikas Bank Ltd | 1160.00 | 1525.00 | 1503.00 | 1515.00 | 2.00 |
| 131 | Sanima Bank Limited | 11596.00 | 347.00 | 342.00 | 347.00 | 2.00 |
| 132 | Sanima Mai Hydropower Ltd. | 741.00 | 512.00 | 510.00 | 511.00 | 1.00 |
| 133 | Saptakoshi Development Bank Ltd. | 142.00 | 185.00 | 179.00 | 182.00 | -3.00 |
| 134 | Shangrila Development Bank Ltd. | 3291.00 | 385.00 | 375.00 | 375.00 | -3.00 |
| 135 | Shikhar Insurance Co. Ltd. | 4890.00 | 1940.00 | 1910.00 | 1929.00 | -4.00 |
| 136 | Shine Resunga Development Bank Ltd. | 4098.00 | 409.00 | 404.00 | 409.00 | 2.00 |
| 137 | Siddhartha Bank Limited | 16337.00 | 415.00 | 406.00 | 412.00 | 2.00 |
| 138 | Siddhartha Equity Orineted Scheme | 143600.00 | 12.70 | 12.47 | 12.50 | -0.20 |
| 139 | Siddhartha Insurance Ltd. | 7349.00 | 1489.00 | 1452.00 | 1460.00 | -21.00 |
| 140 | Siddhartha Investment Growth Sch.-1 | 35000.00 | 21.70 | 21.30 | 21.30 | 0.00 |
| 141 | Soaltee Hotel Limited | 310.00 | 355.00 | 352.00 | 354.00 | -5.00 |
| 142 | Standard Chartered Bank Limited | 6724.00 | 2130.00 | 2115.00 | 2115.00 | -15.00 |

Total Amount Rs. 448,331,379 Total Quantity 1,494,183 Total No of Transactions 4,166

> कार्यक्रममा होटल संघ नेपालका अध्यक्ष अमरमान शाक्यले राजनीतिक नेतृत्वले पर्यटनको महत्व बुझ्केकाले निजी र सरकारी सहकार्यलाई सातैवटा प्रदेशमा विस्तार गरी पर्यटन क्षेत्रलाई प्राथमिकतामा राख्नुपर्ने बताउनुभएको थियो।

# विद्युत् मूल्य बढाउन माग

**नेपाल समाचारपत्र**

काठमाडौं

ग्रामीण विद्युतीकरणलाई प्रभावकारी बनाउन सामुदायिक क्षेत्रमा निर्धारण गरेको विद्युत् महशुल बढाउन माग गरिएको छ। विद्युत् महशुल निर्धारण आयोगले सोमबार राजधानीमा गरेको विद्युत महशुल सम्बन्धी अन्तर्क्रिया कार्यक्रममा नेपाल विद्युत् प्राधिकरण र सामुदायिक विद्युत् उपभोक्ता राष्ट्रिय महासंघले ग्रामीण क्षेत्रमा वितरण गरिँदै आएको विद्युत्को महशुल बढाउन सरकारसँग आग्रह गरेको हो।

कार्यक्रममा नेपाल विद्युत प्राधिकरणका प्रमुख कार्यकारी अधिकृत कुलमान घिसिङले ग्रामीण विद्युतीकरणका लागि प्राधिकरणले व्यापारमुखीभन्दा पनि सेवामुखी भएर काम गरेकाले घाटा कम गर्ने भन्दा पनि हरेक क्षेत्रमा विद्युत् पुऱ्याउनु पहिलो आवश्यकता रहेको बताउनुभयो। ग्रामीण भेगमा विद्युतीकरण गर्दा सामुदायिक संस्थाहरूको भूमिका प्रशंसनीय भए पनि धेरै ठाउँमा सामुदायिक संस्थाकै कारण विद्युतीकरण रोकिएको बताउनुभयो। घिसिङले भन्नुभयो-'सामुदायिक संस्थाहरूको कारणले विद्युतीकरण रोकिएको उदाहरण पनि छन्। प्राधिकरणले उनीहरूको क्षेत्रभन्दा बाहिर गएर काम गर्नुपर्ने अवस्था पनि हामीले भोगेका छौं। तर, जसरी हुन्छ हामी ग्रामीण भेगमा जाने र विद्युत् दिन जोड दिइरहेका छौं।'

मन्तव्यको शुरूवातमै आफू सामुदायिक संस्थाप्रति नकारात्मक नरहेको बताउनुभएका घिसिङले सामुदायिक विद्युतीकरणबाट चुहावट कम भएको दाबी गरिए पनि उसको चुहावट प्राधिकरणले बेहोर्नुपर्ने बाध्यता रहेको बताउनुभयो। तर, मूल्य परिमार्जनका विषयमा भने सामुदायिक संस्थाहरूले सस्तोमा बिजुली बेच्दा प्राधिकरणलाई पनि घाटा बेहोर्नु परेको भन्दै यसमा आयोगको भूमिका सकारात्मक हुनुपर्ने उहाँको भनाइ रहेको थियो। वर्षभरीमा हुने विद्युत् खपतको ३ प्रतिशत मात्र ग्रामीण भेगमा जाने गरेको छ।

विद्युत् महशुल निर्धारण आयोगका अध्यक्ष जगतप्रसाद भुसालले प्राधिकरण र सामुदायिक संस्था दुवैलाई नाफा हुने गरी महशुल समायोजन हुनुपर्ने बताउनुभयो। 'हामीले प्राधिकरणबाट आएको मूल्य समायोजनको प्रस्ताव र ग्रामीण ग्राहक दुवैको अवस्था हेरेर दुवैलाई सहज हुने गरी महशुल निर्धारण गर्नेछौं।

सामुदायिक विद्युत दरको विषय सम्बोधन गर्न र कार्यान्वयन गर्न पनि हामी जोड दिने छौं।' ग्रामीण भेगमा सामुदायिक संस्थामार्फत् विद्युतीकरण हुँदै आएको छ। प्राधिकरणले यस्ता संस्थालाई प्रतियुनिट ३ रुपियाँमा विद्युत बेच्छ भने उनीहरूले प्रतियुनिट ४ रुपियाँ २५ पैसामा बेच्ने गरेका छन्। प्राधिकरणको व्यावसायिक बिक्री दर भने प्रतियुनिट औसत १० रुपियाँ ६१ पैसा रहेको छ।

सामुदायिक विद्युत उपभोक्ता राष्ट्रिय महासंघका अध्यक्ष नारायण ज्ञवालीले ग्रामीण विद्युतीकरणलाई कसरी व्यवस्थापन गर्न सकिन्छ र व्यवहारिक महशुल निर्धारण गर्न सकिन्छ भनेर आयोग र प्राधिकरण दुवैले सोच्नु जरुरी रहेको बताउनुभयो। ज्ञवालीले भन्नुभयो- 'महशुल निर्धारण गर्दा सामुदायिक संस्थालाई लिज भाडाको प्रतियुनिट १० पैसा बराबर र चुहावटमा छुट दिनुपर्छ। धेरैजसो त स्वयंसेवकको भरमा चलेका छन्। छुट नपाउने हो भने यस्ता संस्था नै बन्द हुने अवस्था आउँछ।' उपभोक्ताले आफूले खपत गरेको युनिट बराबर नै महशुल तिर्नु परेपछि बढी युनिट खपत गर्दा मात्र सामुदायिक संस्थाले लाभ लिन सक्छन्। तर, ग्रामीण भेगमा धेरै युनिट खपत गर्ने जनसंख्या निकै कम भएकाले आफूहरूलाई घाटा हुने गरेको ज्ञवालीको भनाइ छ।

प्राधिकरणले विद्युत महसुल परिमार्जन गर्न आयोगलाई गत असार २९ गते पत्राचार गरेको थियो। तर, महशुल वृद्धिको सबै ठाउँबाट विरोध भएपछि उक्त विषयमा आयोग मौन जस्तै बसेको थियो। सोहीबीचमा सामुदायिक राष्ट्रिय विद्युत् उपभोक्ता महासंघले महशुल समायोजन गर्नुअघि केही जिल्लाको स्थलगत अध्ययन गरी वास्तविक तथ्यका आधारमा मात्रै गर्नुपर्ने प्रस्ताव आयोगलाई पठाएपछि प्राधिकरण, आयोग र महासंघ प्रतिनिधि सम्मिलित टोलीले सिन्धुपाल्चोक, गुल्मी र चितवनको मुग्लिनमा सञ्चालित ५ वटा सामुदायिक संस्थाको स्थलगत अध्ययन गरेको थियो।

# टानमा दाहालको नेतृत्व




काठमाडौं, (नेस)

ट्रेकिङ एजेन्सिज एसोसिएसन अफ नेपाल (टान) को अध्यक्षमा नवराज दाहाल विजयी हुनुभएको छ। आइतबार टानको ३९औं वार्षिक साधारण र निर्वाचनमा अर्का अध्यक्षका प्रत्यासी मोहन लम्साललाई १८ मतले पराजित गर्दै दाहाल विजयी हुनु भएको हो।

दाहालले ३ सय ३१ मत ल्याउनु भएको थियो भने लम्सालले ३ सय १३ मत ल्याउनु भएको थियो। अर्का अध्यक्षका प्रत्यासी उम्मेवार नुरुजाङ्बु शेर्पाले ५० मत प्राप्त गर्नु भएको थियो। ११ सय ८६ मतदाता रहेको टानमा ७ सय २७ मत अर्थात ६१ प्रतिशत मात्र मत खसेको थियो। निर्वाचित दाहाल गणतान्त्रिक स्टोनियाका लागि नेपाली वाणिज्यदूत हुनुहुन्छ। मत परिणाम घोषणापछि दाहालले टानलाई नयाँ उचाईमा पुऱ्याउने, व्यावसायिक हकहितको लागि काम गर्ने र नेपालको पर्यटन विकासमा टेवा पुऱ्याउने काम आफ्नो कार्यकालमा गर्ने बताउनुभयो।

टान निर्वाचन समितिकाअनुसार अध्यक्षसहित दाहाल समूहबाट पदाधिकारीमा प्रथम उपाध्यक्ष जीवन थापामगर, महासचिव आङपेम्वा शेर्पा, सचिव सुजन लामिछाने, कोषाध्यक्ष रामकृष्ण तिमिल्सिना सहकोषाध्यक्षमा तारा राना निर्वाचित हुनुभएको छ। लम्साल समूहबाट भने वरिष्ठ उपाध्यक्ष खुमबहादुर केसी, द्वितीय उपाध्यक्ष नीलहरी बास्तोला र महिला सदस्य र अन्य २ सदस्य पदमा निर्वाचित भएका छन्। कार्यसमिति सदस्यमा ऋतु ग्याम्देन, रवीन्द्र अधिकारी, राजनप्रसाद काप्री, गोपाल श्रेष्ठ, जीवन लामा, बाबुराम गुरुङ, सुकबहादुर लामा, शेरबहादुर परियार र जंगबहादुर लामा निर्वाचित हुनुभएको हो।

# निर्माण व्यवसायी महासंघमा श्रेष्ठ

काठमाडौं, (नेस)



नेपाल निर्माण व्यवसायी महासंघको अध्यक्षमा वर्तमान वरिष्ठ उपाध्यक्ष विष्णुभाई श्रेष्ठलाई पदस्थापन गरिएको छ। महासंघ सचिवालय अनामनगरमा सोमबार बसेको महासंघ कार्य समितिको बैठकले श्रेष्ठलाई अध्यक्षमा पदस्थापन गरेको हो।

गत असोज २३ मा अध्यक्ष शरदकुमार गौचनको हत्या भएपछि श्रेष्ठले कार्यवाहक अध्यक्षको जिम्मेवारी सम्हाल्दै आउनु भएको थियो। सोमबारकै बैठकले वरिष्ठ उपाध्यक्षमा लक्ष्मणकुमार रानालाई पदस्थापन गरेको छ। राना यसअघि महासंघको उपाध्यक्ष हुनुहुन्थ्यो। बैठकले महासंघको २० औं साधारण सभा अगामी फागुन मसान्त सम्म गर्ने निर्णय गरेको छ। यसैबीच गौचनको हत्यारा पत्ता लगाउन सरकार उदासीन रहेको भन्दै महासंघले पुनः दबाबमूलक कार्यक्रम संचालन गर्ने भएको छ। हत्यारा यथाशिघ्र पत्ता लगाई कारबाही गर्न राज्यका निकायलाई दबाब दिने सिलसिलामा महासंघले प्रधानमन्त्रीसहित सबै प्रमुख राजनीतिक दलका नेताहरूलाई पुनः ज्ञापन पत्र बुझाउने भएको छ।

# पर्यटन विकासको प्रतिबद्धता गर्न आग्रह




**नेपाल समाचारपत्र**

काठमाडौं

पर्यटन व्यवसायीले नेपालका सातवटै प्रदेशमा पर्यटन तथा होटल उद्योगको विकासका लागि मुख्य राजनीतिक दलको सामूहिक प्रतिबद्धताको अपेक्षा गरेका छन्। पर्यटन व्यवसायीले आसन्न चुनावका लागि तयार पारिने घोषणापत्रमा पर्यटन व्यवसायलाई विशेष प्राथमिकतासहित उल्लेख गरिदिन आग्रह गरेका थिए। छलफलमा प्रमुख राजनीतिक पार्टीका प्रतिनिधिको पनि सशहभागिता रहेको थियो।

छलफल होटल संघ नेपाल (हान) को पहलमा नेपाल एसोसिएसन अफ टूर एन्ड ट्राभल एजेन्ट्स (नाट्टा), नेपाल पर्वतारोहण संघ (एनएमए) तथा नेपाल एसोसिएसन अफ र्‍याफटिङ एजेन्टस् (नारा) को सहभागिता रहेको थियो।

कार्यक्रममा होटल संघ नेपालका अध्यक्ष अमरमान शाक्यले राजनीतिक नेतृत्वले पर्यटनको महत्व बुझ्केकाले निजी र सरकारी सहकार्यलाई सातैवटा प्रदेशमा विस्तार गरी पर्यटन क्षेत्रलाई प्राथमिकतामा राख्नुपर्ने बताउनुभएको थियो।

उहाँले राज्यले पर्यटनका लागि सही नीति तथा पूर्वाधारमा लगानीको वातावरण तयार गरिदिएमा आफूहरूले जुनसुकै पर्यटकीय स्थलमा लगानी गर्न व्यवसायी तत्पर भएको बताउनुभयो।

उहाँको तीन मुख्य राजनीतिक दलका जिम्मेवार नेताको समुस्थितिमा पर्यटनको विषयलाई अझ गहन र व्यापक रूपमा अगाडि बढाएर नेपालका सात वटै प्रदेशका लागि भावी पर्यटनको दूरदृष्टि र मार्गचित्र कोर्ने जमर्को गरेको बताउनुभयो।

कार्यक्रममा व्यवसायीले पर्यटनको विकास तथा विस्तारमा अन्तर्राष्ट्रिय विमानस्थलको सीमित क्षमता रहेको कारण भैरहवा र पोखरा विमानस्थल जतिसक्दो छिटो निर्माण सम्पन्न गर्नुपर्ने आवश्यकता समेत बताएका थिए। पर्यटक तथा पर्यटन व्यवसायमा स्थानीय र प्रदेश सरकारले कर र शुल्क लगाउँदासमेत सन्तुलित ढंगले कार्यान्वयन गर्नुपर्ने उहाँहरूको माग छ।

कार्यक्रममा माओबादी केन्द्रका सचिवालय सदस्य लीलामणि पोखरेलले पर्यटन व्यवसाय साँच्चै नै दिगो आर्थिक विकासको आधार हुन सक्ने बताउनुभएको थियो। उहाँले होटल तथा पर्यटन व्यवसायीको चासोमा आफ्नो पार्टीको ऐक्यबद्धता रहेको बताउनुभयो। नेपाली कांग्रेसका नेता डा. प्रकाशशरण महतले पर्यटन विकासको विषय नेपाली कांग्रेसको घोषणापत्रमा समावेश गर्ने प्रतिबद्धता जाहेर गर्नुभयो। कार्यक्रमका अर्का वक्ता एमाले पर्यटन विभागका प्रमुख सूर्य थापाले पनि पार्टीले तयार गर्ने चुनावको घोषणापत्रमा पर्यटन विकासको विषय प्राथमिकताका साथ निश्चित लक्ष्य तोकेरै राखिने बताउनुभयो।

# पुँजीगत खर्चमा वृद्धि हुने राष्ट्र बैंकको प्रक्षेपण

**नेपाल समाचारपत्र**

काठमाडौं

नेपाल राष्ट्र बैंकले चालू आर्थिक वर्ष पुँजीगत खर्चमा वृद्धि हुने प्रक्षेपण गरेको छ। प्रतिनिधि सभा र प्रदेशसभाको निर्वाचनले उपभोग खर्चमा वृद्धि हुने तथा हालै कार्यान्वयनमा आएका विभिन्न विधेयकले पुँजीगत खर्च बढाउने अपेक्षा गरिएको छ। राष्ट्र बैंकले आइतबार पछिल्लो २ महिनाको आर्थिक परिदृश्य सार्वजनिक गर्दै उक्त कुरा जनाएको हो।

राष्ट्र बैंकका अनुसार हालै व्यवस्थापिका संसदबाट पारित भएका अन्तर सरकारी वित्त व्यववस्थापन विधेयक, राष्ट्रिय प्राकृतिक स्रोत तथा वित्त आयोग विधेयक र कर्मचारी समायोजन विधेयक पारित भएका कारण नयाँ कानुनी व्यवस्थाले स्थानीयस्तरको पुँजीगत खर्च वृद्धि हुने र देशव्यापी रूपमै आर्थिक क्रियाकलापहरूमा विस्तार हुने अपेक्षा गरिएको छ। पछिल्ला वर्षहरूमा पुँजीगत खर्च नगरेकै कारण मुलुकको आर्थिक वृद्धिदरको सरकारी प्रक्षेपण लक्ष पनि पूरा नहुने अवस्था देखिँदै आएको छ। यस वर्ष पनि निर्वाचन आचार संहिताका कारण आयोजनाहरूले बजेटको अख्तियारी, स्वीकृत, ठेक्कापट्टा लगायतका कामहरू प्रवावित भएका कारण पुँजीगत खर्चमा उल्लेख्य वृद्धि हुन कठिनाई हुने विज्ञहरू बताउँछन्।

आगामी मंसीर १० र २१ गतेको लागि निर्धारण गरिएको प्रतिनिधिसभा र प्रदेशसभा निर्वाचनको आर्थिक गतिविधिमा सकारात्मक प्रभाव पर्ने देखिन्छ। निर्वाचनको कारणले उपभोग खर्चमा वृद्धि हुने, समग्र आन्तरिक माग बढ्ने र यसबाट उपभोक्ता एवं लगानीकर्ताको आत्मबलमा सुधार आई आर्थिक वृद्धि गतिशील हुने राष्ट्र बैंकले जनाएको छ। बाढी र डुबानबाट कृषि उत्पादनमा क्षति पुगेको भएता पनि धानबालीमा भएको क्षति न्यूनीकरण गर्न सरकारबाट चालिएका कदमका साथै पछिल्लो समयमा मनसुनी वर्षा सामान्य रहेकाले कृषि क्षेत्रको वृद्धिमा सहयोग पुग्ने अपेक्षा गरिएको छ।

चालू आर्थिक वर्ष पहिलो दुई महिनाको तथ्यांकमा आधारित आर्थिक परिदृश्यमा ऊर्जा आपूर्तिमा सुधार आएको तथा कच्चा पदार्थको आपूर्ति समेत नियमित रहेकाले उद्योगहरूको क्षमता उपयोगमा विस्तार भएको अनुमान राष्ट्र बैंकले गरेको छ।

साथै केही निर्माण कार्य यही आर्थिक वर्षमा सम्पन्न हुने भएकाले राष्ट्रिय प्रसारणलाइनमा थप विद्युत् जडान हुने र यसबाट औद्योगिक क्षेत्रमा विद्युत् आपूर्ति बढ्ने देखिन्छ। समीक्षा अवधिमा होटल वेड अकुपेन्सी दरमा वृद्धि भएको र होटल बुकिङ एवम् होटल तथा रेष्टुरेन्टको दर्ता उत्साहप्रद रहेकाले पर्यटन क्षेत्रको वृद्धि सन्तोषप्रद हुने अनुमान गरिएको छ।

# पारस खड्का कलश सिमेन्टको ब्रान्ड एम्बेसेडरमा पुनः नियुक्त

काठमाडौं, (नेस)

कलश सिमेन्टको ब्रान्ड एम्बेस्डरमा नेपाली क्रिकेट टिमका कप्तान पारस खडका पुनः नियुक्त हुनुभएको छ। खड्का थप तीन वर्षका लागि ब्रान्ड एम्बेस्डर नियुक्त हुनुभएको हो।

कलश तथा कलश गोल्ड ब्रान्डका सिमेन्ट सिमेन्ट इण्डस्ट्रिज वीरगञ्जद्वारा उत्पादित सिमेन्ट ब्रान्ड हो। करिब १२ वर्षदेखि सिमेन्ट उत्पादन गर्दै आएको कम्पनीले हाल कलश ओपीसी तथा कलश गोल्ड पीपीसी सिमेन्टको उत्पादन तथा बिक्री वितरण गर्दै आएको छ। त्यस्तै नयाँ लेमिनेटेड ब्याग सहितको कलश सुपरसेट ओपिसी सिमेन्ट छिट्टै बजारमा ल्याउने तयारी भइरहेको पनि कम्पनीले जनाएको छ।

यी तीन वटै प्रकारका उत्पादनले नेपाल गुणस्तर चिन्ह प्राप्त गरेको बताइएको छ। साथै कम्पनीले निकट भविष्यमै कलश पीएससी स्ल्याग सिमेन्ट उत्पादनको तयारी पनि गरेको छ। कलश सिमेन्ट चितवन, मकवानपुर, काठमाडौं, जनकपुर, सिरहा, धरान, झापालगायतका स्थानमा उपलब्ध हुँदै आएका छन्।

# भूकम्पपीडितलाई सहुलियतमा काठ उपलब्ध गराउने विषयमा छलफल

**नेपाल समाचारपत्र**

काठमाडौं

राष्ट्रिय पुनर्निर्माण प्राधिकरणले भूकम्प प्रभावित जिल्लामा घर पुनर्निर्माणका बारेमा सरोकारवाला निकायसँग छलफल गरेको छ। प्राधिकरणले पुनर्निर्माणका लागि कसरी सहुलित रूपमा काठ उपलव्ध गराउन सकिन्छ भन्ने विषयमा छलफल गरेको हो।

सोमबार प्रमुख कार्यकारी अधिकृत युवराज भुसालको अध्यक्षतामा बसेको बैठकमा वन मन्त्रालय, वन विभाग र टिम्बर कर्पोरेशनका पदाधिकारीको सहभागिता रहको थियो। सोमवार बसेको बैठकले सहुलियत काठको वितरण सहज बनाउने विषयमा विभिन्न निर्णय गरेको थियो।

छलफलका लागि वन मन्त्रालयका सहसचिव चन्द्रमान डंगोल, वन विभागका महानिर्देशक कृष्णप्रसाद आचार्य र टिम्बर कर्पोरेशनका महाप्रबन्धक राजु लौडारीलाई बोलाइएको थियो।

सोमबार बसेको बैठकले सामुदायिक वन कार्य योजनाको म्याद ३ वर्ष थप गर्न वन तथा भू-संरक्षण मन्त्रालयलाई अनुरोध गर्ने निर्णय गरेको छ। भूकम्पबाट प्रभावित सार्वजनिक तथा निजी आवासको पुनर्निर्माणका लागि आवश्यक काठको उत्पादन हाल न्युन भएकोले यस्तो अनुरोध गर्ने प्राधिकरणले जनाएको छ।

यस्तै पुनर्निर्माणका लागि काठ उपलब्ध गराउने सम्वन्धमा सुझाव पेश गर्न गठित कार्यदलको प्रतिवेदन, २०७३ को प्रभावकारी कार्यन्वयन गर्न पनि प्राधिकरणले वन तथा भू-संरक्षण मन्त्रालयमा अनुरोध गर्ने भएको छ। काठका लागि आधुनिक चिरान मेसिनको व्यवस्था भने टिम्बर कर्पोरेशन नेपालले मिलाउने भएको छ।

भूकम्प पीडित तथा सार्वजनिक पूर्वाधारहरू निर्माणका लागि आवश्यक काठ ढुवानीका लागि आवश्यक परेमा स्थानीय तहहरूमा घुम्ती कोष स्थापना गर्नसंघीय मामिला तथा स्थानीय विकास मन्त्रालयलाई अनुरोध गरिने भएको छ। छलफलले भूकम्प पीडितका आवास चाँडै निर्माण गर्नका लागि प्रभावित जिल्लाका प्रमुख जिल्ला अधिकारीको अध्यक्षतामा रहेको जिल्लागत काठ आपूर्ति समितिलाई अझ सक्रिय बनाउन गृह मंन्त्रालयलाई अनुरोध गर्ने निर्णय पनि गरको छ।

## बाढी प्रभावित क्षेत्र पुनर्निर्माण आयोजना प्रमुखमा कर्ण नियुक्त

काठमाडौं, (नेस)

राष्ट्रिय पुनर्निर्माण प्राधिकरणले बाढीबाट प्रभावित तराईका क्षेत्रहरूको पुनर्निर्माणको आयोजनाको प्रमुखमा डा. सुमन कर्णलाई नियुक्त गरेको छ। प्राधिकरणले नेपाल सरकारको कात्तिक ६ गतेको निर्णय अनुसार कर्णलाई आयोजना इकाइको प्रमुखमा नियुक्त गरेको हो।

सरकारले वर्षाबाट प्रभावित क्षेत्रको पुनर्निर्माणका लागि आवश्यक अध्ययन तथा पुनर्निर्माणको समन्वय गर्न इकाई गठन गर्न प्रधिकरणलाई निर्देशन दिएको थियो। कर्णले उक्त विशेष इकाइको आयोजना प्रमुखका रूपमासोमबारबाट जिम्मेवारी सम्हाल्नुभएको हो।

इकाईले पुनर्निर्माणका लागि आवश्यक अध्ययन गरी नीतिगत व्यस्था मिलाउन र पुनर्निर्माणको समन्वय गर्ने जिम्मेवारी पाएको थियो। प्राधिकरण मातहत रही बाढी पुनर्निर्माणमा समन्वय गर्न आयोजना निर्माण भएको हो। कार्तिक ६ गतेको मन्त्रिपरिषद् बैठकले 'बाढी तथा डुवान प्रभावित क्षेत्रमा पुनर्स्थापना तथा पुनर्निर्माण गराउने विषयको अध्ययन, नीतिगत सम्बोधन र पुनर्निर्माणको समन्वय गर्न राष्ट्रिय पुनर्निर्माण प्राधिकरण भित्र गठन गरिने विशेष इकाईको गर्ने' निर्णय गरेको थियो।

डा. कर्णले यसअघि प्राधिकरणमा विशेष सल्लाहकारका रूपमा काम गर्नु भएको छ। सहरी विकासमा विद्यावारिधि गर्नु भएका कर्णसँग संयुक्त राष्ट्रसंघमा आबद्ध भई इराक, सुडान, अफगानिस्तान, जोर्डनमा पुनर्निर्माण तथा विकाससम्बन्धी कार्य गरेको अनुभव छ।

# एक वर्षमा आठ सय टियागो बिक्री

काठमाडौं, (नेस)

सिप्रदी ट्रेडिङले विगत एक वर्षमा ८ सयभन्दा बढी 'टाटा टियागो' बिक्री गरेको छ। हरेक महिना टियागो बिक्री संख्या उल्लेखनीय रूपमा बढिरहको कम्पनीले जनाएको छ। टियागो कम मूल्यमा अधिकतम विषेशत प्रदान गर्ने गाडी हो। टियागोका यस्तै अन्य विषेशताले नेपाली ग्राहकले अत्याधिक रूपमा रुचाइएको कम्पनीले जनाएको छ।

टाटाका कार खरिद गर्दा पैसाको साँच्चै नै अधिकतम उपयोग हुन्छ। टाटा टियागोले यसलाई एक कदम अगाडि बढाएको छ। यो हयाच ब्याक प्रिमियम देखिन्छ। तथापि, पेट्रोल भर्जनको मूल्य २२ लाख ५५ हजार रुपियाँबाट शुरू हुन्छ। टियागोले उक्त मूल्यमा कनेक्ट नेक्स्ट नेभिगेशन तथा ८ स्पीकर सिस्टमसहितको इन्फोटेन्मन्ट, मल्टी ड्राइभको सुविधालगायत धेरै विशेषता प्रदान गरेको छ। टियागो २ सय ४० लिटरको सबैभन्दा बढी क्षमता भएको बुट स्पेशले पनि सम्पन्न छ।

त्यस्तै टियागो आकर्षक स्वरूपले ग्राहकवर्गको मन जितेको कम्पनीले जनाएको छ। गाडीको रियर स्पोइलर, ठूलो हेडल्याम्प एवम् पछाडिको ल्याम्पमा ब्ल्याक एसेन्टको अतुलनीय विशेषता छ। स्पोटी एवम् क्लासिक पनि देखिने टियागोको प्रमुख लक्षित गाहकवर्ग युवाहरू हुन्।

त्यस्तै टियागो आफ्नो श्रेणीमा सबैभन्दा कम इन्धन खपत गर्ने गाडी हो। ८४ बीएचपी ११४ एनएम शक्ति प्रदान गर्ने १२ लिटर पेट्रोल इन्जिन भएको टियागोले प्रतिलिटर २३ दशमलव ८४ किलोमिटर सुनिश्चित गर्छ।

# फेडेररलाई यो वर्ष सातौं उपाधि

लन्डन, (एजेन्सी)

स्विजरल्यान्डका रोजर फेडेररले अर्जेन्टिनाका हुआन मार्टिन डेल पोट्रोलाई हराएर स्विस इन्डोर्स टेनिसको उपाधि जितेका छन्।

यो उपाधि जिते पनि फेडेररले आगामी साता हुने पेरिस मास्टर्सबाट नाम फिर्ता लिएर वर्षको अन्त्यमा विश्व नम्बर एक हुने अवसर गुमाए। फेडेररले डेल पोट्रोलाई ६-७, ६-४, ६-३ ले हराएर विश्व नम्बर एक राफाल नाडालसँग अंकदूरी छोट्याएका थिए। तर, ३६ वर्षीय खेलाडीले आगामी प्रतियोगितामा नखेल्ने भएपछि नाडाललाई राहतसमेत मिलेको सञ्चारमाध्यमले जनाएको थियो। बसेलमा पाएको सो उपाधि फेडेररको आठौं हो भने यस वर्षमा उनले जितेको सातौं उपाधि थियो। डेल पोट्रोले गत साता स्टकहोममा उपाधि जितेर लगातार अर्को उपाधि जित्ने लक्ष्य लिएका थिए। तर, १९ ग्रान्डस्लाम उपाधिका धनी फेडेररविरुद्ध उनले पहिलो सेट जितेर पनि खेल गुमाउन पुगे।

ब्रेकरमा यो उपाधिसँगै फेडेररले करिअरमा ९५ उपाधि जितेका छन्। पुरुष सिंगल्सतर्फ सर्वाधिक उपाधि जित्ने सूचीमा अमेरिकाका जिमी कोनर्स अग्रस्थानमा छन्। ७०, ८० दसकका खेलाडी कोनर्सले कुल १ सय ९ उपाधि जितेका छन्।



स्विस इन्डोर्स टेनिसको ट्रफीका साथ रोजर फेडेरर। तस्वीर : एजेन्सी

# यु-१४ रेन्किङ टेनिस शुरू

नेपाल समाचारपत्र

काठमाडौं

अखिल नेपाल लन टेनिस संघको आयोजनामा केसा ग्रुप एनएलटीए एसियन यु-१४ रेन्किङ टेनिस प्रतियोगिता सोमबारबाट सातदोबाटो टेनिस कम्प्लेक्समा शुरु भएको छ।

प्रतियोगिताअन्तर्गत पहिलो दिन ब्वाइज सिंगल्सतर्फ नेपालका आदित्य सुवेदीले नेपालकै अकी जुबेन रावतलाई ३-६, ६-२, ६-४ ले हराएर विजयी शुरुआत गरे। पहिलो चरणका अन्य खेलमा नेपालका प्रणव मानन्धरले आफ्नै राष्ट्रका आदित सुवेदीलाई ६-१, ६-० ले हराएका थिए। गर्ल्स सिंगल्सतर्फ प्रकृति श्रेष्ठको सामना नेपालकै इशाश्री शाहसँग भएको थियो। जसमा प्रकृतिले ६-३, ६-३ को नतिजा निकालिन्। अर्को खेलमा नेपालकी स्नेहा यादवले नेपालकै निमिशा ढकाललाई ६-२, ६-३ ले हराएकी थिइन्।

एसियाली टेनिस महासंघको सहयोगमा जारी प्रतियोगितामा नेपाली ९ पुरुष र १३ महिला खेलाडीको सहभागिता रहेको छ। प्रतियोगितामा व्यक्तिगततर्फ पहिलो, दोस्रो, तेस्रो र चौथो हुनेले क्रमशः २ सय, १ सय ३३, १ सय र ८० अंक प्राप्त गर्नेछन् भने ३२औं स्थानसम्म रहेका खेलाडीले एक अंक प्राप्त गर्नेछन्। यस्तै जोडीतर्फ पहिलो, दोस्रो, तेस्रो र चौथो हुने जोडीले क्रमशः २ सय, १ सय २०, ८० र ४० अंक प्राप्त गर्नेछन्। अन्य खेलाडीले अंक प्राप्त गर्ने छैनन्।



आदित्य सुवेदीविरुद्ध बल प्रहार गर्दै अकी जुबेन। तस्वीरः उजोल डंगोल/काठमाडौं

## धरहरा

### नयाँ शैली



प्रदेश र केन्द्रको निर्वाचनको मिति तोकिएसँगै तातिएको मुलुकको राजनीतिक माहोल हरेक दिन तातिने क्रममा छ। एमाले र माओवादीबीचको वाम गठबन्धन, अनि त्यसपछि कांग्रेसले अघि बढाएको लोकतान्त्रिक गठबन्धनको पहलपछि त झनै पार्टी परित्याग गर्नेहरूको लहर बढेको छ। स-सना पार्टी आफ्नो रोजाइका गठबन्धनमा विलय हुने क्रम जारी छ भने नाम चलेका नेताहरू राम्रै पदको दाबी गर्दै फूलमाला र अबिर पहिरिएर एक-अर्को पार्टी प्रवेश गरिरहेका छन्।

आज एउटा पार्टीमा भोलि अर्कैमा। यस्तो देख्दा धरहराले पुरानो उखान स्मरण गर्न थाल्या छ- 'छन् गेडी सबै मेरी, छैनन् गेडी सबै टेडी।' तर, आइतबार चौधरी थरका मुलुककै एक्ला अर्बपति कांग्रेसको समानुपातिक सूचीमा प्राथमिकताका साथ परेको सुन्दा यो उखान समयसापेक्ष भएन कि भन्ने लाग्या छ। विगतमा एमालेका सभासद् रहेका चौधरी कांग्रेसतर्फ ढल्किएपछि राजनीतिक शक्ति केन्द्र मात्र होइन, समग्र उद्योग वाणिज्य क्षेत्रमा समेत तरंग छाएको छ।

यस्तो खबरसँगै सोमबार धेरैतर्फ चर्चा सुनियो- 'पार्टी बदल्नु त चौधरी जस्तो, खुसुक्क कित्ता फेरेपछि किन चाहियो फूलमाला र अबिर ?' गत महिना गुपचुपमा एमाले-माओवादी वाम गठबन्धन बनेपछि उनले पनि त्यस्तै शैली अपनाएका हुन् कि भन्ने धरहरालाई लाग्या छ।

# मिडियाकप फुटसल मंसिरमा हुने

पोखरा, (नेस)। पोखरामा मंसिरको पहिलो साता 'मिडियाकप फुटसल-२०७४' प्रतियोगिता हुने भएको छ। बैदाम केवल नेटवर्क प्रालिद्वारा सञ्चालित पोखरा टेलिभिजनको आयोजनामा 'प्रथम मिडिया कप फुटसल प्रतियोगिता' हुने भएको हो। मंसिर ६ र ७ गते पोखराको रानीपौवास्थित रानीपौवा स्पोर्टस सेन्टरमा हुने प्रतियोगितामा २० टिमको सहभागिता रहने विश्वास आयोजकले लिएका छन्। प्रतियोगिताको विजेतालाई १५ हजार र खसी, उपविजेतालाई नगद १० हजार प्रदान गरिनेछ।

# पदक विजेता पावरलिफ्टिङ टोली फर्कियो

काठमाडौं, (नेस)

भारतको नयाँदिल्लीमा आयोजना भएको विश्व पावरलिफ्टिङ च्याम्पियनसिप २०१७ मा पदक हात पारेका नेपाली पावरलिफ्टिङ टोली सोमबार स्वदेश फर्केको छ। ९० केजी तौलमा बुद्धिजंग कार्कीले स्वर्ण प्राप्त गरे।

त्यस्तै ज्ञानेन्द्र नकर्मी र रोजिन नकर्मीले क्रमशः रजत र कांस्य प्राप्त गर्दै बाबुछोराले एकै च्याम्पियनसिपमा पदक प्राप्त गर्ने इतिहास रचेका थिए। प्रशिक्षक तथा खेलाडी ज्ञानेन्द्रले मास्टरतर्फ र रोजिनले १९ वर्षमुनिको सब जुनियरमा कांस्य पदक जितेका थिए। विजयी खेलाडीहरूलाई अन्तर्राष्ट्रिय विमानस्थलमा नेपाल शारीरिक सुगठन तथा फिटनेस संघका महासचिव राजन श्रेष्ठलगायतले भव्य स्वागत गरेका थिए।

# नेयमार र मेसीको आतंकित तस्वीर

लन्डन, (एजेन्सी)

ब्रिटेनको दैनिक पत्रिका 'द सन' ले आतंककारी समूह इस्लामिक स्टेट (आईएस) ले २०१८ को फिफा विश्वकपलाई लक्षित गरी विश्वप्रसिद्ध फुटबल स्टार लियोनल मेसी र नेयमारलाई कारबाही गरेको तस्वीर सार्वजनिक गरेको छ।

प्रतियोगिताको सुरक्षासम्बन्धी प्रश्न उठिरहँदा आईएसको इस्लामिक स्टेट मिडिया फाउन्डेसनद्वारा फोटोसप गरिएको उक्त तस्वीर सार्वजनिक गरेर विश्व फुटबललाई नै आतंकित पारेको सो अखबारले जनाएको छ।

उक्त तस्वीरमा मेसीको टाउको काटिएको र आईएसको झण्डा छेउमा लडिरहेको देखाइएको छ भने घुँडा टेकाएर नेयमारलाई बन्धक बनाइएको छ। साथै मुस्लिम देशहरू सुरक्षित नभएसम्म कतै सुरक्षित नहुने आईएसको पोस्टर देखाइएको छ। उक्त विषयमा चिन्ता व्यक्त गर्दै अर्जेन्टिनी फुटबल संघका अध्यक्ष क्लाउडियो टापियाले रसियासँग सुरक्षासम्बन्धी छलफल पनि गरेका छन्।

यसअघि आईएसले मेसीलाई जेलभित्र राखिएको तथा फ्रेन्च प्रशिक्षक डिडियर डेसक्याम्पमाथि बन्दुक तेर्साइएको तस्वीर सार्वजनिक गरेको थियो। २०१८ को विश्वकप प्रतियोगितास्थल रहेको भोल्गोग्राड एरिनामा एक आईएस लडाकू बमसहित उभिएको तस्वीर पनि विश्वकपलाई लक्षित गरेर आईएसले सार्वजनिक गरेको थियो।

# रियल र बार्सिलोनाको दूरी बढ्दै

मेड्रिड, (एजेन्सी)

स्पेनिस ला लिगाको डिफेन्डिङ च्याम्पियन रियल मेड्रिड जिरोनासँग पराजित हुँदा रियल र बार्सिलोनाबीच अंकदूरी फराकिलो भएको छ।

ला लिगाअन्तर्गत आइतबार राति भएको खेलमा रियल मेड्रिडलाई जिरोनाले २-१ ले हराएको हो। एक गोलले अघि रहे पनि अग्रतालाई जोगाउन नसक्दा रियलले ३ अंक गुमाउनुपरेको थियो। रियल मेड्रिडले खेलको १२औं मिनेटमा नै अग्रता लिन सफल भएको थियो। रिबाउन्ड भएको क्रिस्टियानो रोनाल्डोको प्रहारलाई इस्कोले जिरोनाको गोलपोस्टको जाली चुमाएका थिए।

यता पहिलो हाफसम्म १-० ले पछि परेको अवस्थालाई उल्ट्याउँदै जिरोनाले २ गोल फर्काउन सफल भयो। खेलको ५४औं मिनेटमा स्ट्राइकर क्रिस्टियन स्टुवानिले गोल गर्दै घरेलु टोली जिरोनालाई खेलमा फर्काएका थिए। त्यसको ४ मिनेटपछि नै जिरोनाले विजयी गोल गऱ्यो। पाब्लो माफियोको पासमा क्रिस्टियन पोर्टुले गोल गर्दै बलियो प्रतिद्वन्द्वी रियलविरुद्ध जिरोनालाई महत्त्वपूर्ण जित दिलाए।

जितसँगै १० खेलमा १२ अंकका साथ जिरोना ११औं स्थानमा उक्लेको छ। रियल भने १० खेलमा २० अंकसहित तालिकाको तेस्रो स्थानमा रहेको छ। यो नतिजापछि रियलमाथि शीर्ष टोली बार्सिलोनाले ८ अंकको अग्रता बनाएको छ।



क्रिस्टियन पोर्टु गोल गरेपछि खुसी मनाउँदै। तस्वीरः एजेन्सी

ला लिगाअन्तर्गत आइतबारै भएको अन्य खेलहरूमा गेटाफेले रियल सोसिडाड र मालागाले सेल्टा भिगोलाई समान २-१ ले हराउँदा एइबर र लेभान्तेले २-२ गोलको बराबरी खेल्दै अंक बाँडेका छन्।








जग्गा बिक्रीमा




स्कूल, कलेज, डिपार्टमेन्टल स्टोर, नर्सिङ होम, सिनेमाहल, गाडी सर्भिसिङ सेन्टर आदिका लागि अत्यन्त उपयोगी काठमाडौंको मध्यभागमा रहेको नक्सांकनअनुसार जग्गाको दुईतर्फी बाटो भएको ५ रोपनी जग्गा बिक्रीमा छ। आवश्यक र खरीदगर्न इच्छुक व्यक्तिले मात्र सीधै सम्पर्क गर्नुहोला।
सम्पर्क नं. ९८४१३१४७८१





कामना न्यूज पब्लिकेसन्स् प्रालिद्वारा प्रकाशित कार्यालयः कामना प्लाजा, भीमसेनस्थान, काठमाडौं, पो.ब.नं. २०४५, फोनः ४-२६११७९, फ्याक्सः ४-२१८९९०, Email: nepalsamacharpatra@gmail.com प्रमुख कार्यकारी अधिकृत तथा प्रबन्ध सम्पादकः दिरेकलाल श्रेष्ठ, प्रधान सम्पादकः पुष्करलाल श्रेष्ठ